# *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा पदवर्गको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवनको

स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

शोधपत्र


शोधार्थी

हरिनारायण सापकोटा

शैक्षिक सत्र : २०७३-७५

त्रि.वि. दर्ता नं. : ६- ३-१९-१०५१-२०१५

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन


२०७९/सन् २०२३

# प्रतिबद्धतापत्र

स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयअन्तर्गत दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका निम्ति तयार गरिएको प्रस्तुत '*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा पदवर्गको अध्ययन' शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जे-जसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी प्रतिबद्धता व्यक्त गर्दछु ।

..................................

हरिनारायण सापकोटा

मिति : २०७९/१०/०९

२०२३, जनवरी २३

# त्रिभुवन विश्वविद्यालय

## वीरेन्द्र बहुमुखी क्याम्पस
## मानविकी तथा सामाजिकशास्त्र सङ्काय
## नेपाली विभाग
## भरतपुर, चितवन

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह, दोस्रो वर्षका छात्र हरिनारायण सापकोटाले त्रिभुवन विश्वविद्यालय, नेपाली विषयको स्नातकोत्तर तह (एम.ए.) द्वितीय वर्षको पाठ्यांश, दसौँ पत्रको परिपूर्तिका लागि प्रस्तुत गर्नुभएको '*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा पदवर्गको अध्ययन' शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

### मूल्याङ्कन समिति

भवनाथ सडौला ____________
सहप्राध्यापक तथा विभागीय प्रमुख — हस्ताक्षर

दामोदर रिजाल ____________
सहप्राध्यापक तथा शोधनिर्देशक — हस्ताक्षर

सह-प्रा.डा. एकनारायण पौडेल ____________
सहप्राध्यापक तथा बाह्य परीक्षक — हस्ताक्षर

मिति : २०७९/१०/१५

२०२३, जनवरी २९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह, दोस्रो वर्षका शोधार्थी छात्र हरिनारायण सापकोटाले '*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा पदवर्गको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गर्नुभएको हो । विषयवस्तुको गहन अध्ययन र विश्लेषण गरी निकै लगनसाथ तयार पारिएको यस शोधपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७९/१०/१२

२०२३, जनवरी २६

....................................

दामोदर रिजाल

सहप्राध्यापक

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन


'*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा पदवर्गको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह, दोस्रो वर्ष, दसौँ पत्रको प्रयोजनका लागि तयार गरेको हुँ । सहप्राध्यापक दामोदर रिजालको निर्देशनमा यो शोधपत्र तयार पारेको हुँ । सम्पूर्ण सहयोगका साथै कुशल मार्ग निर्देशन प्रदान गरेर शोधलेखन सम्पन्न गर्नका लागि उच्च र उल्लेखनीय भूमिका निर्वाह गर्नुहुने गुरु दामोदर रिजालज्यूप्रति म श्रद्धापूर्वक हार्दिक कृतज्ञता जाहेर गर्दछु ।

यो शोधपत्र तयार गर्न आवश्यक सहयोग र सुझाव प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागका पूर्वप्रमुख समादरणीय गुरु प्रा.डा. होमनाथ सापकोटा, वर्तमान नेपाली विभागका प्रमुख सहप्राध्यापक भवनाथ सडौला एवम् अन्य गुरुहरूवर्गहरू ज-जसले यस शोधकार्य गर्न प्रत्यक्ष वा परोक्ष सहयोग पुऱ्याउनुहुने भयो उहाँहरूप्रति पनि हार्दिक कृतज्ञता समर्पण गर्दछु ।

यो शोधपत्र तयार गर्न आवश्यक सहयोग, सुझाव र आवश्यक सामग्री प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय प्रमुख एवम् शोधनायक पुष्प अधिकारी 'अञ्जली' लगायतका सम्पूर्ण पुस्तकालय परिवारप्रति पनि हार्दिक कृतज्ञता समर्पण गर्दछु ।

यसै गरेर यो शोधपत्रको तयारीका क्रममा मलाई विविध पक्षबाट सहयोग गर्नुहुने मेरी आमा देवकली सापकोटा, भरतपुर क्यान्सर हस्पिटलका वरिष्ट चिकित्सक विवेक कण्डेल र उहाँका भाइहरू विज्ञान कण्डेल, अमृत कण्डेल, बालकुमारी कलेज र पुस्तकालय परिवार, आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नुहुने मित्रहरुका साथै यस शोधकार्यका निम्ति ज-जसका सृजनात्मक तथा समालोचनात्मक कृतिहरू अध्ययन गरिएका छन् तिनका लेखक/स्रष्टाहरू पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा यो शोधपत्र मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७९/१०/०९
२०२३, जनवरी २३

शोधार्थी
हरिनारायण सापकोटा
वीरेन्द्र बहुमुखी क्याम्पस

# शोधसार

'*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा पदवर्गको अध्ययन' यो शोधपत्र स्नातकोत्तर तह, दोस्रो वर्षको निर्दिष्ट पाठ्यांश परिपूर्तिका लागि तयार पारिएको हुनाले प्रचलित व्याकरणिक नियमअनुसार पदवर्गको अध्ययनमा केन्द्रित रहेको छ । यसलाई पाँच परिच्छेदमा व्यवस्थित गरिएको छ ।

परिच्छेद एकमा शोधपरिचयअर्न्तगत विषयपरिचय, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, शोधविधि, सामग्री सङ्कलनविधि र शोधकार्यको रूपरेखाको सङ्क्षिप्त विवरण रहेका छन् ।

परिच्छेद दुईमा पदवर्गहरूको सैद्धान्तिक स्वरूपको परिचयका साथ पदवर्गहरूका विभिन्न प्रकारहरूको परिचय दिइएको छ ।

परिच्छेद तीनमा *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त लेख्य पदवर्गहरूको अध्ययनमा यसअन्तर्गत प्रस्तुत सङ्ग्रहमा प्रयुक्त पदवर्गीय शब्दहरूलाई वर्णानुक्रममा सङ्कलन गरी उपशीर्षकमा व्यवस्थापन गरिएको छ ।

परिच्छेद चारमा *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय अध्ययनमा प्रस्तुत कृतिमा प्रयोग भएका शब्दहरूको श्रोत, पदवर्गहरूको सैद्धान्तिक स्वरूपअनुसार पदवर्गहरूलाई छुट्याइै चिनाउने प्रयासका साथै पदवर्गहरूले अभिव्यक्त गर्न खोजेका सामाजिक, राजनैतिक, सांस्कृतिक, धार्मिक विषयवस्तुहरूका साथै प्रत्येक गजलमा अभिव्यक्त भएका विषयवस्तुहरूलाई खुट्याउनुका साथै यस परिच्छेदमा पदवर्गीय स्वरूपका आधारमा पदहरूको चर्चा गर्दै यसको योगदान निर्धारण गरिएको छ ।

परिच्छेद पाँचलाई 'उपसंहार तथा निष्कर्ष' शीर्षक दिई कृतिका सबै कार्यहरूको विवरण सङ्क्षिप्तरूपमा दिएको छ । अन्त्यमा यस शोधपत्रको लेखन र सत्यापनमा प्रयुक्त पुस्तक, पत्रपत्रिका, शोधलेख र शोधप्रबन्धको सान्दर्भिकताअर्न्तगत प्रस्तुत गरेर साङ्गोपाङ्ग रूपमा प्रस्तुत गरिएको छ ।

शोधार्थी

हरिनारायण सापकोटा

वीरेन्द्र बहुमुखी क्याम्पस

# विषयसूची


प्रथम परिच्छेद : शोधपरिचय

१.१ विषयपरिचय १

१.२ समस्याकथन १

१.३ उद्देश्यकथन २

१.४ पूर्वकार्यको विवरण र समीक्षा २

१.५ शोधको औचित्य र महत्त्व ३

१.६ शोधकार्यको क्षेत्र र सीमा ३

१.७ सामग्री सङ्कलनविधि ३

१.७.१ शोधविधि ३

१.७.२ सामग्री सङ्कलनविधि ३

१.१० शोधकार्यको रूपरेखा ४

द्वितीय परिच्छेद : पदवर्गको सैद्धान्तिक स्वरूप

२.१ विषयपरिचय ६

२.२ वैदिककालीन पदवर्गको चिन्तन ७

२.३ पाणिनीय परम्परामा पदवर्गको चिन्तन ७

२.४ विश्वनाथका मतमा पदसम्बन्धी अवधारणा ८

२.५ पदवर्गको निर्धारण र पदवर्गका प्रकारहरू ८

२.६ पदवर्गका आधारहरू ९

२.६.१ अर्थका आधारमा पदवर्ग ९

२.६.२ संरचनाको आधारमा पदवर्गको अध्ययन १०

२.६.७ कार्यका आधारमा पदवर्ग १०

२.६.८ स्रोतका आधारमा पदवर्ग ११

२.७ पदवर्गको वर्गीकरण ११

२.७.१ नाम १२

२.७.२ सर्वनाम १३

२.७.३ विशेषण १४

२.७.४ क्रिया १५

२.७.५ क्रियायोगी १८

२.७.६ नामयोगी १९
२.७.७ संयोजक २१
२.७.८ निपात २२
२.७.९ विस्मयादिबोधक २२
२.८ निष्कर्ष २५

तृतीय परिच्छेद : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त पदवर्ग
३.१ विषय परिचय २६
३.२ नाम पदवर्ग २९
३.३ सर्वनाम पदवर्ग २९
३.४ विशेषण पदवर्ग २९
३.५ क्रियापद ३२
३.६ क्रियाविशेषण पदवर्ग ३४
३.७ संयोजक पदवर्ग ३७
३.८ नामयोगी पदवर्ग ३७
३.९ निपात पदवर्ग ३७
३.१० विस्मयादिबोधक पदवर्ग ३७
३.११ निष्कर्ष ३७

चतुर्थ परिच्छेद : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय अध्ययन र योगदान
४.१ विषयपरिचय ३८
४.२ *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय अध्ययन ३८
४.३ *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय योगदान ८५
४.४ निष्कर्ष ९६

पञ्चम परिच्छेद : उपसंहार तथा निष्कर्ष
५.१ विषयपरिचय ९७
५.२ उपसंहार ९७
५.३ समग्र निष्कर्ष ९८
सन्दर्भ ग्रन्थसूची

# सङ्क्षेपीकृत शब्दसूची

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार रहेको छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| इ.सं. | इस्वी संवत् |
| एम.ए | मास्टर अफ आर्ट्स |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.संस्क. | चौथो संस्करण |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |

# चिह्नप्रयोग तथा सङ्केताक्षरसूची

प्रस्तुत शोधपत्रमा निम्नलिखित चिह्न र सङ्केतको प्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | प्रत्यक्ष उक्ति/उद्धरण |
| ....... | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ! | विश्मयाधिबोधक |
| - | योजक |
| / | विकल्प तथा पर्याय |
| ‘ ’ | शीर्षक जनाउँदा तथा विशेष जोड दिँदा |
| : | पृष्ठ सङ्ख्याबिचको सङ्केत |
| ( ) | सम्बद्ध विशेष टिप्पणी |

# तालिकासूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ : | गजलसङ्ग्रहमा प्रयुक्त नाम पदवर्गका शब्दहरू | २६ |
| २ : | गजलसङ्ग्रहमा प्रयुक्त सर्वनाम पदवर्गका शब्दहरू | २९ |
| ३ : | गजलसङ्ग्रहमा प्रयुक्त विशेषण पदवर्गका शब्दहरू | २९ |
| ४ : | गजलसङ्ग्रहमा प्रयुक्त क्रियापद पदवर्गका शब्दहरू | ३२ |
| ५ : | गजलसङ्ग्रहमा प्रयुक्त क्रियाविशेषण पदवर्गका शब्दहरू | ३४ |
| ६ : | गजलसङ्ग्रहमा प्रयुक्त संयोजक पदवर्गका शब्दहरू | ३७ |

प्रथम परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहका रचयिता पुष्प अधिकारी 'अन्जली' हुन् । यिनको जन्म चितवन जिल्लाअन्तर्गत चैनपुर गा.वि.स. वडा नं. ८ मा २०२३ सालमा पिता झपनबहादुर अधिकारी र माता वेदकुमारी अधिकारीका गर्भबाट पाँचौं सन्तानका रूपमा भएको हो । २०४४ सालमा 'मेरो माटो मेरो मुटु' शीर्षकको बालकविता लेखेर साहित्यिक फाँटमा देखापरेका यिनले गजलका अतिरिक्त कथा, निबन्ध, नियात्रा, हाइकू, गीतजस्ता विधाहरूमा पनि कलम चलाएको पाइन्छ । आफ्ना भावनालाई विविध पक्षमा पोखेर सबै क्षेत्र र पक्षका पाठकलाई आफूतिर तान्न सक्ने खुबी भएका अञ्जलीको सबैभन्दा प्रिय लेखनविधा गजल नै हो । यिनी यथार्थवादी-प्रगतिवादी गजलकार हुन् र यिनका गजलहरूमा सांस्कृतिक दृष्टिकोण, नारीवादी दृष्टिकोण, सामाजिक दृष्टिकोण, आन्तरिक समाज र आप्रवासिक दृष्टिकोणजस्ता विविध दृष्टिकोणहरू प्रस्तुत भएका छन् । *वाह ! काठमाण्डु* गजलसङ्ग्रह मूलतः यथार्थवादी, सामाजिक पक्षका विषयवस्तु लेखिएको गजलसङ्ग्रह हो । यसमा सङ्कलित गजलहरूमा जातीय विभेद, आर्थिक विषमता, शोषणको विरोध, शोषित-पीडितहरूका न्यायपूर्ण मागजस्ता पक्षहरूलाई अभिव्यक्त दिइएको छ । साथै देशको राजधानी काठमाडौँका वासिन्दाहरूको विवशता, त्यहाँको विषाक्त वातावरण, देशभक्तिको भाव, युवायुवतीका प्रेमालापहरू पनि यसका विषयवस्तु बनेका छन् । नाम, सर्वनाम, विशेषण आदि पदवर्ग तथा तत्सम, तद्भव र आगन्तुकजस्ता शब्दस्रोतले वैशिष्ट्ययुक्त गजलसङ्ग्रहको पदवर्गीय अध्ययन हुन नसकेकाले प्रस्तुत शोधकार्यमा '*वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय अध्ययन' शीर्षक छनोट गरी यस कृतिको अध्ययन सम्पन्न गरिएको छ ।

## १.२ समस्याकथन

शोधकार्यमा चयन गरिएको शोधशीर्षकअन्तर्गत मुख्यमुख्य समस्या वा प्रश्नहरूको प्रस्तुति समस्याकथन हो । यसरी कुनै पनि शोधकार्य समस्यामा आधारित हुने भएकाले ती समस्याहरूलाई सङ्केत गर्नु अनिवार्य हुन्छ । प्रस्तुत शोधकार्यको शीर्षकका सेरोफेरोमा आधारित रहेर यहाँ निम्नलिखित समस्याहरूलाई प्रस्तुत गरिएको छ :

(क) पदवर्गको सैद्धान्तिक आधार के हो ?

(ख) *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा के-कस्ता पदवर्ग रहेका छन् ?

(ग) *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय योगदान के-कस्तो रहेको छ ?

यिनै समस्यामा केन्द्रित भई यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.३ उद्देश्यकथन

मानवसमाजमा उद्देश्यबिनाको कुनै कार्य हुँदैन तसर्थ शोधकार्यको पनि उद्देश्य हुन्छ । समस्याकथनमा उठेका समस्याहरूमा केन्द्रित रहेर त्यसको समाधानको बाटो तय गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ । समस्याकथनमा उठेका समस्याहरूलाई यस शोधकार्यको उद्देश्यअनुसार निम्नलिखित बुदाँहरू अवलम्बन गरी शोधसमस्याको समाधान खोजिएको छ :

(क) पदवर्गका सैद्धान्तिक अवधारणा प्रस्तुत गर्नु,

(ख) *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा रहेका पदवर्गहरूको अभिरेखाङ्कन गर्नु,

(ग) *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय योगदानको मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यमा केन्द्रित भई यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

शोधकार्य गर्दा सम्बन्धित विषयमा के-कति खोज तथा अनुसन्धान भएका छन् सो कुरा शोधार्थीले बुझ्नु जरुरी हुने भएकाले यस शोधकार्यसँग सम्बन्धित विषयमा भएका खोज तथा अनुसन्धानमूलक कार्यलाई पूर्वकार्यका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत पूर्वकार्यहरूले यस शोधकार्यलाई वस्तुनिष्ट, तथ्यपरक र वैज्ञानिक बनाउन सहयोग पुऱ्याएका छन् । आजसम्म यस कृतिका सम्बन्धमा भएका पूर्वकार्यहरूलाई कालक्रमिक रूपले यहाँ प्रस्तुत गरिएको छ :

मतिप्रसाद ढकाल (२०७२) ले “हाइ हाइ मोफसल वाइवाइ काठमाण्डु” शीर्षकमा काठमाडौँ सहरको छाती दह्रो रहेको, विश्वासघातीका रूपमा त्यसले नाम कमाएको, त्यहाँ खिचातानी र विश्वासघातका खेलहरू हुने गरेको भन्दै *वाह ! काठमाण्डु* गजलसङ्ग्रहभित्रका गजलहरूले यिनै विषयलाई अभिव्यक्ति दिएको चर्चा गरेका छन् (पृ. १३-१४) ।

विजयराज ज्ञवाली (२०७१) ले “शुभकामना मोफसलको” शीर्षकमा म र मेराबाहेक अन्य बिम्बहरूले काठमाडौँमा मिठास दिन नसकेको, हरेक नेपाली त्यस ठाउँबाट प्रभावित भएको र त्यहाँ अनेकप्रकारका विसङ्गति मौलाएको चर्चा गर्दै *वाह ! काठमाण्डु* नामक

गजलसङ्ग्रहका रचनाकार पुष्प अधिकारी 'अञ्जली' ले समसामयिक नेपाली परिवेशका यिनै विषयवस्तुलाई सुन्दर संयोजन गरेर गजल लेखेको कुरा उल्लेख गरेका छन् (पृ. ध-न) ।

वाह ! काठमाण्डु गजलसङ्ग्रहका रचनाकार पुष्प अधिकारी 'अञ्जली' (२०७१) ले "आफ्नो गजलको आफ्नै भूमिका" शीर्षकमा काठमाडौँको विकृत र गन्दगीयुक्त वातावरणलाई सच्याउन सबै नागरिक जागरुक हुनुपर्ने भन्दै त्यहाँ दरिद्रता, मानवीय संवेदनहीनताको पराकाष्ठा रहेको कुरालाई आफूले गजलमा अभिव्यक्ति दिएको स्वीकार गरेका छन् र स्वार्थी र विवेक हराएका मान्छेहरूको चेतना ब्युँउभ्काउनुपर्ने सुझावसमेत गजलमा अभिव्यक्त गरेको उल्लेख गरेका छन् (पृ. ञ-ट) ।

अरूणबहादुर खत्री (२०७६) ले *वाह ! काठमाण्डु* गजलसङ्ग्रह २०७१ सालमा प्रकाशित भएको र यसभित्रका गजलहरूले संयोग र वियोगयुक्त प्रेमलाई विषयवस्तु बनाएको चर्चा गर्दै काठमाडौँको वास्तविकता र देशभक्तिको भावलाई समेत अभिव्यक्ति दिएको कुरा उल्लेख गरेका छन् (पृ. ?) ।

द्वारिका नेपाल (२०७१) ले "समकालीन समयको फेहरिस्त : *वाह ! काठमाण्डु* गजलसङ्ग्रह" शीर्षकको लेखमा राष्ट्रप्रेम, जातिप्रेम, वैदेशिक रोजगारी, शृङ्गार, विसङ्गति र क्रान्तिजस्ता विषयवस्तुलाई गजलसङ्ग्रहभित्रका गजलहरूले अभिव्यक्ति दिएको चर्चा गर्दै मानवतावाद र अध्यात्मवाद समाप्त भएको काठमाडौँको चित्रण गरेका छन् भन्ने आफ्नो टिप्पणी लेखेका छन् (पृ. ?) ।

अञ्जान बिर्खे (२० ?) ले "समसामयिक नेपाली गजल ..." शीर्षक लेखमा *वाह ! काठमाण्डु* गजलसङ्ग्रहका रचनाकार पुष्प अधिकारीलाई आधुनिक मोतिराम भनेका छन् (पृ. र-ल) ।

अञ्जान बिर्खे (२० ?) ले "पुष्पका गजलमा अन्तर्निहित राष्ट्रियता र मानवीय संवेदनाका स्वरहरू' शीर्षकको लेखमा पुष्प अधिकारी आधुनिक नेपाली साहित्यक्षेत्रका विशिष्ट र बहुआयामिक व्यक्ति भएको चर्चा गरेका छन् (पृ. ९) ।

प्रभाकर पण्डित (२०७१) ले *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा सङ्गृहीत गजलका ज्वारहरू शक्तिशाली भएको र गजलहरू सबै गजलप्रेमी पाठकहरूका लागि पठनीय रहेका चर्चा गरेका छन् (पृ. ट) ।

यसरी लामा-छोटा लेख-रचना, प्रकाशकीय र स्वतन्त्र मूल्याङ्कनमा *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको विषयवस्तुगत सामान्य चर्चा गरिएको पाइए तापनि यस गजलसङ्ग्रहको

पदवर्गीय अध्ययन कसैबाट हुन नसकेको वस्तुतथ्यमा अडेर यस शोधकार्यमा त्यस पक्षको अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहको अहिलेसम्म पदवर्गको अध्ययन नभएको हुँदा सम्बन्धित विज्ञ र पाठकहरूलाई अध्ययनमा सहयोग हुने भएकाले यसको औचित्य र महत्त्व स्वतः स्पष्ट हुन्छ र पदवर्गको अध्ययन गर्न चाहने शोधार्थीहरूका लागि पनि यस शोधकार्यमा प्रस्तुत सैद्धान्तिक अवधारणाबाट लाभ हुने विश्वास लिइएको छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

यस शोधकार्यमा *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा रहेका गजलहरूलाई माध्यम बनाएर पदवर्गको मात्र अध्ययन गरिएको छ भने यो नै यसको शोधक्षेत्र हो । अन्य पक्षको अध्ययन नगर्नु यस अध्ययनको सीमा हो ।

## १.७ सामग्री सङ्कलनविधि

यस शोधकार्यको प्रयोजनका लागि मूलतः निम्नलिखित विधिहरू उपयोगमा ल्याइएको छ :

### १.७.१ सामग्री सङ्कलनविधि

पुष्प अधिकारी 'अञ्जली'को *वाह ! काठमाण्डु* गजलसङ्ग्रह मुख्य सामग्री रहेको यस शोधकार्यमा आवश्यक सैद्धान्तिक अवधारणाका लागि पुस्तक, पत्रपत्रिका, शोधप्रबन्ध र शोधलेखलाई द्वितीयक सामग्री बनाई तिनलाई पुस्तकालयबाट सङ्कलन गरिएको छ ।

### १.७.२ शोधविधि

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा रहेका पदवर्गसम्बन्धी क्रमिक अध्ययन हुने यस शोधकार्यमा निगमनात्मक विधिको प्रयोग छ भने त्यसअन्तर्गत आवश्यकताबमोजिम व्याख्यात्मक तथा वर्णनात्मक तरिकाले निष्कर्ष निकालिएको छ । यस अध्ययनको प्रस्तुतीकरणमा एपिए पद्धतिको अनुसरण गरी उपलब्ध सामग्रीको व्याख्या र विश्लेषण गरिएको छ ।

## १.१० शोधकार्यको रूपरेखा

यस शोधकार्यको शोधप्रतिवेदनमा जम्मा पाँच परिच्छेद छन् :

प्रथम परिच्छेद : शोधपरिचय

यस परिच्छेदअन्तर्गत शोधपरिचय, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको विवरण र समीक्षा शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलनविधि र शोधका रूपरेखा रहेका छन् ।

द्वितीय परिच्छेद : पदवर्गसम्बन्धी सैद्धान्तिक स्वरूप

यसअन्तर्गत पदवर्गहरूको सैद्धान्तिक परिचयका साथ पदवर्गहरूका विभिन्न प्रकारहरूको परिचय दिइएको छ ।

तृतीय परिच्छेद : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त पदवग

यस परिच्छेदअन्तर्गत *वाह ! काठमाण्डु* सङ्ग्रहमा प्रयुक्त पदवर्गीय शब्दहरूलाई वर्णानुक्रममा सङ्कलन गरी उपशीर्षकमा व्यवस्थापन गरिएको छ ।

चतुर्थ परिच्छेद : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय अध्ययन र योगदान

यस परिच्छेदमा पदवर्गीय स्वरूपका आधारमा *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा भएका पदहरूको चर्चा गर्दै त्यस दृष्टिले यसको योगदान निर्धारण गरिएको छ ।

पञ्चम परिच्छेद : उपसंहार तथा निष्कर्ष

यस परिच्छेदमा उपसंहार तथा परिच्छेद एकदेखि परिच्छेद चारसम्मको समग्र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भिका प्रस्तुत गरी शोधकार्यलाई साङ्गोपाङ्ग रूपमा प्रबन्धन गरिएको छ ।

द्वितीय परिच्छेद

# पदवर्गको सैद्धान्तिक स्वरूप

## २.१ विषयपरिचय

मानिसले आफ्ना आवश्यकता पुरा गर्न ध्वनिको प्रयोग गर्छ । ती ध्वनिहरूको उच्चार्य रूप अलग-अलग प्रकृतिको हुन्छ । यस्ता अलग प्रकृतिका उच्चार्य रूप भएका ध्वनिहरूलाई अलग-अलग साङ्केतिक प्रतीकहरूबाट चिनाइन्छ । अलग उच्चार्य रूप भएका ध्वनिहरूलाई अलग-अलग प्रतीकहरूले सङ्केत गरिएका ध्वनिहरू एकमुस्ट रूपमा प्रयोग भई भाषिक कार्य सम्पन्न हुन्छन् । भाषामा लिपिको पनि अलग-अलग विकास भएको छ । यस्ता वर्णहरू भाषिक प्रकार्यमा रूप, शब्द र पदमा परिणत हुन्छन् । विभिन्न शब्दहरूको संयोजनबाट वाक्य बन्छ । यसरी वाक्यमा प्रयोग भएपछि तिनै शब्दहरूलाई नै पद भन्ने गरिएको छ । कथ्य वा लेख्य शब्दहरूले भाषिक रूप, वाक्य रूप प्राप्त गरेपछि जो ब्यक्तिदेखि लिएर विशाल जनसमुदायका लागि सम्प्रेषणीय र उपयुक्त हुन्छ ।

साधारण भाषामा भन्दा कथ्य वा लेख्य रूपमा प्रयुक्त शब्दहरूलाई नै नेपाली व्याकरणमा पद भन्ने गरिएको छ । यसरी कथ्य वा लेख्य भाषामा वाक्यात्मक वा विधागतस्वरूप प्राप्त गरेका वाक्यमा प्रयोग भएका पदहरूलाई अलग-अलग कोटिमा राखेर हेर्नुपर्ने हुन्छ । तिनीहरूको प्रकृति, कार्य, सङ्केत, भाषिक स्वभाव अलग-अलग हुन्छन् । यसरी ती शब्दहरूको प्रकृति, कार्य, सङ्केत र भाषिक स्वभावका आधारमा यस्ता पदवर्गभित्र नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात पर्दछन् । यी पदहरूले नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातवर्गहरूमा कुनै न कुनै स्वरूप ग्रहण गरेका हुन्छन् । त्यसैकारणले कथ्य वा लेख्य रूपमा प्रयोग भएका पदहरूलाई पदवर्ग भनिएको हो । जतिसुकै ठुला ग्रन्थ कथा, कविता, उपन्यास, नाटक, गजल, काव्य, महाकाव्य भए पनि त्यहाँ प्रयोग भएका पदहरू यिनै नौवर्गभित्र पर्दछन् ।

पदवर्गसँग सम्बन्धित सिद्धान्तका आधारमा केन्द्रित रही शब्दहरूको प्रकृति, कार्य, सङ्केत र भाषिक स्वभावका आधारमा यस्ता पदवर्गभित्र नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातको विवेचना गरिएको छ ।

## २.२ वैदिककालीन पदवर्गको चिन्तन

पदवर्गका सम्बन्धमा *वेद*मा पनि चिन्तन भएको पाइन्छ । *वेद*मा भाषाको पद स्वरूपको सूक्ष्मातिसूक्ष्म अध्ययन र विश्लेषण भएको त्यसका ऋचाबाट थाहा पाइन्छ । वाक् (भाषा)मा सीमित पदहरू चार प्रकारका हुन्छन् । तीमध्ये तीनवटा मानिसका शरीरभित्र नै हुन्छन् । चौथो वाणीका रूपमा बाहिर निस्कन्छ । प्रस्फुटित हुनुपूर्व तीन अवस्था शरीरभित्र नै पार गरिसकेपछि चौथो ध्वनिका रूपमा बाहिर निस्कन्छ । शरीरभित्र रहेका तीन अवस्थालाई परा, पश्यन्ति र मध्यमा भनिन्छ भने ध्वनिरूपमा बाहिर निस्केका शब्दहरूलाई विद्वान्हरूले वैखरी भनेका छन् ।

> चत्वारि वाक्परमिता पदानि तानि विर्दुब्रह्मणा ये मनिषिणः ।
> गुहा त्रिणि निहिता नेङ्गयन्ति तुरियं वाचो मनुष्या वदन्ति ।
>
> (*ऋग्वेद*, १.१६४.४५, *महाभाष्य*बाट उद्धृत )

> चत्वारि शृङ्गा त्रयो अस्य पादा
> द्वे शीर्षे सप्त हस्तांसो अस्य ।
> त्रिधा बद्धोबृषभो रोरवीति
> महो देवो मर्त्या आ विवेश । (*ऋग्वेद*, ४.५८.३, *महाभाष्य*बाट उद्धृत)

टङ्कप्रसाद न्यौपाने, पारसमणि भण्डारी र दीपकप्रसाद न्यौपाने (२०६७) ले पदवर्गको ब्याख्या गर्दै पतञ्जलिले चार शिङ् भनेर नाम आख्यात उपसर्ग र निपातलाई सङ्केत गरेका छन् भने तीन पाउ भनेर भूत, भविष्य र वर्तमानकाललाई सङ्केत गरेका छन् । दुई शिर भनेर नित्य र अनित्य दुई प्रकारका शब्दहरूलाई र सात हात भनेर सातवटा विभक्तिहरूलाई, तीन ठाउँ भनेर छाति, कण्ठ र शिरलाई र महान् देव भनेर पद, शब्द भाषालाई लिएका छन् (पृ. २) ।

## २.३ पाणिनीय परम्परामा पदवर्गको चिन्तन

वैदिक कालपश्चात् पदवर्गका सम्बन्धमा स्पष्ट चिन्तन पाणिनिले गरेका छन् । पाणिनिले पदनिर्माणका लागि शब्द र धातु संस्कारको अनिवार्यता देखाएका छन् । संस्कार नभएका शब्दहरूलाई उनले पद मानेका छैनन् । त्यस्तो संस्कार हुनाका लागि शब्द र धातुमा विभक्तिको अनिवार्यता रहन्छ । विभक्ति अनिवार्य नभएका ठाउँमा पनि उनले विभक्तिको संस्कार गरेर लोपको कल्पना गरेका छन् । 'सुप्' विभक्ति शब्दमा लाग्छन् भने 'तिङ्' विभक्ति

धातुमा लाग्छन् । 'सुप्' र 'तिङ्'बाहेकका जति पनि प्रत्ययहरूबाट बनेका रूपहरू छन् ती प्रत्ययबाट निर्माण भएका शब्दहरूलाई पद मानेका छैनन् ।

## २.४ विश्वनाथका मतमा पदसम्बन्धी अवधारणा

विश्वनाथले पदका सम्बन्धमा "वर्णाः पद प्रयोगार्ह नान्वितै अर्थबोधकः" भनेका छन् । वर्णहरू पदमा परिणत भएपछि अर्थवोधमा अन्वय हुनुपर्छ । यस मान्यताअनुसार पद पहिला निर्माण हुन्छ । वाक्य निर्माणमा प्रयोगयोग्य पद हुनुपर्छ । यदि ती पदहरू अर्थवोधमा अन्वय हुन सकेनन् भने तिनले वाक्यनिर्माण गर्न सक्दैनन् (विश्वनाथ, सन् २०१३, पृ. ५१) ।

## २.५ पदवर्गको निर्धारण र पदवर्गका प्रकारहरू

मानिसले आफ्ना आवश्यकता पुरा गर्न वाक्य रूपमा सम्पन्न भाषिक एकाइको प्रयोग गर्छ । वाक्यभन्दा तल्लास्तरका ध्वनिहरू प्रयोजनविहीन हुन्छन् । तसर्थ मानिसहरूले आपसमा बातचित गर्दा मात्र कुनै एउटा शब्द उच्चारण गरे पनि त्यहाँ प्रसङ्गअनुसार वाक्यस्तरको काम भई सो शब्दले पदको रूप ग्रहण गरेको हुन्छ । मानिसले कथ्यरूपमा आफ्ना आवश्यकता पुरा गर्न अलग-अलग ध्वनिसमूहको प्रयोग गर्छ । यस्ता अलग-अलग प्रकृतिका ध्वनिहरूलाई नेपालीमा वर्ण भनेर चिन्ने गरिएको छ । यिनै वर्णहरूले एक-आपसमा संयोजन भई रूप, शब्द र पदको निर्माण गर्दछन् ।

एक वा अनेक अक्षर मिली बनेको स्वतन्त्र अर्थ बुझाउन प्रयोग गरिने शब्दलाई पद भनेर यसको चर्चा गर्दै रोहिणीप्रसाद भट्टराईले पदहरूलाइ विभक्त्यन्त र प्रत्ययान्त गरी दुईप्रकारले विभाजन गरेका छन् (भट्टराई, २०२८, पृ. ४६) ।

*चन्द्रिका व्याकरण*मा हेमराज शर्माले पदवर्गलाई पद विचार भनेका छन् । यसमा वर्णबाट पद बनाउने रीत पदहरूको भेद र पदलाई आवश्यक पर्ने नियमको समेत वयान गरेका छन् (पण्डित, २०४२, पृ. ९) ।

*मध्यचन्द्रिका*मा पनि सोमनाथ सिग्द्यालले पदवर्गलाई पद विचार नै भनेको देखिन्छ । यसमा पदलाई नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक र विस्मयादिबोधक गरी जम्मा आठप्रकारमा विभाजन गरिएको छ (सिग्द्याल, २०४८, पृ. ११) ।

*चन्द्रिका* र *मध्यचन्द्रिका* व्याकरणमा जसलाई पद र पदवर्ग भनिएको छ हेमाङ्गराज अधिकारीले त्यसैलाई शब्द र शब्दवर्ग भनेका छन् । यिनले शब्दवर्गलाई नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक गरी आठवर्गमा विभाजित

गरेका छन् र कतैकतै शब्दवर्गभित्र निपातको पनि उल्लेख भएको चर्चा गरेका छन् ( अधिकारी, २०६२, पृ. १८) ।

कृष्णप्रसाद पराजुलीले अर्थ निस्कने एक वा एकभन्दा बढी अक्षर पद वा शब्द हुन् (पराजुली, २०५७, पृ. २५) भनेका छन् ।

वाक्यमा विभिन्न शब्दहरू प्रयोगमा आएका हुन्छन् । ती शब्दहरूलाई विभिन्नवर्गमा राखेर हेर्नु नै पदवर्ग हो (अधिकारी, २०६८, पृ. ८२) । यसरी वाक्यमा प्रयोग भएका शब्द नै पदवर्ग हुन् र ती शब्दहरूलाई विभिन्नवर्गमा राखेर हेर्नु नै पदवर्गको विभाजन हो ।

माथिका भनाइहरूबाट के स्पष्ट हुन्छ भने वाग्व्यवहार अथवा लेख्य रूपमा प्रयोग भएका शब्दहरू नै पद हुन् । ती पदहरूको प्रकृति, सङ्केत र तिनले गर्ने कार्यका आधारमा छुट्टा-छुट्टै समूहमा राख्नुपर्ने हुन्छ । यसरी पदको निर्धारण वाक्यले गर्दछ भनेवर्गको निर्धारण त्यसको व्याकरणात्मक प्रकार्यले गर्दछ ।

## २.६ पदवर्गका आधारहरू

भाषा सञ्चालनका लागि पदहरूले कार्यरूपमा अलग-अलग स्वरूप धारण गर्छन् । यस्ता अलग-अलग स्वरूप धारण गरेका पदहरू एक-अर्कासँग केही सीमारेखा कोरेर अलग प्रकार्यत्मक रूपमा विभाजित हुन्छन् । यस्ता प्रकार्यत्मक रूपमा अलग देखिएका पदहरूलाई मापदण्डका आधारमा एउटै समूहमा राखेर अध्ययन गर्नु नै पदवर्गका आधारहरू हुन् । "पद शब्दले वाक्यमा प्रयुक्त शब्द वा रूप भन्ने बुझाउँछ" (शर्मा, २०५५, पृ. ९६) भन्दै पदको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

### २.६.१ अर्थका आधारमा पदवर्ग

शब्दले अभिव्यक्त गर्ने अर्थका आधारमा पदवर्गको विभाजन हुन्छ । यस आधारमा शब्द अर्थबोधक र अर्थद्योतक गरी दुई प्रकारका हुन्छन् । शब्दकोशीय अर्थ अभिव्यक्त गर्ने शब्दलाई अर्थबोधक भनिन्छ भने यसको आफ्नै स्पष्ट र स्वतन्त्र अर्थ हुन्छ । अर्थबोधक शब्दकै आश्रित भएर अर्थ अभिव्यक्त गर्ने शब्दलाई अर्थद्योतकवर्गमा राखिएको छ र यसले अर्थको सङ्केत गर्छ, अर्थको बोध गराउँदैन । नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, विस्मयादिबोधक, नामयोगी शब्दहरू अर्थबोधकवर्गअन्तर्गत पर्दछन् भने संयोजक, निपात र उपसर्गलाई मात्र अर्थद्योतक शब्दभित्रसमाविष्ट गरिएको छ भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् (रिजाल, २०५८, पृ. ८७) । यी धारणालाई आधार मानी प्रस्तुत शोधकार्यको अध्ययन गरिएको छ ।

अर्थका आधारमा पदलाई कोशीय/धारणात्मक र व्याकरणात्मक/संरचनात्मक दुईवर्गमा राखेर हेरेको पाइन्छ (अधिकारी, २०६८, पृ. ८२) । कोशीयअन्तर्गत नाम, विशेषण, क्रिया र क्रियायोगी पर्दछन् भने संरचनात्मकअन्तर्गत सर्वनाम, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक पर्दछन् ।

पदहरूको अर्थका आधारमा गरिएको अध्ययन महत्त्वपूर्ण हुन्छ । कोशीय र व्याकरणात्मक अर्थका आधारमा पदहरूलाई समानार्थी, विपरीतार्थी, श्रुतिसमभिन्नार्थक, श्रुतिभिन्नार्थक, समानार्थक, अभिधार्थक, लक्ष्यार्थक, व्यङ्ग्यार्थक आदि थुप्रै प्रकारले अध्ययन गर्न सकिन्छ ।

### २.६.२ संरचनाको आधारमा पदवर्गको अध्ययन

संरचना भनेको बनोट हो । कुनै पनि वाक्यमा प्रयोग भएका शब्दहरू नै पदवर्गीय संरचनाका आधार हुन् । नेपाली व्याकरणविद्हरूले पदवर्गलाई व्युत्पन्न, अव्युत्पन्न, विकारी, अविकारी भनेर विभाजन गरेका छन् । रूढ (मूल) शब्दहरू अव्युत्पन्न शब्द हुन् भने मूल शब्दमा अरू कुनै प्रत्यय, रूप, शब्द मिश्रित भई निर्माण भएका शब्दहरू व्युत्पन्न शब्द हुन् । यस्तै व्याकरणिक प्रकार्यमा रूपमा विकार आउने शब्दहरू विकारी हुन् भने कुनै पनि अवस्थामा विकार नआउने शब्दहरू अविकारी हुन् ।

### २.६.७ कार्यका आधारमा पदवर्ग

कुनै पनि पदलाई त्यसले गर्ने कार्यका आधारमा परिभाषा गर्ने विधिलाई कार्यका आधारमा गरिने पदवर्गको अध्ययन भनिन्छ । यसअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, निपात, विष्मयादिबोधक र संयोजक पदादिहरूले वाक्यको अवस्थाअनुसार के-कस्तो भूमिका निभाएका छन् ? भनी त्यस पक्षको अध्ययन गरिन्छ । कसरी कर्ता, कर्म, कारक र पूरकपदको भूमिका निभाएका हुन्छन् ? यस्तै प्रकारले पदहरूले कुन रूपमा प्रथम, द्वितीय र तृतीय पुरुषको भूमिका निभाएका हुन्छन् र पदहरूले आफ्नो विशेषता कसरी बताउँछन् ? पदहरू वाक्यात्मक रूपमा सम्पूर्ण पदहरूले के-कस्तो भूमिका निभाएका हुन्छन् ? पदहरूको विशेषता क्रियाविशेषणले कसरी बताउँछ ? पदहरू लिङ्ग, काल, भाव र पक्षअनुसार के-कस्तो स्वरूपले रूपायन हुन्छन् ? पदवर्गले नाम पदादिको अगाडि-पछाडि रही के-कस्तो भूमिका खेलेका हुन्छन् ? यस्तै क्रियाको अगाडि रही क्रियाको बारेमा के-कस्तो स्थिति अवगत गराउँछन् । पदवर्गहरूले वाक्यलाई कस्तो रूपमा जोड्छन् ? पदहरूले मनोद्गार कस्तो प्रकारले प्रकट गर्छन् ? पदहरूले कसरी वाक्यहरूलाई सबल बनाउँछन् ? अथवा पदवर्गहरूलाई कुन मापदण्डले हेर्ने ? आदि पक्षको विश्लेषण गर्नु नै

कार्यका आधारमा गरिने पदवर्गको अध्ययन हो । कार्य भनेको व्याकरणात्मक कार्य हो । शब्दको प्रतिफलन वाक्यमा हुन्छ तसर्थ यसले वाक्यमा आफ्नो कार्य गर्दछ । वाक्यमा विभिन्न ध्वनिसमूह वाक्यतत्त्वका रूपमा प्रयुक्त भई क्रियाशील हुँदा शब्दको प्रतिफलन हुन्छ । यही प्रतिफलनात्मक (कार्यात्मक) आधारमावर्गवर्ग छुट्याई शब्दको व्याकरणात्मक वर्गीकरण गरिन्छ ।

कार्यका आधारमा पदलाई नाम, क्रिया र अव्ययवर्गमा राखेर हेरिएको छ । नामवर्गमा नामसँग सम्बद्ध रही काम गर्ने नाम, सर्वनाम, विशेषण, क्रियावर्गभित्र क्रियाको काम गर्ने र यसका भेदहरू र अव्ययवर्गभित्र क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातलाई राखिएको छ (अधिकारी, २०६२, पृ. १८) भनेका छन् ।

### २.६.८ स्रोतका आधारमा पदवर्ग

स्रोत भनेको मुहान वा मूल हो । पद कहाँबाट मुल फुटेर आएको हो ? यसको अध्ययन यसमा हुन्छ । नेपाली भाषाको मातृभाषा संस्कृत भाषा भएकाले यसको मूलस्रोत संस्कृत नै हो । नेपाली भाषा संस्कृत भाषाका शब्दले मात्र पूर्ण भएको छैन । यस भाषामा अन्य विभिन्न भाषापरिवारबाट आएका शब्दहरू पनि रहेका छन् । स्रोतका आधारमा शब्दको वर्गीकरण गर्दा नेपाली भाषाका शब्दहरूलाई मौलिक र आगन्तुक गरी दुईवर्गमा विभाजन गरिएको छ । मौलिक शब्दअन्तर्गत तत्सम, तद्भव र झर्रा शब्दलाई राखिएको छ भने आगन्तुक शब्दवर्गलाई स्वदेशी र विदेशी गरी दुईवर्गमा वर्गीकरण गरिएको छ (अधिकारी, २०६३, पृ. ७८) ।

## २.७ पदवर्गको वर्गीकरण

वाक्यमा प्रयोग भएका शब्दहरूले कुन कोटिमा रहेर काम गरेका छन् भनेर निक्यौल गरी अध्ययन गर्नु अथवा व्याकरणको व्यवस्थाअनुसार ती पदहरूलाई आ-आफ्नावर्गमा समायोजन गर्नुलाई पदवर्गको वर्गीकरण भनिन्छ । नेपाली व्याकरणको व्यवस्थाअनुसार नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, निपात, विष्मयादिबोधक र संयोजक गरेर नौवटा पदवर्गहरू रहेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.७.१ नाम

नाम भनेको कुनै पनि पदार्थ, विचार, भाव, धारणा, मानिसले देखेका-नदेखेका, नामकरण भएका-नभएका, वस्तु, प्राणी, तत्त्व, दृश्य-अदृश्य, चेतनाबाट गम्य-अगम्य, उत्पत्ति भएका-

नभएका, आविष्कार भएका-नभएका र कार्यलाई सङ्केत गर्ने शब्द हो । वाक्यमा को र के प्रश्न गर्दा त्यसको जवाफमा आउने शब्दलाई नाम भनिन्छ (शर्मा, २०५५, पृ. ४३) । यसैले साधारण भाषामा भन्दा प्राणी, पदार्थ, ठाउँ, गुण, धर्म आदि बुझाउने शब्दलाई नाम भनिन्छ ।

नामका प्रकारहरू

नाम पदवर्गमा पर्ने जति शब्द छन् तिनका पनि आ-आाफ्ना अलग-अलग विशेषताहरू छन् । यस्ता अलग-अलग विशेषता भएका नामहरूलाई एकै ठाउँमा राखेर अलग-अलग रूपमा तिनीहरूको स्वभाव र धर्मअनुसार परिभाषित रूपमा हेर्नुलाई नामका प्रकार भनिन्छ । नेपाली व्याकरणमा नामलाई निम्नलिखित पाँच भागमा वर्गीकरण गरिएको छ :

जातिवाचक नाम

कुनै पनि प्राणी वा चीजबिज तत्त्वको समग्रमा प्रतिनिधित्व गरी सङ्केत गरेका पदहरूलाई जातिवाचक नाम भनिन्छ । यसलाई प्रस्ट पार्दै शर्माले “एउटै प्रकार वा जातका सबैलाई बुझाउने शब्दलाई जातिवाचक नाम भनिन्छ” (२०५५, पृ. ४३) भनेका छन् । जस्तै : मानिस, गाई, भालु, बाघ, सुगा, कुकुर, बिरालो, भैंसी, राँगो आदि ।

व्यक्तिवाचक नाम

साधारण भाषामा कुनै विशेष वस्तु वा प्राणीको निश्चित रूपमा चिनाउने शब्द नै व्यक्तिवाचक नाम हो भन्न सकिन्छ । यसलाई स्पष्ट पार्दै “कुनै पनि प्राणी वा चीजबिज तत्त्वको अलग-अलग प्रतिनिधित्व गरी सङ्केत गरेका पदलाई व्यक्तिवाचक नाम भनिन्छ” (शर्मा, २०५५, पृ. ४३) भनेका छन् । जस्तै : राम, पशुपति, महाकाली, सावित्री, कालीगाई, टाटेबाघ, खोणेसुगा, रातो कुकुर, ढाडेबिरालो, सेती भैंसी, विकासे राँगो, रामायण आदि ।

द्रव्यवाचक नाम

कुनै पनि चीजबिज, तत्त्वको नाप-तौलद्वारा परिणाम बुझिने तर गणना गर्न नसकिने वस्तु वा पदार्थलाई द्रव्यवाचक नाम भनिन्छ । यसलाई स्पष्ट पार्दै शर्माले “नाप वा तौल भएको पदार्थलाई बुझाउने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ” (२०५५, पृ. ४३) भनेका छन् । जस्तै : चाँदी, सुन, चिनी, बरफ, माटो, ढुङ्गा आदि ।

समूहवाचक नाम

कुनै पनि चीजबिज तत्त्वको समूहगत रूपमा प्रतिनिधित्व गरी सङ्केत गरेको पदलाई समूहवाचक नाम भनिन्छ । जस्तै : झुण्ड, बथान, हुल, जुलुस, भिड, जमात, थुप्रो आदि ।

भाववाचक नाम

कुनै पनि अमूर्त धारणा, भावादि बुझाउने पदलाई भाववाचक नाम भनिन्छ । भाववाचक नामका बारेमा शर्माले "व्यक्ति वा वस्तुको गुण-धर्म, दशा वा व्यापार बुझाउने शब्दलाई भाववाचक नाम भनिन्छ" (२०५५, पृ. ४४) भनेका छन् । दया, माया, धैर्य, बूढ्याइँ, मित्रता, गर्मी, पढाइ, अनुमान, सुख, दुःख आदि यसका उदाहरण हुन् ।

२.७.२ सर्वनाम

कुनै पनि नामको पुनरुक्ति हुन्छ तर पुनरुक्तिमा त्यसले अर्को पद ग्रहण गर्छ भने त्यसलाई सर्वनाम भनिन्छ । सर्वनामको बारेमा अधिकारीले "वाक्यको पुनरुक्तिमा जुन पदले नामपदको भूमिका खेल्छ त्यस पदलाई सर्वनाम भनिन्छ । यसलाई सट्टेनाम तथा नामस्थानिक पद पनि भनिन्छ" (२०६८, पृ. ९०) भनी प्रस्ट्याएका छन् । यो, त्यो, ऊ, जो, जुन, को, कुन आदि यसका उदाहरण हुन् ।

२.७.२.१ सर्वनामका प्रकार

पुनरुक्तिमा नामको सट्टामा आएका पदहरूले अलग-अलग प्रकारका विशेषता बोकेका हुन्छन् यस्ता अलग विशेषता बोकी पुनरुक्तिमा आएका पदहरूलाई अलग प्रकारले वर्गीकरण गरिनुलाई सर्वनामका प्रकारहरू भनिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पुरुषवाचक सर्वनाम

वक्ता, श्रोता र तेस्रो विषयको सन्दर्भ जनाउने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । "पुरुष वा व्यक्तिलाई जनाउने सर्वनाम पुरुष (व्यक्ति) वाचक सर्वनाम हो" (शर्मा, २०५५, पृ. ४४) । यो प्रथम पुरुषवाचक (लेख्ने वा बोल्ने व्यक्ति अर्थात् प्रेषक), द्वितीय पुरुषवाचक ( सुन्ने वा पढ्ने व्यक्ति अर्थात् प्रापक) र तृतीय पुरुषवाचक (प्रेषक र प्रापकबाहेक अन्य) गरी तीनप्रकारका हुन्छन् । म, हामी, तिमी, तँ, तपाईं, यो, त्यो, ऊ, जो, आफू, निज, अरू, वहाँ, उनी, यिनी, एकअर्का, वहाँहरू, ती आदि यसका उदाहरण हुन् ।

दर्शकवाचक सर्वनाम

साधारण भाषामा कुनै पनि वस्तु वा कसैलाई तोकेर देखाउने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । "नगिच वा टाढाका वस्तुलाई तोकेर बताउने सर्वनाम दर्शक सर्वनाम हो । यस खालका सर्वनाम दुई प्रकारका छन् - समीपवाचक र दूरवाचक" (शर्मा, २०५५, पृ. ४४) भनेका छन् । दर्शकवाचक सर्वनाम निकटवर्ती (समीपवाचक) र दूरवर्ती (दूरवाचक) गरी दुईप्रकारका हुन्छन् । यो, यिनी त्यो, तिनी ऊ, जो, उहाँ, यी आदि यसका उदाहरण हुन् ।

सम्बन्धवाचक सर्वनाम

प्रायःजसो वाक्यमा सम्बन्ध गाँस्न आउने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । "वाक्यमा सम्बन्ध गराउने सर्वनाम सम्बन्धावक सर्वनाम हो" (शर्मा, २०५५, पृ. ४५) । यस वाक्यमा संयोजकका रूपमा पनि देखापर्छ । जो, जे, जुन, जोजो, जेजे आदि यसका उदाहरण हुन् ।

आत्मवाचक सर्वनाम

आफूलाई तोकेर देखाउने सर्वनाम आत्मवाचक सर्वनाम हो । स्वयम्, आफैँ आदि यसका उदाहरण हुन् ।

प्रश्नवाचक सर्वनाम : प्रश्न ठड्याउने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ । को, के, कुन, आदि यसका उदाहरण हुन् ।

अनिश्चयवाचक सर्वनाम

कुनै निश्चितता नदर्साउने पदलाई अनिश्चयवाचक सर्वनाम भनिन्छ । केही, कोही, कुनै, जोसुकै, जेसुकै, जस्तोसुकै आदि यसका उदाहरण हुन् ।

पारस्पारिक सर्वनाम

परस्परमा सम्बन्ध दर्साउने पदलाई पारस्पारिक सर्वनाम भनिन्छ । जस्तै : आपस-आपस, आफू-आफू, एक-अर्का, आ-आफू आदि ।

२.७.३ विशेषण

नाम वा सर्वनामको विशेषता बताउने पदलाई विशेषण भनिन्छ । यसले नामको अर्थ स्पष्ट पार्ने, सीमित गर्ने, विस्तारित वा विशेषित गर्ने कार्य गर्दछ (अधिकारी २०६८, पृ. ९४) । विशेषण कस्तो, कत्रो, कति, कुन भन्ने प्रश्नको जवाफमा आउने गर्छ । विशेषणको वर्गीकरण निम्नप्रकारले गरिएको देखिन्छ :

गुणवाचक विशेषण

कस्तो, कत्रोसँग सम्बन्धित भएर कुनै नामको विशेषता, स्वरूप आदि जनाउने शब्दलाई गुणवाचक विशेषण भनिन्छ । जस्तै : सानो, पुरानो, असल, ठुलो, पढेको आदि ।

परिमाणवाचक विशेषण

के, कति भन्ने प्रश्नको उत्तरमा आउने पद परिमाणवाचक विशेषण हुन् । जस्तै : घटी, बढी, अलिकति, धेरै, थोरै आदि ।

सार्वनामिक विशेषण

जुन-जुन सर्वनाम विशेषणका रूपमा प्रयोग हुन्छन् ती-ती सर्वनामहरूलाई सार्वनामिक विशेषण भनिन्छ । यो, त्यो, जो, यो आदि यसका उदाहरण हुन् ।

भेदक विशेषण

को, का, कि, रो, रा, रि, नो, ना, नी लागेका शब्दहरूलाई भेदक विशेषण भनिन्छ । रामको, उसको, मेरा, मेरी आदि यसका उदाहरण हुन् ।

तुलनात्मक विशेषण

दुई वा दुईभन्दा बढीको तुलना गरेको बुझाउँदा प्रयोग हुने विशेषणलाई तुलनात्मक विशेषण भनिन्छ । जस्तै : गहन, गहनतर, उच्च, उच्चतर आदि ।

सङ्ख्यावाचक विशेषण

सामान्यतया सङ्ख्या बुझाउने विशेषण शब्दलाई सङ्ख्यावाचक विशेषण भनिन्छ । जस्तै : पहिलो, सयौं, करोडौं, लाखौं, हजारौं, अरबौं आदि ।

२.७.४ क्रिया

कुनै पनि कार्य सम्पादन गरेको अवस्था बुझाउने पदलाई क्रिया भनिन्छ । क्रियाको कार्य भनेको प्रक्रिया वा गतिविधिलाई जनाउनु हो । वाक्यमा क्रियापदलाई समापकका रूपमा लिइन्छ । असमापकहरूलाई कतै क्रियापदको रूपमा कतै कृदन्त नामपदका रूपमा लिएको देखिन्छ । “घटना, कार्यव्यापार, स्थिति वा अवस्था बुझाउने शब्दलाई क्रिया भन्दछन्” ( शर्मा, २०५५, पृ. ४७) । क्रियालाई अर्थ, रूप, विधेयकता, समापकताका आधारमा परिभाषा गरिएको भए पनि त्यसको चित्तबुझ्दो परिभाषा नभएको उल्लेख गर्दै वाक्यमा विधेय भई घटना, कार्यव्यापार, स्थिति वा अवस्था बुझाउने शब्दलाई क्रिया भनिएको छ । क्रियाले

वाक्यमा घटना, कार्यव्यापार, स्थिति बुझाउने, कर्ता, कर्म आदि बारे केही भन्ने, विधेय वा त्यसको एउटा भागका रूपमा कार्य गर्ने र लिङ्ग, वचन आदि अधिकांश व्याकरणात्मक कोटिहरूमा रूपायित भई कार्य गर्ने (शर्मा, २०५६ पृ. ७२-७३) कुराको उल्लेख गरिएको छ ।

नेपालीमा क्रियाहरू लिङ्ग, वचन र पूर्णताका दृष्टिकोणले चिन्हित हुन्छन् । सामान्यतः क्रियाबिना वाक्य निर्माण कार्य अपूर्ण हुन्छ । क्रियाले वाक्यमा आउने अन्य पदहरूलाई ठुलो जिम्मेवारीका रूपमा वहन गरेको हुन्छ (अधिकारी, २०६८, पृ. ९९) । क्रियालाई समापकता, अर्थ, बनोट, कर्म र पूर्णताका आधारमा वर्गीकरण गरिएको छ ।

समापकताको आधार

वाक्य टुङ्ग्याउने वा नटुङ्ग्याउने प्रक्रिया समापकता हो । यसका आधारमा क्रिया समापिका र असमापिका दुई प्रकारको हुन्छ :

समापिका क्रिया

वाक्य टुङ्ग्याउने क्रियापद समापिका हो । खान्छ, जान्छ, खायो, पढ्यो आदि ।

असमापिका क्रिया

वाक्य नटुङ्ग्याउने क्रियापद असमापिका हो । खाँदै, जाँदै, खाएर, गएर, टिपेर आदि यसका उदाहरण हुन् ।

अर्थप्रधान्यका आधारमा

अर्थप्राधान्यका आधारमा क्रिया मुख्य र सहायक गरी दई प्रकारका हुन्छन् :

मुख्यक्रिया

संयुक्त वा मिलित क्रियाका जुन रूपले क्रियाको प्रमुख अर्थ वहन गरेको हुन्छ त्यसलाई मुख्य क्रिया भनिन्छ । हरि पुस्तक पढ्छ भन्ने वाक्यमा ‘पढ्’ अर्थका दृष्टिले मुख्य क्रिया हो ।

सहायक क्रिया

मुख्य क्रियाको अर्थलाई सघाउने क्रियालाई सहायक क्रिया भनिन्छ । नेपालीमा यो मुख्य क्रियाको पछाडि हुन्छ । हरि पुस्तक पढ्छ भन्ने वाक्यमा ‘छ’ अर्थका दृष्टिले सहायक क्रिया हो ।

बनोटका आधारमा

बनोटका आधारमा क्रिया सरल र जटिल गरी दुईप्रकारका हुन्छन् :

सरल क्रिया

धातुमा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव आदि बुझाउने रूपायक प्रत्यय लागेर बनेका क्रियालाई सरल क्रिया भनिन्छ । यसमा एउटा मात्र धातु हुन्छ । गर्छ, हेऱ्यो, भन्छ, लेखे, भने, जाओ, पढे आदि ।

जटिल क्रिया

मूल र सहायक क्रिया मिलेर बनेको क्रियालाई जटिल क्रिया भनिन्छ । यसमा दुई वा दुईभन्दा बढी धातु एउटै अर्थमा प्रयुक्त भएका हुन्छन् । भनिरहेको, भईसकेको, गरिसकेको आदि यसका उदाहरण हुन् ।

कर्मका आधारमा

कर्मका आधारमा क्रिया सर्कमक र अकर्मक गरी दुईप्रकारका हुन्छन् :

सकर्मक क्रिया

कर्म लिने क्रियालाई सकर्मक क्रिया भनिन्छ । सकर्मक धातुबाट सकर्मक क्रिया बन्छ । खा, राख्, मिस्, जोत्, डाक्, धु, पढ्, पिट्, भन्, लि, हेर्, तान्, थाप्, थच्, दुहु, निल्, पाउ, पिउ, पिस्, पुर्, फेर्, फोर्, बाट्, बुन्, बेर्, बोक्, भर, भेट्, मिच्, मेट्, ला, सक्, सह, सिउ, हाल्, हेर् आदि सर्कमक धातु हुन् । यी धातुबाट निर्माण हुने क्रियापदले वाक्यमा कर्म लिन्छन् ।

अकर्मक क्रिया

कर्म नलिने क्रियालाई अकर्मक क्रिया भनिन्छ । अकर्मक धातुबाट अकर्मक क्रिया बन्छ । सुत्, हाँस्, हिड्, हु, रु, बाँच्, बस्, आउ, उड्, खुल्, चुक्, जा, थाक् दगुर्, दौड्, सुक्, उड्, कुद, चल्, खोक्, झुक्, चर्, गल्, गुड्, झर, मर्, पग्ल, कस्, बग्, बढ् बल्, लड्, सर्, हट् आदि अर्कमक धातु हुन् । यी धातुबाट बनेका क्रियापदले कर्म लिँदैनन् ।

पूर्णताका आधारमा

क्रियापदले वाक्यमा आफ्नो प्रकार्य र अर्थ पुरा गर्नु पूर्णता हो । यस दृष्टिले क्रियापदलाई पूर्ण र पूरकापेक्षी गरी दुई भागमा बाँडिएको छ :

पूर्ण क्रियापद

आफ्नो अर्थ र प्रकार्य पुरा गर्ने वाक्यात्मक क्रियापद पूर्ण क्रियापद हो । खान्छ, पढ्छ, जान्छ आदि यसका केही उदाहरण हुन् ।

पूरकापेक्षी क्रियापद

आफ्नो अर्थ र प्रकार्य पूरा गर्न पूरकपदको आवश्यकता पर्ने क्रियापद पूरकापेक्षी क्रियापद हुन् । जस्तै : छ, हो आदि ।

### २.७.५ क्रियायोगी

क्रियाको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियायोगी भनिन्छ । यसले क्रियाको विशेषता बताउने भएकाले यसलाई क्रियाविशेषण पनि भनिन्छ । क्रियायोगीलाई प्रस्ट पार्दै मोहनराज शर्माले "किन, कसरी, कहाँ, कहिले कति आदि प्रश्नको जवाफमा आउने शब्दलाई क्रियायोगी भनिन्छ" (शर्मा, २०५५, पृ. ४७) भनेका छन् । यसलाई आधार मान्दा कति, कसरी, कहिले, कहाँ किन भन्ने प्रश्नको उत्तरमा यो आउँछ भन्न सकिन्छ । यसलाई विभिन्न वर्गमा विभाजन गरेको पाइन्छ ।

कालिक क्रियायोगी

समयको जानकारी गराउने क्रियायोगीलाई कालिक क्रियायोगी भनिन्छ । जस्तै : आज, हिजो, पर्सि, अस्ति, अहिले, कहिले, पहिले, पछि, जब, अब, पोहोर, आघौँ, पराघौँ आदि ।

स्थानिक क्रियायोगी

ठाउँको जानाकारी गराउने क्रियायोगीलाई स्थानिक क्रियायोगी भनिन्छ । यहाँ, त्यहाँ, जहाँ, अगाडि, पछाडि, उता, त्यता, तल, माथि, बाहिर, मुनि, वर, पर, उधो, उभो, वारि, पारि आदि स्थानिक क्रियायोगीका केही उदाहरण हुन् ।

मात्रात्मक क्रियायोगी

परिणाम बताउने क्रियायोगीलाई मात्रात्मक क्रियायोगी भनिन्छ । जस्तै : निकै, धेरै, थोरै, अलिकति आदि ।

रीतिवाचक क्रियायोगी

ढङ्ग बताउने क्रियायोगीलाई रीतिवाचक क्रियायोगी भनिन्छ । जस्तै : फटाफट, यसरी, उसरी, राम्ररी, त्यसरी, यसो, उसो, जसो, कसो, बेसरी आदि ।

आवृत्तिवाचक क्रियायोगी

पुनरुक्ति जनाउने क्रियायोगीलाई आवृत्तिवाचक क्रियायोगी भनिन्छ । बारम्बार, यदाकदा, निरन्तर, पाँचपल्ट, दसपल्ट, हजारपल्ट आदि यसका केही उदाहरण हुन् ।

माध्यमबोधक क्रियायोगी

कुनै साधनद्वारा कार्य देखाउने क्रियायोगीलाई माध्यमबोधक क्रियायोगी भनिन्छ । जस्तै : छुरीले, लट्ठीले, रेडियोबाट, हातबाट, खाटबाट आदि ।

कारणबोधक क्रियायोगी

कारण देखाउने क्रियायोगीलाई कारणबोधक क्रियायोगी भनिन्छ । जस्तै : रिसले, रक्सीले, खाएकोले, गएकाले, भएकाले, गरेकामा, हुनाले, किन, जिन, जान, हेर्न आदि ।

परिणामबोधक क्रियायोगी

क्रियाको परिणाम बुझाउने क्रियापदलाई परिणामबोधक क्रियायोगी भनिन्छ । जस्तै : तसर्थ, यसर्थ, उसर्थ, त्यसैले, यसैलै, उसैले, प्रशस्त, अत्यन्त, मात्र, असाध्य, बिछट्ट, बिलकुल, खुब, चौपट्ट आदि ।

प्रयोजनबोधक क्रियायोगी

क्रियाको प्रयोजन बुझाउने क्रियापद प्रयोजनबोधक क्रियायोगी हुन् । पढ्न, बस्न, रोक्न, खन्न आदि यसका केही उदाहरण हुन् ।

सर्तबोधक क्रियायोगी

क्रियाको सर्त बुझाउने पदलाई शर्तबोधक क्रियायोगी भनिन्छ । जस्तै : भने, आयो भने, गयो भने, नभए, भए भने आदि ।

परिस्थतिबोधक क्रियायोगी

क्रियाको परिस्थिति बुझाउने पदलाई परिस्थतिबोधक क्रियायोगी भनिन्छ । जस्तै : बोलाउँदा, भनेकामा, सघाएकामा आदि ।

विपरीतबोधक क्रियायोगी

क्रियाको विपरीत अर्थ बुझाउने पद विपरीतबोधक क्रियायोगी हुन् । जस्तै : परे पनि, सम्झिए पनि, सम्झाए पनि आदि ।

## २.७.६ नामयोगी

साधारण भाषामा नाम वा नामस्थानिक शब्दसँग विभिन्न अर्थगत सम्बन्ध जनाउने अविकारी शब्दलाई नामयोगी भनिन्छ । नामयोगीले समय, स्थान, रीति, हेतु, अवधि, दिशा, अभाव आदि अर्थको अभिव्यक्ति दिने गर्छ । यो प्रायः नाम, सर्वनाम, विशेषण पछि आउँछ ।

नामयोगीको बारेमा मोहनराज शर्माले “नाम अथवा नामझैँ प्रयुक्त हुने सर्वनाम, विशेषण आदिका पछाडि जोडिएर आउने शब्दलाई नामयोगी भन्दछन्” (शर्मा, २०५५, पृ. ४८) भनेका छन् । नामयोगीलाई निम्नानुसार विभिन्न वर्गमा बाँडेर अध्ययन गरिएको छ :

स्थानिक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर स्थानको बोध गराउने शब्द स्थानिक नामयोगी हो । जस्तै : माथि, तल, भित्र, बाहिर, उता, यता, त्यता, कता, माथि, मुनि, वारि, पारि, नजिक, टाढा, छेउ, अघि, पछि, तक, सम्म, निर, भरि, पट्टि, तिर, मा आदि ।

कालिक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर कालको बोध गराउने शब्द कालिक नामयोगी हो । जस्तै : पर्यन्त, पाली, बित्तिकै, खेर आदि ।

प्रयोजनवाचक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर प्रयोजनको बोध गराउने शब्द प्रयोजनवाचक नामयोगी हो । जस्तै : किन, त्यसो, उसो, यसो, जसो आदि ।

सहितार्थ नामयोगी

वाक्यमा नामिक शब्दसँग आएर सँगै जोडिएको बोध गराउने शब्द सहितार्थ नामयोगी हो । जस्तै : सँग, सित, साथ, सँगसँगै, भित्रभित्रै आदि ।

रहितार्थ नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर छुट्टिएको अर्थ बोध गराउने शब्द रहितार्थ नामयोगी हो । यसका केही उदाहरणहरूमा बिना, बेगर, सिवाय, बाहेक आदि पर्दछन् ।

अधीनवाचक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर समावेश अर्थ बोध गराउने शब्द अधीनवाचक नामयोगी हो । जस्तै : अन्तर्गत, सित, मध्ये आदि ।

अनुरूपवाचक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर अनुरूपताको बोध गराउने शब्द नै अनुरूपवाचक नामयोगी हो । जस्तै : मुताबिक, बमोजिम, अनुसार आदि ।

विषयवाचक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर विषयको बोध गराउने शब्द विषयवाचक नामयोगी हो । जस्तै : माथि, प्रति, उपर आदि ।

थपवाचक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर सहित बोध गराउने शब्द थप वाचक नामयोगी हो । जस्तै : साथै, बाहेक आदि ।

तुलनात्मक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर तुलनाको बोध गराउनेशब्द तुलनात्मक नामयोगी हो । जस्तै : अपेक्षा, भन्दा, सँग, सरि आदि ।

निर्धारणवाचक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर निर्धारणको बोध गराउने शब्द निर्धारणवाचक नामयोगी हो । जस्तै : मध्ये, मा आदि ।

दिशावाचक नामयोगी

वाक्यमा नामिक शब्दसँग जोडिएर दिशाको बोध गराउने शब्द दिशावाचक नामयोगी हो । जस्तै : तिर, तर्फ, पट्टि, माथि, तल आदि ।

२.७.७ संयोजक

संयोजकले शब्द, पदावली वा उपवाक्यलाई जोड्ने काम गर्छ । संयोजकको बारेमा मोहनराज शर्माले “वाक्य, उपवाक्य अथवा वाक्यका एकाइहरूलाई जोड्न प्रयुक्त हुने शब्दलाई संयोजक भन्दछन्” (शर्मा, २०५५, पृ. ४८) भनेका छन् । यसका निम्ननानुसार मुख्य दुई भेद रहेका छन् :

निरपेक्ष संयोजक

समान एकाइहरूलाई जोड्ने संयोजकलाई निरपेक्ष संयोजक भनिन्छ । र, पनि, तर, वा, अथवा आदि यसका केही उदाहरण हुन् ।

सापेक्ष सयोजक

मूलतः मिश्रवाक्य प्रधान एवम् आश्रित उपवाक्यहरूलाई जोड्ने संयोजकहरूलाई सापेक्ष संयोजक भनिन्छ । यसलाई आश्रायक पनि भनिन्छ । जस्तै : जहाँ, तहाँ, जब, तब, भने, भन्ने आदि ।

### २.७.८ निपात

साधारणतया वाक्यमा प्रयोग भएका शब्दको अर्थलाई सिङ्गै वाक्यको अर्थलाई जोड दिने शब्दलाई निपात भनिन्छ । यिनको आफ्नै छुट्टै अर्थ हुँदैन तर अरूको अर्थद्योतन गर्नमा यिनीहरूको प्रयोग हुन्छ । निपातका बारेमा शर्माका अनुसार “निश्चय, अवधारणा, आग्रह, सहमति, स्वीकृति, बल आदि वाक्यात्मक धारणालाई अभिव्यक्त गर्ने शब्दलाई निपात भनिन्छ” (२०५५, पृ. ४९) । निपातलाई आश्रायक, स्थान र अक्षरका आधारमा वर्गीकरण गरिएको छ । वाक्यमा आदि मध्य र अन्त्यमा प्रयोग हुने निपातलाई स्थानका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

एकाक्षरी निपात

कुनै निपात मात्र एक अक्षरको हुने भएकाले त्यस्ता निपातलाई एकाक्षरी निपात भनिन्छ । जस्तै : अँ, ए, रे, हे, त आदि ।

अनेकाक्षरी निपात

एक अक्षरभन्दा बढी अक्षरबाट निर्माण हुने निपातलाई अनेकाक्षरी निपात भनिन्छ । जस्तै : अरे, क्यारे, ब्यारे, आदि ।

आर्थी निपात

कुनै अर्थ स्मरण गराउने, अनिश्चिता व्यक्त गर्ने, शङ्का व्यक्त गर्ने, एवम् पत्याउन नसकिने निपात अर्थका आधारमा प्रयोग हुने निपात हुन् । जस्तै : ए, खै, कुन्नि, कि आदि ।

### २.७.९ विस्मयादिबोधक

वाक्यमा प्रयोग भएका मनोभाव टिप्पणी गर्ने खालका शब्दहरू विस्मयादिबोधक हुन्छन् । यस्ता शब्दहरू प्रायः वाक्यको अगाडि आए पनि वाक्यको अङ्ग बनेका हुँदैनन् । “मनका भाव, दशा वा वृक्ति बुझाउने शब्दलाई विस्मयादिबोधक भनिन्छ” (शर्मा, २०५५, पृ. ४९) । यस भनाइलाई हेर्दा विस्मयादिबोधक पदहरू हर्ष, भाव, आश्चर्य, दुखाइ, तिरस्कार, शोक, उपहास, अफशोच, सम्बोधन, अभिवादन, आभार, अनुभूति, स्वीकृति, प्रश्न, निषेध, निश्चय, तृप्ति र निर्देशकवाचक गरी विभिन्न प्रकारका हुन्छन् जलाई निम्नानुसार देखाइएको छ :

हर्षबोधक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि खुसी प्रकट गर्दा निस्केका शब्दलाई हर्षवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : हा हा हा !, अहा !, ओ !, या !, ओ माइ गड ! आदि ।

भावबोधक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि कुनै पनि भावको पराकाष्टा प्रकट गर्दा भाववाचक विस्मयादिबोधक प्रयोग हुन्छ । यसका केही उदाहरणहरू यसप्रकार छन् : वाह !, हे राम !, हे भगवान् !, हा दैव !, धत् ! आदि ।

आश्चर्यबोधक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि आश्चर्य प्रकट गर्दा निस्केका शब्दलाई आश्चर्यवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : ओहो !, ओ !, त्यस्तो !, कस्तो अचम्मको ! आदि ।

पीडावाचक विस्मयादिबोधक

कुनै शब्दले शरीरको दुखाइ प्रकट गराउँदा निस्केका शब्दलाई पीडावाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : अइया !, मरें ...मरें ! आत्थू ! आदि ।

तिरस्कारबोधक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि तिरस्कार प्रकट गर्दा निस्केका शब्दलाई तिरस्कारवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : हैट् !, हत् !, गधा !, कुकुर !, गु खाने !, धत् !, धिक्कार ! आदि ।

शोकबोधक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि शोक प्रकट गर्दा निस्केका शब्दलाई शोकवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : हे दैव !, हे भगवान् !, बा !, आमा !, हा !, हाइ !, ज्या ! आदि ।

उपहासवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि उपहास प्रकट गर्दा निस्केका शब्दलाई उपहासवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : हा ! हा ! आदि ।

अफशोचवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि अफशोच प्रकट गर्दा निस्केका शब्दलाई अफशोचवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : हे दैव !, हे भगवान् !, ऐया बाबा !, ऐया आमा !, नगर्नु गरिएछ ! आदि ।

सम्बोधनवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि सम्बोधन प्रकट गर्दा निष्केका शब्दलाई सम्बोधनवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : आमा !, बा ! आदि ।

आभारवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि आभार प्रकट गर्दा निष्केका शब्दलाई आभारवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : धेरैधेरै धन्यवाद !, तपाईंको अनुग्रह ! आदि ।

अनुभूतितिवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि अनुभूति प्रकट गर्दा निस्केका शब्दलाई अनुभूतिबोधक विस्मयादिबोधक भनिन्छ । जस्तै : ओहो !, स्वर्गजस्तो ! आदि ।

स्वीकृतिवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि स्वीकृति प्रकट गर्दा स्वीकृतिवाचक विस्मयादिबोधक हुन्छ । जस्तै : हुन्छ हुन्छ !, ल ल !, गर्छु गर्छु !, खान्छु !, खान्छु ! आदि ।

प्रश्नवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि प्रश्न प्रकट गर्दा प्रश्नवाचक विस्मयादिबोधक हुन्छ । जस्तै : के रे !, फेरि भन् त ! आदि ।

निषेधवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि निषेध प्रकट गर्दा निषेधवाचक विस्मयादिबोधक हुन्छ । जस्तै : अहँ !, नाइँ !, जान्न-जान्न !, ज्यान गए गर्दिनँ ! आदि ।

निश्चयवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि निश्चय प्रकट गर्दा निस्केका शब्दलाई निश्चयवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : पक्का !, हुन्छ-हुन्छ !, आउँछ-आउँछ ! आदि ।

तृप्तिवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि तृप्ति प्रकट गराउँदा निस्केका शब्दलाई तृप्तिबोधक बिस्मयादिबोधक भनिन्छ । जस्तै : अहा !, क्या मज्जा ! आदि ।

निर्देशकवाचक विस्मयादिबोधक

कुनै शब्दले एक्कासि निर्देश प्रकट गराउँदा निस्केका शब्दलाई निर्देशवाचक विस्मयादिबोधक भनिन्छ । जस्तै : गर् !, खा !, जा ! आदि ।

## २.८ निष्कर्ष

मनिसले आफ्ना दैनिकी व्यवहार चलाउन भाषाको प्रयोग गर्छ । प्रत्येक भाषामा अलग-अलग प्रकृतिका शब्दहरूको प्रयोग हुन्छ । ती पदहरूलाई व्याकरणविद्‌हरूले तिनको संरचना, प्रकृति र तिनले गर्ने कार्यव्यापारअनुसार निश्चित मापदण्ड निर्धारण गरेर वर्गीकरण गरेका छन् । त्यही मापदण्डका आधारमा शब्दहरूको परिभाषा गरेका छन् जसअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक पदहरू पर्दछन् । लेख्य वा कथ्य भाषामा मानिसले जानेर होस् वा नजानेर यसको प्रयोग गरिरहेका हुन्छन् । सर्वसाधारणले प्रयोग गर्ने वाक्यमा प्रयोग हुने यस्ता शब्दहरू व्याकरणिक प्रकार्यप्राप्त भएपछि पदवर्ग हुन्छन् । यस अध्ययनमा यिनै पदको सैद्धान्तिक पर्याधारलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ ।

तृतीय परिच्छेद

# *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त पदवर्ग

## ३.१ विषयपरिचय

ससांरमा कुनै पनि कार्य कारणबाट भएको हुन्छ । पदहरूको कारण वाक्य, वाक्यको कारण चेतना, चेतनाबाट ध्वनिहरूले विभिन्न चरणहरू पार गर्दै वाक्य रूपमा पदवर्गको स्वरूप प्राप्त गर्छन् । *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा वाक्य रूपमा सम्पन्न पदवर्गहरू हुन् । यस गजलसङ्ग्रहमा नाम, विशेषण, क्रियापद, क्रियाविशेषण, समानान्तर रूपमा रहेका छन् भने सर्वनामपद यीभन्दा अल्प मात्रामा र अन्य पदवर्गहरू यिनीहरूका तुलनामा अत्यधिक अल्प मात्रामा छन् । यसमा प्रयोग भएका पदवर्गहरू बहरबद्ध गजलविधाको अनुररण गरेर देश-प्रदेशका समस्याहरूलाई अभिव्यक्ति दिइएको छ । भाषा लेखिने वा बोलिने वस्तु भएकाले लेखक वा पात्रले जे बोल्छ वा जे लेख्छ त्यसमा कार्यकारण सम्बन्धले काम गरेको हुन्छ । जुन समाजमा लेखक बस्छ त्यस समाजको रीतिस्थिति, चालचलन, धर्म-संस्कृति, परम्परा भाषाकै माध्यमबाट व्यक्त भएको हुन्छ । त्यसैले यस अध्ययनमा *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त शब्दहरूको सूचीलाई पदवर्गीय दृष्टिकोणले सङ्ग्रह गरिएको छ ।

## ३.२ नाम पदवर्ग

तालिका नं. १ : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त नाम पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

| | | | | |
|---|---|---|---|---|
| अँध्यारो | खिचातानी | दबाब | बजार | लक्ष्य |
| अखबार | खुसी | दस्तखत | बतास | लाश |
| अग्निशिखा अचम्म | खेतबारी | दिक्क | बदला | वरदान |
| अछाम | खेल | दिन | बदनाम | वर्तमान |
| अधर | खै | दिनरात | बन्धकी | वाचा |
| अनुभूति | खोज | दियो | बस्ती | वार्तालाप |
| अनुहार | गजल | दुखाइ (दुखाई) | बहाना | विचार |
| अनुभव | गजलकार | दुर्जन | बाँकी | विज्ञान |
| अपराध | गन्तव्य | दुबई | बाँदर | विधान |
| अपमान | गन्ध | दुश्मन | बाआमा | विमान |
| अप्सरा | गरिब | दुष्ट | बाइबल | विषय |

| | | | | |
|---|---|---|---|---|
| अभिनय | गल्ती | देवकोटा | बाजुरा | वीरगति |
| अमर | गरिबी | देश | बाटो | वैज्ञानिक |
| अमिर | गीत | द्वन्द्व | बाढी | वैरी |
| अर्थ | गिट्टी | दृष्टि | बुझाई (बुझाइ) | व्यापार |
| अवसर | गीता | धड्कन | बाह्रखरी | व्यवहार |
| असमानता | गुनासो | धन | बेखबर | व्यर्थ |
| असर | गुफा | धरमर | बेरोजगार | लक्ष्य |
| अस्मिता | गुलाब | धरातल | बेहिसाब | संसार |
| अहम् | घर | धर्ती | बैंश | सगर |
| अहङ्कार | घाउ | धर्म | बैरी | सगरमाथा |
| आँसु | घाम | धार | बोतल | सद्भाव |
| आँखा | घामजून | धोका | बोतलका-बोतल | सपना |
| आँगन | घोडा | नकाब | बोली | सम |
| आँधी | चङ्गा | नङ | व्यवहार | समय |
| आँधीहुरी | चरा | नजर | भँवरा | समस्या |
| आँधीतुफान | चिउरा | नजीर | भगवान् | समाधान |
| आकास | चिता | नदी | भन्सार | समाज |
| आखिर | चिहान | नागरिक | भय | संविधान |
| आगो | चीन | नाम | भ्याङ | सम्पति |
| आडम्बर | चुनौती | नारा | भाग्य | सम्बन्ध |
| आत्महत्या | चुप | नारी | भारत | सरकार |
| आतङ्क | चुरा | निधार | भाव | सरोकार |
| आदत | चेहरा | निर्णय | भावी | सबूत |
| आदर्श | चोट | निर्जीव | भिडन्त | (सबुत) |
| आधार | चोर | निवारण | भित्ता | सहर |
| आन्दोलन | छलकपट | निर्धारण | भुइँ | सहिद |
| आभास | छाती | नियति | भूगोल | सहमति |
| आमा | छाया | निसान | भूपी | साँझ |
| आवाज | छाल | पर्खाल | भोक | साँझ |
| आशा | छोराबुहारी | पखेटा | भोगाइ | विहान |
| आश्चर्य | जनता | पद | भ्रम | सागर |
| आसिक | जनमत | पत्थर | मजवुरी | साथी |
| इजलाश | जरुर | परदेश | मझेरी | साधु |
| इतिहास | जल्लाद | परदेशी | मदन | सानु |
| इथियोपिया | जवान | पलपल | मधेश | समाधान |
| इन्धन | जवानी | पसल | मन | सासूससुरा |

| | | | | |
|---|---|---|---|---|
| इराक | जवाफ | पहिचान | मन्दिर | सिन्को |
| इष्ट | जहर | पसिना | मनमुटु | सीप |
| इस्पात | जहाज | पहल | मदन | सीपश्रम |
| ईर्ष्या | जाजरकोट | पर | मसाल | सिमाना |
| उच्चारण | जातीयता | पराइ | मसी | सिरान |
| उज्यालो | जिन्दगी | पल | माझी | सुझाव |
| उत्साह | जीवन | पत्थर | मान्छे | सूनामी |
| उदाहरण | जुनकिरी | पहल | मानवता | सुन्दर (सून्दर) |
| उद्धार | जुनी | पहाड | माया | सूरा |
| उधारो | जुलुस | पहिचान | मालिक | सुरुवात |
| उन्माद | जुन | पहिरो | मित्र | सोचाइ |
| उपहार | जुनतारा | पानी | मुटु | शोभा |
| एक | जोस | पारा | मुनाफा | सौन्दर्य |
| एकता | ज्ञान | पालो | मुना | स्मशान |
| ऐना | झझल्को | पीडा | मूर्ख | स्पर्श |
| ओखती | झाडा-पखाला | पीर | मूस्कान (मुस्कान) | स्पन्दन |
| ओछ्यान | झुपडी | पुर्खा (पूर्खा) | मूर्ति | स्वाभिमान |
| ओत | झुप्रो | पुष्प | मूल्य | स्वार्थ |
| औकात | टक्टकी | पुत्ला | मैनबत्ती | शब्द |
| औषधि | टुहुरा | पुरा | मोति | सहिद |
| कर्णाली | टेलिभिजन ठेगाना | पैताला | मौसम | शान्ति |
| कथा | डर | पैसा | यकिन | शालिक |
| कला | डरत्रास | प्यार | यात्रा | शिखर |
| कलम | डिल | प्यास | यात्री | शिष्टता |
| कविता | डुङ्गा | पृथ्वी | याद | सैतान |
| कसुर | डोरी | प्रगति | युग | श्रम |
| काँडा | ढाँट | प्रचार | युद्ध | शृङ्गार |
| काठमाण्डु | ढुकुटी | प्रतिवाद | युवा | हङ्गामा |
| कान्छो | ढुङ्गा | प्रतिभा | यौवन | हतार |
| कान | ढोका | प्रतिष्ठा | रगत | हतियार |
| काम | तक्दिर | प्रभाव | रङ्ग | हरण |
| किनार | तनाव | प्रतिस्पर्धा | रङ्गिन | हरपल |
| किनबेच | तमसुक | प्रार्थना | रमझम | हल्ला |
| कुकुर | तयारी | प्रयास | रमिता | हाँगा |
| कुरा | तराई | प्रलय | रवाफ | हाड |
| कुरान | तलाश | प्रसार | रश्मि | हार |

| | | | | |
|---|---|---|---|---|
| कुलत<br>कुविचार<br>केवल<br>क्रम<br>क्रान्ति<br>क्षमा<br>खण्डहर<br>खत<br>खबर | तस्बिर<br>ताँती<br>तारा<br>त्रास<br>तुफान<br>तोक<br>थाहा<br>दखल<br>दम्भ | फकिर<br>फाँट<br>फरक<br>फाँट<br>फूल<br>फूलअक्षता<br>फूलमाया<br>फेरबदल<br>फैसला<br>बच्चा | रहर<br>राजा<br>राजधानी<br>रात<br>रातिदन<br>राम<br>रावण<br>रूप<br>लटाइँ | हालीमुहाली<br>हावा<br>हिउँ<br>हिम्मत<br>हिसाब<br>हुरी<br>हेराइ<br>हैसियत<br>हृदय<br>होसियार |

## ३.३ सर्वनाम पदवर्ग

तालिका नं. २ : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त सर्वनाम पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

| | | | | |
|---|---|---|---|---|
| आफू<br>आफैँ<br>ऊ<br>को<br>कसले<br>कसकसले<br>कसैलाई<br>कुनै | के<br>के-के<br>कोही<br>जसले<br>जसलाई<br>जेसुकै<br>तपाईं<br>तँ | तँलाइ<br>तिमी<br>तिमीले<br>तैं<br>तैंले<br>त्यही<br>त्यसैले<br>फलाना | त्यो<br>म<br>मलाई<br>मै<br>मैले<br>यस् (यस)<br>यता<br>यही | यिनै<br>यी<br>यो<br>सबै<br>सबैलाई<br>हामी |

## ३.४ विशेषण पदवर्ग

तालिका नं. ३ : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त विशेषण पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

| | | | | |
|---|---|---|---|---|
| अर्कै<br>अक्सरजस्तो<br>अचानोझैँ<br>अडिग<br>अति<br>अर्थहीन<br>अधिक<br>अधुरा | कोभन्दा<br>कैयौं<br>क्षणिक<br>खण्डहरजस्तो<br>खराब<br>खुकुरीको<br>खुराफाती<br>खुब | तिम्रो<br>ती<br>तेरो<br>त्यत्ति<br>त्यत्तिकै<br>त्यो<br>त्योभन्दा<br>त्यस्तो | बदल्ने<br>बदनाम<br>बदलिएको<br>बनाउने<br>बनाएको<br>बनेको<br>बन्ने<br>बमबारुदको | यो<br>रङ्गिन<br>रमझम<br>रमिता<br>रहरको<br>राजा<br>राम्रो<br>रुने |

| | | | | |
|---|---|---|---|---|
| अनागरिक | खेलको | दखल | बस्नेहरू | लड्ने |
| अनेकन | खेल्ने | दलहरूको | बहुत | लाग्ने |
| अनुभवको | खोजेको | दाजुभाइको | बहुतै | लाशहरूको |
| अनुभुतिको | गएका | दिएको | बाँकी | लेखेको |
| अनेक | गएको | दिक्क | बाँचेकै | लेख्ने |
| अनौठो | गजलको | दिक्दार | बाँच्नुपर्ने | वरिष्ट |
| अन्तिम | गजलकारहरूको | दुई | बाँच्ने | विगत |
| अन्तिमपटक | गजलकारको | दुखाउने | बाह्रथरीका | विधान |
| अपमान | गन्तव्य | दु’खी | बिचरा | विभाजन |
| अभीष्ट | गरिब | दुख्ने | बिचरी | विरुद्ध |
| अवला | गरेको | दुनियाँका | बिरानो | विवादित |
| अवसर | गरिएको | दुनियाँको | विश्वासको | विश्वासको |
| अविरल | गर्ने | दुर्जन | विश्वासघाती | विस्थापित |
| अव्यक्त | गर्नेहरूले | दुवै | बुढा | वेरोजगार |
| असङ्ख्य | गलत | दुष्ट | बुद्धको | व्यर्थ |
| असल | गहिरो | दुष्कर्मको | बेखवर | सहिदको |
| आँखाको | गाँउका | दुश्मनी | बेग्लै | शानसँग |
| आकासका | गाडिएका | देखावटी | बेच्ने | शान्ति |
| आखिर | गुमाएका | देखिएका | बेच्नेले | शिष्टता |
| आगन्तुकझैँ | घनिष्ठ | देखेका | बेठिक | शुक्लपक्षका |
| आत्मीय | घरको | देशको | बेरोजगार | शोकाकुल |
| आधा | घाटानाफाको | दोषी | बोल्ने | सँगसँगैका |
| आफन्तको | चढ्ने | दौडिएका | ब्युँझिएका | सधैँसधैँ |
| आफ्ना | चम्किला | नयाँ | भएको | सधैँ |
| आफ्नै | चिन्ने | नआउने | भड्काउनेहरूले | सम्झनाको |
| आफ्ना | चुलिएको | नदीको | भत्केको | संसारका |
| आमाको | चोखो | नदुख्नुपर्ने | भन्ने | सङ्गत |
| इज्जतको | चोटैचोटको | नपुगझैँ | भन्नेले | सजिलो |
| इतिहासकै | छालहरूको | नबेच्ने | भन्नेहरू | सज्जन |
| इमान | छुन | नमिठा | भयङ्कर | सताइरहने |
| उज्यालो | छोड्नुपर्ने | नवीन | भावुकझैँ | सत्य |
| उडाउने | जति | नसक्ने | भाग्यमानी | सपनाको |
| उति | जतिसुकै (जतिसूकै) | नसोचेका | भिजेका | सफरजस्तो |
| उत्सूकझैँ (उत्सुकझैँ) | जनताको | नहिँडेका | भित्ताको | सबथोक |
| उदास | जन्माउने | नहुने | भोका | सबै |
| उदास | जरुरी | नाजुकझैँ | मजदुरहरूको | सबैको |

| | | | | |
|---|---|---|---|---|
| उधारो | जलाउने | नानाभाँती | मजवूरी | सम |
| उनकै | जलेका | निको | मदिराको | समयको |
| उनको | जसको | निर्जीव | मनको | समथर |
| उल्टो | जस्तै | निदाउने | मनपरेको | समस्याको |
| उसै | जस्तो | निदाएका | मनभित्रको | समाउनै पर्ने |
| उसको | जस्तोसुकै | निरक्षरजस्तो | मनभरिको | समुन्द्रका |
| उस्तै | जहरजस्तो | निर्दिष्ट | ममताको | सरोकार |
| उही | जातीय | निष्ठुरी | मरेको | सहिदको |
| एउटा | जाने | निष्ठुरीका | मर्ने | साट्ने |
| एउटै | जाली | निश्चल | मलिन | साथीभाइको |
| एकदिन | जिउँदै | पढेका | महँगीले | सानु |
| एकपटक | जिन्दगीको जीवनको | पढ्नेहरू | महलको | सानो |
| एकै | जुनका | पत्थर | महाभारतका | सानैदेखिको |
| एक्लै | जुनको | पत्थरको | मायाको | सारा |
| एक्लो | जोसुकै | परदेशी | माछाको | सार्वजानिक |
| ऐनाजस्तै | जो | परदेशीको | मान्छेका | साबित |
| कति | जोड्ने | पराई | मान्छेको | सिङ्गो |
| कतिपय | झुटो | पराजीत | मान्छेभित्रका | सुखको |
| कर्णालीको | टाढा | परिको | मान्छेहरूको | सुन्दर |
| कतिलाई | टिप्ने | परिणत | माटोको | सुन्दरीको |
| कमजोर | टिपुलाझैँ | पसिनाको | मार्मिक | सैतानसँग |
| कमसेकम | ठान्ने | पसेका | मासुको | सोच्दै |
| कर्म | ठिक | पहिलेको | मिठो | नसोचेका |
| को | ठुलाठुला | पहिलो | मुटुको | सोचेजस्तो |
| कसले | ठालुहरूकै | पुग्ने | मुस्किल | सोझा |
| कसकसले | ठुलो | पुष्पको | मेरा | सोमालियाजस्तो |
| कसैको | डरलाग्दो | पुष्पजस्तै | मेरी | सौन्दर्यको |
| कसैका | ढुङ्गाका | पुरा | मेरो | स्वर्गका |
| कसैकसैका | तातो | पुराना | यति | स्वाभीमान |
| कस्तो-कस्तो | त्तिा | पुरानै | यसरी | स्वार्थी |
| कस्तो | द्रौपदीको | पुरानो | यसै | हजारौँ |
| कागजका | धनी | प्रकाशित | यसो | हराएको |
| कागजको | धरमर | प्रतिशोधको | यस | हरिया |
| काट्ने | धेरै | प्रेमिकाको | यस्तै | हरेक |
| कानुनको | धेरैपटक | फकिरहरूको | यस्तो | हाँसिरहेको |
| कानुनका | धोका | फटाहाको | यही | हामीबिचको |

| | | | | |
|---|---|---|---|---|
| कान्छो | तिन्को | फरक | यान्त्रिक | हामी दुवैले |
| केके | तिनै | फूलजस्तै | यी | हाम्रो |
| केही | तिमीजस्तै | फूलहरूको | युगझैँ | हार्दिक |
| कोमल | तिम्रा | बगाउनेले | युद्धको | हुनाक |
| कोको | | बडो | युवाहरूको | |

## ३.५ क्रियापद

तालिका नं. ४ : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त क्रियापद पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

| | | | | |
|---|---|---|---|---|
| अघाएको छ | छौ | पढेका छैनन् | भत्किएको छ | सम्झाउँथे |
| अडिन्छ | छ्यौ | पत्याएन | भन | सम्झाएको छ |
| अल्झिएको छ | जन्मन्छन् | पायो | भन्दै छन् | सम्झाएका छैनन् |
| आँउछ | जप्छन् | पाएको छ | भन्दै थिएँ | |
| आउँछन् | जलाइन्छ | पिउँछन् | भन्दैनन् | सम्झिरहे छ |
| आउँथ्यौ | जलिरहे छ | पुगिसके | भएन | सम्झिन्छ |
| आउँदैन | जान सक्छ | पुगेन | भनिरहनुपर्दैन | सम्झिएको छ |
| आइरहन्छ | जान्छन् | पुग्छन् | भनेँ | सम्झ्यो |
| आऊ | जान्छ’ | पुग्दैन | भनेको छु | सकिए |
| आउला | जोडिने छ | पुग्नु थियो | भन्छन् | सकिएन |
| आउलान् | झुक्याएन | पुरिएको छ | भन्छु | सकिन्छ |
| आउन सक्छ | झुक्छन् | फर्किएला | भन्नुस् | सकिन्न |
| आउने छ | झुक्किएको छु | फर्किएका छन् | भन्नुहुन्थ्यो | सक्छ |
| आएको छ | टाढिन्छन् | फर्किएको छ | भन्यो | सक्छस् |
| उठेछ | टुङ्गिने छ | फसाउलान् | भयो | सक्छु |
| उडाउ | टेकेका थिए | फस्टाउँछ | भन्थ्यो | सक्तैन |
| उफ्रने छन् | ठानिरहेको छ | फेरिन्छन् | भन्यौ | सक्दैनन् |
| उफ्रेलान | डराएका छौ | फैलिएला | भागिरहे छन् | सक्नेछन् |
| उभिएको छ | ढाँटिहाल्यौ | बगाएका छैनन् | भुलाएको छ | सच्याउ |
| उभ्याउने छु | ढुक्छन् | बगाएको छ | भुलेका छन् | सच्याएन |
| कमाउनु छ | ढोगियो | बगाएका छौ | भेटाएन | सजाइस् |
| कराएका छैनन् | तप्क्यो | बग्छन् | भेटिएलान् | साट्यौ |
| कुटिरहे छ | थाल्यो | बताउने छ | भो | साट्न हुन्थेन |

| | | | | |
|---|---|---|---|---|
| खुल्दैनन | थिए | बद्लिएको छ | मर | सार्छ |
| खोजिरहेछु | थिएन | बद्लिएको छैन | मरिस् | सुनाइन्थ्यो |
| खोजी रहेछन् | थियो | बदल्छन् | मरिसक्यो | सुनिन्थ्यो |
| खोजे | थियौ | बन | मागियो | सुम्पिदेऊ |
| खोजेको हो | थुनिएको छ | बनाउ | मिल्छ | सोच |
| गए | दिऊँ | बनाइरहन्छ | रचिरहन्छ | सोचिरहेका छन् |
| गएछ | दिन्छ | बनाइस् | रमाउँछ | सोचिरहेछ |
| गएका छन् | दिन्छु भन्यौ | बनाइरहे छन् | रमाउन सक्छ | सोच्नपर्थ्यो |
| गएका थिए | दुखाएका छौ | बनाउँछ | रमाएको छैन | सोध |
| गएका छौ | दुखेको छ | बनाउँछु | रहेन | हराउँछ |
| गएकी छ्यौ | दुख्छन् | बनाउन पर्दैन | राख | हराउने छ |
| गएको छ | दुख्ने थिएन | बनाएको छ | रित्यायौ | हराए |
| गएन | देखा | बनाएका छैनन् | रुन्छ | हाँसिरहेको छ |
| गर | देखाइन्छ | बनाएको छ | रैछ | हाँस्छ |
| गराउछन् | देखाइस् | बनायो | रोइरहे छ | हारेको भए |
| गराइस् | देखाउन छ | बनाउँछ्यौ | रोइरहेको छ | हिँडेका छन् |
| गरिनस् | देखिएका छन् | बनोस् भन्थे | रोए | हिड्न पर्छ |
| गरिरहेकी छ्यौ | देखिन्छ | बन्द छ | रोएकी छिन् | हिँड्यो |
| गरुँ | देखिन्छन् | बन्नुछ | रोएको छ | हिँडेको छ |
| गरे | देखिरहे छन् | बस्थे | रोयौ | हुत्तिन्छन् |
| गरेको छु | देखिरहेछौ | बस्नू | लखेटिरहेछ | हुँदै छ |
| गर्छ | देख्छ | बहेन | लगाएका छैनन् | हुँदैनन् |
| गर्छु भन्थिस् | दौडिरहे छ | बाँचेकै छु | लगाएन | हुन सक्छ |
| गर्छौ | दौडिरहे छन् | बाँच्नुपर्ने छ | लगाइन्छ | हुनुपर्छ |
| गर्दै छन् | नकिन्नू | बिर्सन्छ | लगाइस् | हुनुपर्दैन |
| गर्नुपर्थ्यो | नगर | बिर्सिथ्यौ | लगाउँछ | हुनुपर्थ्यो |
| गर्नुहुन्छ | नगर्नुहोला | बिर्सेका छन् | लगाउने छ | हुनुछ |
| गर्‍यो | नपढ | बुझ | लगायो | हुनुहुँदैन |
| गर्‍यौ | नपिन्नू | बुझिनौ | लड्नु छ | हुने छ |
| घटाइस् | नभैदिए हुन्थ्यो | बुझेन | लागेको छ | हुन |
| घोक्छन् | नसम्झिनू | बुझ्न छ | लागि सक्यो | हुन्छ |
| चर्किएको छ | नसम्झाऊँ | बुझ्नै पर्छ | लाग्छ | हुन्छन् |

| | | | | |
|---|---|---|---|---|
| चलिरहे छ | नसकिनेभो | बुझ्यौ | लाग्थ्यो | हुन्थ्यो होला |
| चल्छ | नसुनूँ | बुझ्दैबुझ्दैन | लाग्दै छन् | हेप्छन् |
| चाहन्थे | नसुनाऊँ | बेचिएका छौ | लाग्दैन | हेर |
| चाहन्छ्यौ | नसोध | बेचिन्छन् | लाग्ने छ | हेरिरहे छन् |
| छन् | नहिँड्नू | बेचिरहेछ | लिने छन् | हेर्छन |
| छ | नहुनू | बोल | लुकाएका छौ | हेरे |
| छैनन् | नहेर्नू | बोल्छस् | लुक्छन् | हेर्छ |
| छोऊ | निदाएका छैनन् | बोल्नभएको छ | लेखिएको छ | हेर्नु छ |
| छोडिदिनुस् | पछुताउने छ | भएको छु | लेखूँ | हो |
| छोपिन्छ | पठाउनुछ | भएको हो | विदेसिन्छन् | होइन |
| पठाएका छौ | पठाउने छ | भएन | सम्झ | होला |
| पढे | पठाइरहे छ | भत्काएका छौ | सम्झन्छन् | होस् |

## ३.६ क्रियाविशेषण पदवर्ग

तालिका नं. ५ : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त क्रियाविशेषण पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

| | | | | |
|---|---|---|---|---|
| अँध्यारो | कोसिस | तराइमा | बट्टाभित्र | सबालमा |
| अँधियामा | कोही | तर्साउन | बढेपछि | सहरमा |
| अगाडि | खतरामा | तस्बिरमा | बताउन | साँच्चै |
| अक्सर | खामभित्र | तिमीबाट | बदलिन | साँझ |
| अखवारहरूमा | खुलाशा | तिमीबाटै | बदल्नै | साँझबिहान |
| अघाउँदा | खुलेआम | तिमीसँग | बनाइ | साथमा |
| अचानक | खुसीमा | तिमीसँगै | बनाउन | साटेर |
| अचेल | खेर | त्यत्तिबेला | बनाएर | साट्न |
| अझ | खेलेरै | त्यसैले | बनेर | सायद |
| अझै | खेलौनामा | थन्किएपछि | बन्न | सालिकमा |
| अञ्जनासँग | खोजे | दबावमा | वर्षौंदेखि | सुनाइनुअघि |
| अनुहारमा | खोजेर | दरबारसम्म | बलेसिमा | सैतानसँग |
| अन्तिमपटक | खोसेर | दिउँसै | बस्तिभित्र | सोची |
| अब | गएर | दिएर | बस्नै | सोचेपछि |
| अभावमा | गन्तव्यमा | दिनहुँ | बाँच्न | सोच्दै |
| अभिनयबाट | गरेर | दिनहुँजसो | बाँच्नै | सोधेपछि |

| | | | | |
|---|---|---|---|---|
| अभिमानमा | गरेरै | दुःखाएर | बाँडेर | हङ्गामा |
| अलिकति | गर्दै | दुनियाँदेखि | बाँधेर | ह्चुवामा |
| आउँदा | गर्न | दुनियाँमा | बाटेर | हटाएर |
| आँखाबाट | गर्नकै | देखाएर | बारम्बार | हट्हट्गर्दै |
| आँखाभरि | गाउँबस्तीबाट | देखेर | बाल्न | हतारमा |
| आँखामा | गाउँमा | देख्न | बाहिरै | हत्केलामा |
| आँधीसँग | गाउँगाउँमा | देशमा | बिक्रीमा | हरक्षण |
| आँखाहरूसँग | गुँडमै | धर्तीमा | बितेर | हरघडी |
| आउन | घरनजिकै | नजरमा | बिर्सन | हरपल |
| आएर | घरमा | नजिक | बुझेर | हरदम |
| आकासमा | घरभित्र | नदीसँग | बुझेरै | हराउन |
| आकृति | घातप्रतिघातमा | नदेखी | बुझ्नै | हरेक दिन |
| आखिर | घुमाउन | नपत्याए | बेलामा | हरेकपटक |
| आज | चढाउन | नपत्याउँदोसँग | बोकी | हातमा |
| आफैँ | चढाएर | नबुझेर | बोकेर | हातैभरि |
| आवेगमा | चढेर | नबोलेपछि | ब्युँझाएर | हार्न |
| आशयबाट | चपाएर | नभेटेपछि | भँवरामा | हिजो |
| इतिहासबाट | चरामा | नभेटिएपछि | भएजति | हिजोअस्ति |
| इजलासमा | चर्चामा | नाप्न | भएपछि | हिजोआज |
| उचाल्दै | चलाएर | निर्णयकमा | भएर | हिजोकै |
| उज्यालामा | चिन्न | निद्रामा | भगवान्सँग | हिँड्न |
| उठाउन | चुमेर | निधारमा | भट्टीभित्र | हिजोसम्म |
| उधारामा | च्याम्बरमा | नियालेर | भट्टीमा | हेरेर |
| उपहारमा | छलीछली | निष्ठुरी | भत्काएर | हेर्दा |
| उसँग | छातीभरि | निसास्सिएर | भत्किएर | हेर्दै |
| उसरी | छातीमा | नेप्पथ्यमा | भनसुनमा | हेर्न |
| उसै | छिनछिनमा | पक्कै | भन्दैमा | हृदयबाट |
| उसैगरी | छिनछिनमै | पग्लिएर | भन्न | हृदयमा |
| उस्तै | छिरेपछि | पटकपटक | भाँचेर | मैदानसँग |
| एकदिन | छुँदा | पठाएर | भाग्यमा | यहाँ |
| एकपटक | छोडेर | पढेर | भुमरीमा | यता |
| एकान्तमा | छोडेपछि | पत्थरमा | भुलेर | यतिबेला |

| | | | | |
|---|---|---|---|---|
| ऐनामा | छोपेर | पर | भेटमा | यदि |
| ऐनासँग | छोप्न | परदेशमा | भेटेर | यसरी |
| ओठहरूमा | जहाँ | पराजयबाट | भोलि | यसै |
| कसरी | जतिबेला | परिभाषामा | मजवुरी | यसैगरी |
| कहाँकहाँ | जन्माएर | पर्दापछाडि | मनभित्र | यसो |
| कहाँ | जब | पलपल | मन्दिरमा | यादहरूमा |
| कठघरामा | जरामा | पहरामा | मर्दामर्दै | रमाउन |
| कता | जरुर | पाइलामा | मध्यरातमा | राखी |
| कति | जलेपछि | पाइलैपिच्छे | महलदेखि | राखेर |
| कतिन्जेल | जसरी | पाएर | महलमा | रातभर |
| कतिपयबाट | जहिले | पिएर | महँगीमा | रातिराति |
| कतिपटक | जिउँदै | पिएरै | महेफिलहरूमा | रुवाएर |
| कतिबेला | जित्न | पिँजडामा | मातेर | रुँदै |
| कमसेकम | जिन्दगीभर | पिठ्युँमा | माथिबाट | लगनबिना |
| कमाउन | जिन्दगीमा | पुगेर | मान्छेमान्छेमा | लगाएर |
| कैले (कहिले) | जुनमा | पुगेपछि | मान्छेमा | लगातार |
| कहिलेसम्म | जुनसँग | पुजेर | मान्छेसँग | लुकाएर |
| कहिल्यै | जुनीमा | प्यारवाट | मान्छेहरूमा | लुकीलुकी |
| कागजभित्र | झन | प्रचारमा | मात्र | लेखेर |
| काटेर | झुपडीमा | प्रतिशतमा | मात्रै | लेख्दालेख्दै |
| किन | झुपडीमै | प्रतिशोधमा | मित्रतामा | लेख्न |
| किनारबाट | झोलामा | प्रतिस्पर्धामा | मुटुसँग | व्यवहारमा |
| किनारबाटै | टन्न | फूलमा | मूर्तिहरूमा | शतप्रतिशत |
| किनारमा | टिपेर | फूलसँग | मुहारमा | शानसँग |
| किनेर | टेकेर | फेदबाट | सत्तामा | शौचालयमा |
| किन्न | ठाँउमा | फेरि | सदनमा | शृङ्गारबाट |
| कुन्नि | डस्दा | फेर्न | सपनामा | सकिएपछि |
| कुरामा | डुबेर | बगाएर | सबथोक | सडकमा |
| केवल | डोकामा | बगाएरै | समयबाट | |
| केही | ढलेपछि | बग्न | समयसँगै | |
| केहीगरेरै | ढाँटेर | बजारबाट | सम्बन्धमा | |
| कोठामा | ढुक्क | बजारमा | सरकारबाट | |

### ३.७ संयोजक पदवर्ग

तालिका नं. ६ : *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त संयोजक पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

| | | | | | |
|---|---|---|---|---|---|
| अनि<br>अब<br>कि | किन<br>जब<br>जो | तर<br>तै<br>नत्र | बरु<br>भनी<br>भने | भने<br>पनि | र<br>या |

### ३.८ नामयोगी पदवर्ग

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त नामयोगी पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

उता, निम्ति, बिना, माथि, लागि, सँगै आदि ।

### ३.९ निपात पदवर्ग

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त निपात पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

खै, त, झैँ, न, नि, निकै, नै, पो, भो आदि ।

### ३.१० विस्मयादिबोधक पदवर्ग

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयुक्त विस्मयादिबोधक पदवर्गका शब्दहरू निम्नानुसार रहेका छन् :

कठै, त, वाह, अफसोच आदि ।

### ३.११ निष्कर्ष

प्रस्तुत गजलसङ्ग्रहमा प्रयोग भएका पदवर्गहरू व्याकरणिक देखिन्छन् । प्रायः दुरुह, क्लिष्ट, अबोध्य र अप्रायोगिक पदवर्गहरू गजलमा भेटिँदैनन् । सबैले बुझ्नसक्ने पदवर्गहरूको प्रयोग गरेर गजलकारले आफ्नो शब्दशिल्पी प्रस्तुत गरेका छन् । यिनले गजलमा प्रयोग गरेका पदवर्ग तत्सम, तद्भव, झर्रा र आगन्तुक सबै खाले स्रोतका शब्दहरू नेपाली माटामा भिजिसकेका देखिन्छन्, जसले गर्दा देशका जुनसुकै भागमा रहेका नेपालीहरूले गजलमा भएका विषयवस्तुहरूद्वारा देशको वास्तविक अवस्थाको बोध गर्न सक्छन् । यो उनले नेपाली समाज, नेपालीभाषा र नेपाली गजलप्रति गरेको अविस्मरणीय योगदान मान्न सकिन्छ ।

# चतुर्थ परिच्छेद

# *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय अध्ययन र योगदान

## ४.१ विषयपरिचय

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा देशका समसामायिक विषयवस्तुहरूको वर्णन भएकाले पनि समसामयिक, चलनचल्तीका र जनजिब्रोले पचाएका पदवर्गहरू भेटिन्छन् । यसका अतिरिक्त आगन्तुक र तत्सम शब्दहरू पनि गजलमा उत्तिकै मात्रामा प्रयोग भएका छन् । तद्भव शब्दहरूको मात्रा पनि गजलमा उत्तिकै छ । देशका समसामायिक विषयवस्तुहरूको वर्णन भएर पनि यस गजलसङ्ग्रहमा ठेट नेपाली (झर्रा) शब्दहरूको प्रयोग भने न्यून मत्रामा प्रयोग भएका देखिन्छन् ।

## ४.२ *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय अध्ययन

मानिसले चेतनाको प्रयोग भाषाद्वारा गर्दै आएको छ । परापूर्वकालदेखि नै आफ्ना अभिव्यक्तिहरूलाई आलङ्कारिक रूपले व्यक्त गर्न विभिन्न विधाहरू आविष्कार गरेको छ जसअन्तर्गत अहिलेसम्म मुख्य रूपले प्रचलनमा आएका विधाहरूमा कथा, कविता, नाटक र गजलका माध्यमबाट समाजमा घटित घटनाहरूलाई प्रकाश पार्दै आएका छन् । यी सबै विधाहरूमा अभिव्यक्त गर्ने शैली फरक भए पनि माध्यमचाहिँ भाषा नै हो । *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा पदवर्गहरूलाई गजलको शैलीमा ढालेर संसारभरमा घटित घटनाहरूलाई देखाउने प्रयास गरिएको छ र त्यस क्रममा प्रयुक्त पदवर्गसम्बन्धी चर्चा गर्नु सान्दर्भिक हुन्छ । गजलकार 'अञ्जली'ले एकहत्तरवटा गजलहरूमा विषयवस्तुअनुसार पदवर्ग चयन गरेको देखिन्छ । सामाजिक, राजनैतिक, सांस्कृतिक, धार्मिक, न्यायिक, साहित्यिक, व्यापारिक विषयवस्तुहरूको वर्णनमा तत्तत् विषयका प्रचलित शब्दहरूको प्रयोग गरेर जीवित शब्दहरूलाई प्रभावकारी बनाएका छन् । यसमा गजलकारले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातसहित नौवटै पदवर्गको आवश्यकताअनुसार प्रयोग गरेका छन् । *वाह ! काठमाण्डु* गजलसङ्ग्रहभित्र सङ्गृहीत गजलहरूमा प्रयुक्त पदवर्गसम्बन्धी चर्चा निम्नानुसार प्रस्तुत गरिएको छ :

गजल एक

गजल एक पाँच शेरमा संरचित छ । यस गजलमा काठमाडौँमा मौलाउँदै गरेका सामाजिक र राजनैतिक पक्षका विभिन्न शृङ्खलाहरूको वर्णन गरिएको छ । अनेक प्रकारका स्वार्थका खेलहरूमा देशको राजधानीका रूपमा रहेको काठमाडौँअगाडि रहेको, सधैं स्वार्थको लडाइँमात्र रहेको र त्यसको कुनै टुङ्गो नरहेको, नेतृत्ववर्गहरूले टुङ्गो न बुङ्गोको कुरो गरेको, व्यापारको क्षेत्रमा पनि कालोबजार व्याप्त रहेको, राजनीतिकवर्ग र नेतृत्ववर्ग पद र प्रतिष्ठाको होडबाजीमा रुमल्लिएको, सधैँ देशको राजधानीका रूपमा रहेको काठमाडौँ सहरका नेतृत्ववर्गहरूको ध्यान देशका सुदूरक्षेत्रका गतिविधिहरूमा नपुगेको, यसरी देशको राजधानीमा स्वच्छता हराउँदै गएर खुराफाती खेलहरूमा अगाडि बढेको, अवाञ्छनीय गतिविधि मौलाएका विषयवस्तुहरूलाई गजलकारले आफ्नो गजलको विषयवस्तु बनाई उल्लेख गरेका छन् ।

यस गजलमा छाती, विश्वासघाती, रातिराति, नानाभाँती, ताँती, खुराफाती काफियाका रूपमा प्रयोग गरिएको छ भने 'वाह ! काठमाण्डु' पदलाई रदिफका रूपमा प्रयोग गरिएको छ ।

यस गजलमा केवल, प्रतिष्ठा, विश्वासघाती, पद, ताराजस्ता तत्सम शब्द छन् । तद्भव शब्दहरूमा मात्रै, पत्थर, मोती, ताँती, तेरो, काठमाण्डु, तँलाई, दाउपेच, केके, रातिराति, जित्न, हार्न, सधैँ, दह्रो, रैछ, छाती, खिचातानी, उस्तै, हुन्छ, न सक्छस्, र, घाटाजस्ता शब्द आएका छन् र झर्रा शब्दमा खै, अनि छन् । आगन्तुक शब्दका रूपमा सहर, खबर, सिक्का, नाफा आदि प्रयोग भएका छन् ।

यस गजलमा घर, सहर, मसी, सिक्का, खबर, तारा, आधार नामपदवर्गका छन् भने म, तिमी, तिम्रो, सर्वनाम पदवर्गका छन् । नयाँ, सपनाको, मेरो, चम्किला विशेषण पदवर्ग हुन् । बनाइरहन्छ, सकिए, सुम्पिदेऊ क्रियापद हुन् । दिनहुँजसो, आँखाभरि, मुहारमा, छिपेर क्रियाविशेषण हुन् । पनि संयोजक पदवर्गको शब्द हो ।

गजल दुई

गजल दुई पाँच शेरमा संरचना गरिएको छ । यस शीर्षकको गजलमा काठमाडौँमा के हुनुपर्नेमा के भएको छ ? सामाजिक व्यवहारमा स्वच्छता नभएको, राजनीतिक व्यवहार पनि त्यस्तै स्थापित भएको, मन्दिरहरूमा धूप, बत्ती, आरती, भजन-कीर्तन भएन भने के हुन्छ ?

यस्तै झुठा आश्वासनहरूले जनताले विद्रोहको सङ्केत गरेको र प्रेमिकाले प्रेमीप्रति घात गरेजस्तै नेतृत्ववर्गले जनताप्रति धोकाधडीका व्यवहार गरेको कुराहरूलाई नै सामाजिक र राजनैतिक विषयवस्तुका रूपमा उल्लेख गरेका छन् ।

यस गजलमा रहेन, गएन, बहेन, बुझेन, सहेन काफियाका रूपमा प्रयोग गरिएका छन् भने के हुन्छ होला ? रदिफका रूपमा प्रयोग गरिएको छ ।

प्रस्तुत गजलमा तत्सम शब्दका रूपमा प्रार्थना, मूर्ति, यदि, सम्बन्ध, नदी, भ्रम, युद्ध, सौन्दर्य, उपहार, सम्बन्ध, घात, प्रतिघात, फूल रहेका छन् भने तद्भव शब्दका रूपमा साँच्चै, नङ, मासु, सोच, आँखा, मान्छे, तिमी, यिनै, सहेन, र, हुन्छ, होला चढाउन, सपना, बोकेर, ओढेर शब्दहरू रहेका छन् । झर्रा शब्दहरू भने, ढुङ्गा, बाटो, हुँदै, अचानोझैँ, छाती आएका छन् भने आगन्तुक शब्दका रूपमा तयारी, सायद, आदि पदहरू रहेका छन् ।

यस गजलभित्र नामशब्दका रूपमा नदी, नङ, मासु, सम्बन्ध, ढुङ्गा, मूर्ति, प्रार्थना, फूल, भ्रम, सपना, बाटो, तयारी, मान्छे, घात, प्रतिघात, छाती आएका छन् । मासुको, ढुङ्गाका, देखिएका, आँखाको, युद्धको, अचानोझैँ आदि शब्दहरू विशेषणपद हुन् । रहेन, भएन, गएन, बहेन, बुझेन, सहेन, हुन्छ होला आदि क्रियापदमा रहेका छन् । क्रियाविशेषणका रूपमा साँच्चै, नदीसँग, मूर्तिहरूमा आएका छन् । पनि, र भने संयोजकका रूपमा देखापरेका छन् भने त निपातमा प्रयोग भएको छ । सोच त ! विस्मयादिबोधक पदवर्गका रूपमा रहेको छ ।

गजल तीन

गजल तीन शीर्षक रहेको गजलमा पाँच शेर छन् । यस गजलमा लेखकले समुन्नत देश र सुन्दर समाजको कल्पना, आफूमा आर्थिक अभाव भए पनि देश र समाजका लागि मरिमेट्ने, यदि आफ्नो हातमा देशको ताल्चा चाबी भए आफूले देशलाई संसारसामु चिनाउने र आफ्नी प्रेमिकालाई सधैँ हँसिलो राख्ने सामाजिक, राजनीतिक र प्रेमसम्बन्धी विषयवस्तुहरूलाई उल्लेख गरेका छन् ।

गजलकारले यसमा रदिफका रूपमा बनाइरहन्छु को प्रयोग गरेका छन् भने काफियाका रूपमा घर, सहर, खबर, अमर, अधर, समथर पदहरू प्रयोग गरेका छन् र अन्त्यमा तखल्लुस विधिको प्रयोग गरेका छन् ।

यो गजलमा तत्सम शब्दहरूमा भाग्य, भविष्य, मसी, देश, संसार, नाम, अमर, आकास, मुहार, धर्ती, तारा, अधर, पुष्प, भूगोल आदि रहेका छन् । तद्भवमा दिनहुँजसो, समान, म,

मेरो, चम्किला, तिम्रो, यो, भन्छ, समथर, नयाँ, आँखाभरि, सपना, तिमी, तिम्रो, बनाइरहन्छु, र, सिङ्गो, सुम्पिदेऊ, जूनको, बाँचेरै, घर आदि छन् । झर्रा शब्दमा पनि छ । आगन्तुकमा बेखबर, जिन्दगीको आदि शब्दहरू रहेका छन् ।

यस गजलमा घर, सहर, भाग्य, भविष्य, मसी, सिक्का, संसार, ताराहरू, अधर, खबर, बेखबर, पुष्प, भूगोल नाम पदवर्गहरूका शब्द रहेका छन् । सर्वनाम पदवर्गका रूपमा म, मलाई, तिमी, यो, शब्द आएका छन् भने आकास, देशको, अमर, चम्किला, तिम्रो, जूनको, बेखबर, जिन्दगीको शब्दहरू विशेषण पदवर्ग रहेका छन् । क्रिया पदवर्गका रूपमा बनाइरहन्छु, सकिए, सुम्पिदेऊ आदि पद रहेका छन् । क्रियाविशेषणका रूपमा दिनहुँजसो, आँखाभरि, मुहारमा आदि पद आएका छन् र संयोजकका रूपमा र, पनि आदि पद रहेका छन् ।

गजल चार

गजल चार पाँच शेरमा संरचना गरिएको छ । यस गजलमा मान्छेपिच्छेका कुराहरू राम्राजस्ता देखिए पनि त्यस विषयभित्र सल्लाह लिनेले झुठा आश्वासनलाई पर्खंदा-पर्खंदा दिक्दार भएको, ठुलाबडाहरूले सानालाई अव्यावहारिक कुरामा फसाएको, साहित्यकारहरू आफ्नो जीवनका विवशतालाई भुलेर देशका बारेमा नै कलम चलाउन उद्यत रहेका, जोकोही व्यक्तिहरू एकआपसमा अर्कालाई कुनै पनि तरिकाले फसाउनमा राम्रा र चिल्ला कुराहरू गरेर स्वार्थका खेलहरू खेल्न खप्पिस रहेका सामाजिक र साहित्यिक विषयवस्तुहरूलाई उल्लेख गरिएको छ ।

यसमा सुझाव, हिसाब, जवाफ, दबाब, प्रभाव, नकाब, काफियाका रूपमा प्रयोग गरिएको छ भने यसरी रदिफका रूपमा प्रयोग गरिएको छ ।

यसमा भगवान्, देश, प्रभाव, शब्द तत्सम हुन् । कतिकति, सुझाव, यसरी, उधारो, चल्छ, सधैं, हिजो, बनाउँछु, भन्थ्यो, पर्खिनु, म, सपना, नबेच्ने, सोचिरहेछ, दिन्छ, दबाब, अनेकन, लेखेर, चलाउँछु, भन्थ्यो, साँच्चै, कसको, परेछ, आफ्नो, पराइ, कसरी, चिन्न, सकिन्छ, जसले, लगाएर, आउँछ, अब, कतिञ्जेल, लिनु तद्भव शब्दका रूपमा आएका छन् । झर्रामा पनि, ऊ, कुरा, छन् र आगन्तुक शब्दमा जवाफ, गजल, नकाब आदि पर्दछन् ।

यसमा सुझाव, हिसाब, भगवान्, जवाफ, सपना, कुरा, दबाब, गजल, देश, प्रभाव, पराइ, नकाब नामपदमा छन् । ऊ, म, उसलाई सर्वनामपदमा छन् । विशेषणपदमा कतिकति,

नबेच्ने, कस्को, आफ्नो, जसले प्रयोग भएका छन् । क्रियापदमा लिनु, चल्नु, बनाउछु, भन्थ्यो, पर्खिनु, सोचिरहेछु, परेछ, सकिन्छ, आउँछजस्ता शब्द प्रयुक्त छन् भने क्रियाविशेषण पदमा यसरी, उधारोमा, सधैँ, हिजो, कतिन्जेल, अनेकन, लेखेरै, साँच्चै, कसरी, चिन्न, लगाएर आएका छन् । संयोजकमा पनि, अब, र आदि पदवर्गहरू पर्दछन् ।

गजल पाँच

गजल पाँच पाँच शेरमा संरचित छ । यस गजलमा देशका वास्तविक अवस्था, युवाहरूको विदेश पलायनका कारण, मजदुरहरू आन्दोलित हुनुका कारण, देश गृहयुद्धमा फस्नुका कारणजस्ता सामाजिक र राजनैतिक विषयवस्तुहरूको उल्लेख गरिएको छ ।

यसमा छ लाई रदिफका रूपमा प्रयोग गरिएको छ भने सताउने छ, बताउने छ, पठाउने छ, हराउने छ, लगाउने छ, पछुताउने छ पदहरू काफियाको रूपमा प्रयोग गरिएको छ ।

यस गजलमा मन, विभाजित, समय, भाषण, युवा, सरकार, एक, देश, इतिहास, कारण आदि तत्सम शब्दमा पर्दछन् भने यसरी, भएर, एक्लो, हुनाको, बेरोजगार, रोजगार, सताउने छ, बताउने छ, पठाउने छ, हराउने छ, लगाउने छ, जब, एकदिन, तिमी, पक्कै, अचम्म, लाग्ने छ, गाउँबस्ती, छायाँ, भोका, अगाडि, सस्तो, नगर, कुनै, दिन, लगाउने छ, हुने छ, बनाएको छ, उल्टो, र आदि तद्भव शब्दका रूपमा आएका छन् । पनि, अनि झर्रा शब्दका रूपमा प्रयोग भएका छन् । इराक, दुवै, मजदुर, नारा, इथियोपिया, सोमालिया आदि पदहरू आगन्तुक शब्द हुन् ।

प्रस्तुत गजलसङ्ग्रहमा मन, कारण, समय, युवाहरू, सरकार, इराक, दुवै, छायाँ, भाषण, मजदुर, नारा, देश, इथियोपिया, एकदिन, दिन, इतिहास नाम पदवर्गमा पर्दछन् । तिमीलाई, कुनै, तिमीले सर्वनामभित्र पर्दछन् । विभाजित, एक्लो, हुनाको, बेरोजगार, तातो, भोका, मजदुरहरूको, सस्तो, उल्टो, बनाएको आदि विशेषण पदवर्गमा पर्दछन् । सताउने छ, बताउने छ, पठाउने छ, हराउने छ, लगाउने छ, पछुताउने छ, नगर, लाग्ने छ, क्रियापदवर्गमा पर्दछन् । पनि, र, अनि, जब संयोजक पदवर्गमा पर्दछन् ।

गजल छ

गजल छ पाँच शेरमा संरचित छ । यसमा नेतृत्ववर्गको अदूरदर्शिता, देशको अर्थतन्त्रमा नेतृत्ववर्गको हालीमुहाली, परिवर्तनगामी सोचको अभाव, उनीहरूका कार्यशैली कानुनसम्मत नभएको, जातीय द्वन्द्व मच्चाएर देशलाई जबर्जस्ती सङ्घीयतामा लान खोजेको, त्यो

सङ्घीयता आफ्नो देशको हावापानीअनुकूल नभएको आदि राजनैतिक कुरा विषयवस्तुका रूपमा उल्लेख भएका छन् ।

यस गजलसङ्ग्रहमा नहुन सक्छ पद रदिफका रूपमा र दिन, यकिन, नवीन, अर्थहीन, रङ्गीन, चीन, नाम, पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा अनुभूति, नवीन, जीवन, अर्थहीन, जातीय सङ्घीयता, देश, भारत तत्सम शब्दका रूपमा रहेका छन् । सधैँ-सधैँ, यस्तो, दिन, नहुन, सक्छ, सपना, रङ्गीन, कसरी, रित्यायौ, भन्ने, साँच्चै, तिमीलाई, केही, भएन, भने, सोच, तिम्रो, छोडेर, गएका, छौ, मेरो, र आदि तद्भव शब्दहरूमा आएका छन् । पनि, त, अनि आदि पद झर्रा शब्दमा रहेका छन् भने आगन्तुक शब्दमा ढुकुटी, यकिन, ऐना, सबुत, कानुन, चीन आदि शब्द रहेका छन् ।

यस गजलसङ्ग्रहमा दिन, सपना, ढुकुटी, यकिन, अनुभूति, ऐना, जीवन, सबुत, सङ्घीयता, देश, भारत, चीन नामपदवर्गहरू रहेका छन् । तिमी, त्यो सर्वनामपदवर्ग रहेका छन् । यस्तो, कति, अनेकन, कस्को, आफ्नो, पराई, जसले, केही, कानुनका, तिम्रो, मेरो, विशेषणपदवर्ग पर्दछन् । नहुन सक्छ, सोच आदि क्रियापदवर्गमा पर्दछन् । सधैँ-सधैँ, कसरी, साँच्चै, हेर्दा, तिमीसँगै क्रियाविशेषण पदवर्गका हुन् भने न, र संयोजक पदवर्गका हुन् । त निपात पदवर्गको हो ।

गजल सात

गजल सात पाँच शेरमा संरचित छ । यसमा विशेष गरेर विदेसिएका युवाहरूका वियोगान्त प्रेमको चर्चा गरिएको छ । यस गजलमा गजलकारले श्रीमान् विदेसिएका र स्वदेशमा विरहमा रहेका नारीहरूका कथा-व्यथा भएको सामाजिक विषयवस्तु उल्लेख गरेका छन् ।

प्रस्तुत गजलमा बोकी रातिराति रुन्छ आँखा पदावली रदिफका रूपमा रहेका छन् भने अकाश, तलाश, आभास, बतास, प्यास, त्रास आदि पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यस गजलमा तत्सम शब्दहरूमा आकास, आभास, सुन्दर, सीता, हरण, प्यास, रावण, त्रास आदि पद तत्सम शब्दहरूमा रहेका छन् । मा, भित्र बोकी, रातिराति, रुन्छ आँखा, पानी, तिम्रो, मेरो, सपना, भनी, अनौठो, यो, कि आदि तद्भव शब्द छन् ।

यस गजलमा आकास, तलाश, पानी, तस्बिर, बतास, प्यास, हरण, त्रास आदि नामपद रहेका छन् । सर्वनाममा म, तिमी, आदि पदहरू पर्दछन् । मनभित्रको, परदेसिएको, तिम्रो, मेरो,

सपनाको, सुन्दर, मनभरिको, गर्ने, अनौठो, यो, जनाउने विशेषणमा पर्दछन् । हुन्छ, ताक्यो, रोए, रोयौ, आउलान्, क्रियापद छन् । छातीभरि, बलेसीमा, बोकी, राति, लुकीलुकी, जलेपछि क्रियाविशेषण पदमा पर्दछन् । भनी, कि संयोजक पदवर्गमा पर्दछन् ।

गजल आठ

गजल आठ पाँच शेरमा संरचित छ । यस गजलमा नेतृत्ववर्गले जनतासामु गरेका वाचा सत्तामा पुगेपछि सत्ताप्राप्ति र प्राप्त गरेको सत्ता आफ्नो हातमा मात्र पार्ने खेलमा लागेर देश र जनताका आवश्यकताहरूलाई बिर्सेको राजनैतिक विषयवस्तु समेटिएको छ ।

यस गजलमा जनमत, रगत, शतप्रतिशत, परिणत, गलत पद काफियाका रूपमा रहेका छन् भने बिर्सन्छ ऊ पद रदिफका रूपमा प्रयोग भएका छन् ।

यस गजलमा जनता, जनमत, सालिक, माला, सहिद, मानवता, देश, शतप्रतिशत, सत्य, दुष्कर्म, परिणत आदि तत्सम शब्दका रूपमा रहेका छन् । दिएको, छोप्नु, एकदिन, कालो, सधैँ, जब, ज्युँदो, हुन्छ, कान, भन्दै, पटक-पटक, गर्नु आदि तद्भव शब्दका रूपमा रहेका छन् । दस्तखत, सहिद, पर्दा, जब, आदि आगन्तुकवर्गमा रहेका छन् ।

यसमा जनमत, जनता, शतप्रतिशत, दस्तखत, माला, रगत, पर्दा, देश, जनता, सत्य, कान, नामपदमा छन् । ऊ, म, आफैँ, सर्वनामपदमा छन् । दिएको, गरेको, सहिदको, दुष्कर्मको, कालो, मानवता, आफ्नै, परिणाम, भित्ताको, गलत, आदि विशेषण पदमा रहेका छन् । बिर्सन्छ, लगाएछ, छोपिन्छ, भन्दै थिए क्रियापदवर्गमा रहेका छन् । सालिकमा, एकदिन, सधैँ, ज्युँदो, सायद, नबुझेर, पटक-पटक आदि क्रियाविशेषण पदवर्गमा पर्दछन् भने र संयोजक पदवर्गमा चाहिँ नामयोगी पदवर्गमा पर्दछ ।

गजल नौ

गजल नौ पाँच शेरमा संरचित छ । यस गजलमा सामाजिक पक्षमा भएका परिर्वतन, सामाजिक व्यवहारले समाजका प्रत्येक मानिसहरूलाई निष्ठुर हुन बाध्यता तुल्याएको, मान्छेका व्यावहारिक महत्त्वाकाङ्क्षाहरू र गाउँ-बस्तीहरू दिन दुगुना रात चौगुना परिवर्तन भएको सामाजिक विषयवस्तु समेटिएको छ ।

यसमा भएको छ पद रदिफका रूपमा र खण्डहर रहर, सहर, डर, जहर आदि काफियाका रूपमा प्रयोग भएका छन् ।

यस गजलसङ्ग्रहमा मन, खण्डहर, शिखर, पुष्प तत्सम शब्दका रूपमा छन् । भत्किएर, भएको छ, मान्छेहरू, पत्थर, उठाउन, सक्दैन, पर्वत, हत्केलामा, किनबेच, बढेपछि, गाउँका, फाँटहरू, तर्साउन, थाल्यो, एक्लै, जिन्दगी छैन, कतिलाई, यो, अचेल, चढ्ने, पहाड, जो, बाटोहरूले, थाहा तद्भव शब्दका रूपमा आएका छन् । भत्किएर, रहर, पनि, आदि झर्रा शब्दका रूपमा छन् । अनौठो, जहर, सहर आदि आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यसमा मन, खण्डहर, मान्छे, पत्थर, थाहा, पहाड, शिखर, रहर, फाँट, सहर, बाटो, साहित्यकार, डर, पुष्प, जहर नामपदमा छन् । जो, उसैलाई, यो सर्वनामपदमा रहेका छन् । विशेषणपदमा चढ्ने, गाउँका, एक्लै, अनौठो, कति शब्दहरू छन् । भएको छ, सक्दैन, थाल्यो, हिँडेको छ, छैन पदहरू क्रियापदमा रहेका छन् । क्रियाविशेषणपदमा उठाउन, हत्केलामा, पढेपछि, नपत्याउदोसँग, तर्साउन, हिँड्न पदहरू रहेका छन् ।

गजल दश

गजल दस पाँच शेरमा संरचित छ । यस गजलमा संयोगान्त शृङ्गारको अभावमा प्रेमीको अवस्था, समाजका जोकोही व्यक्ति पनि माया-प्रेमबाट वञ्चित, श्रृङ्गाररसको कारण, चोखो मातृप्रेम, मानिस कस्तो हुनुपर्छ भन्ने सामाजिक र प्रेमसम्बन्धी विषयवस्तुहरू समेटिएका छन् ।

यसमा हुनुपर्छ पद रदिफका रूपमा आएको छ भने हरपल, बोतल, बादल, गाजल, आँचल, कोमल पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा नारी, सुन्दर, धर्ती, स्वार्थ, दम्भ, पुष्प, वस्तु, निश्चल, कोमल तत्सम शब्दका रूपमा छन् । तद्भवमा तिमी, मेरो, साथमा, हरपल, हुनुपर्छ, हातमा, म, मर्दा, निसास्सिएर, रुने, त्यही, सायद, आँखाको, त्यो, को, चोखो, आमा, बादल, साथमा, के, आँचल, छलकपट, र, छ, तद्भव शब्दहरू आएका छन् । झर्रा शब्दमा माथिबाट, जे, चोखो, जस्तै रहेका छन् । आगन्तुक शब्दमा बोतल, सायद, गाजल आदि रहेका छन् ।

यसमा बोतल, तमासा, बादल, गाजल, आँचल, स्वार्थ, छलकपट, पुष्प क्रमशः नामपदका शब्दहरू रहेका छन् । तिमी, म, त्यहि, त्यो, जे, के, सर्वनामपदमा छन् । मेरो, रुने, यति, बनाउने, आँखाको, चोखो, आमाको, पुष्प, जस्तै, निश्चिल, कोमल विशेषणपदमा छन् । हुनुपर्छ, छ, हुन्, हुँदैन क्रियापदमा छन् । साथमा, हरपल, हातमा, मर्दा, हेर्दै, निसास्सिएर, त्यही, सायद, धर्तीमा क्रियाविशेषणपदमा रहेका छन् ।

गजल एघार

गजल एघार पाँच शेरमा संरचित छ । यस गजलमा जुनसुकै पक्षका मानिसले आ-आफ्ना स्वार्थका खेलहरूलाई प्राथमिकतामा राखेको, सधैँ गुण्डागर्दी र हतियारको प्रयोग गरी जनता तथा शासकलाई त्रसित गर्ने गरेको, जुनसुकै दलहरूले पनि आफू सरकारमा हुँदा मनपरि गरेको र बाहिर हुँदा अर्को दलको वा सरकारको राम्रा कामहरूमा पनि नकारात्मक टिप्पणी गरेको, स्वयम् आफैँले समस्या सृजना गरी सरकारलाई दोष दिएको जस्ता सामाजिक तथा राजनैतिक विषयवस्तुहरूलाई गजलकारले समेटेका छन् ।

यस गजलमा देखाउँछ पद रदिफका रूपमा प्रयोग गरेको र बजार, प्रचार, हतियार, सरकार, समाचार, किनार नामपदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यस गजलमा प्रचार, दल, व्यवहार, कथा, देश, समाचार, समुद्र तत्सम शब्द हुन् । जसले, आफ्नो, मात्रै, बजार, किन, ऊ, यति, सस्तो, कोही, हिजोकै, सपना, देखिरहेछन्, अझै, उसले, त्यही, हतियार, देखाउछ, अचम्म, लाग्छ, नपढूँ, भन्यो, नसुनूँ, सधैँ, यस्तै, जब, आवेगमा तद्भव शब्द हुन् । बजार, किनार, सरकार आगन्तुकवर्गका शब्द हुन् ।

यसमा नामपदमा बजार, प्रचार, सपना, हतियार, व्यवहार, सरकार, देश, समाचार, छालहरू, किनार रहेका छन् । जसले, ऊ, कोही, उसले, त्यही सर्वनामपदमा आएका छन् । आफ्नो, अति, सस्तो, दलहरूको, हराएको, यस्तै, समुद्रका विशेषणपदमा आएका छन् । देखाउँछ, देखिरहेछन्, नपढूँ भन्यो, नसुनूँ भन्यो, हुत्तिन्छन् आदि क्रियापद शब्दका रूपमा आएका छन् । मात्रै, किन, सधैँ, आवेगमा, क्रियाविशेषणपदमा रहेका छन् ।

गजल बाह्र

गजल बाह्र पाँच शेरमा संरचित छ । यसमा प्रेमीले प्रेमिकालाई सम्बोधन गरेको हो या प्रेमिकाले प्रेमीलाई सम्बोधन गरिएको हो त्यो अस्पष्ट छ । जसले जसलाई सम्बोधन गरे पनि वियोगान्त शृङ्गाररसको विषयवस्तु छ । आ-आफ्ना प्रितमप्रति छट्पटिएर अनेक गन्थन मनमा रहेको र भेटेका अवसरमा पनि वार्ताले सीमा नाघेको प्रेमीले प्रेम नबुझेको विषयवस्तु समेटिएको छ । तर अन्तिम शेरको पहिलो हरफले लेखकले आफ्नी प्रेमिकालाई सम्बोधन गरेको स्पष्ट प्रतीत हुन्छ । पाँच शेरको अन्तिम क्रियापद पनि लेखकले लेख्दा-लेख्दै आफैँ प्रेमिकाको मुटुभित्र पसी प्रेमिका भएर नै लेखेको देखिन्छ ।

यसमा भत्काएका छौ, बगाएका छौ, पठाएका छौ, दुःखाएका छौ, डराएका छौ, लुकाएका छौ पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा मन, प्रेम, युद्ध, पुष्प तत्सम शब्दका रूपमा आएका छन् । तिमीले, आखाँको, भत्काएका छौ, मेरो, यसरी, मध्यरातमा, कुरा, राखी, भन, तर, भेटेका, त्यो, दिन, के-के, तिमी, दुखाएका, पटक-पटक, डराएका छौ, र, बुझिनौ, अझै, बारम्बार तद्भवमा छन् । त, पनि, झर्रावर्गका शब्द हुन र यादमा, कागजभित्र, खामभित्र, नजिक आगन्तुक शब्दभित्र पर्दछन् ।

यसमा डिलहरू, आँसु, कुरा, मन, युद्ध, प्रेम, पुष्प नामपदवर्गका शब्द हुन् । त्यो, के, तिमी सर्वनामका शब्द हुन् । आँखाको, मेरो, मनको, नदुख्नुपर्ने, यति, नजिक, कति विशेषणपदमा छन् । भत्काएका छौ, बगाएका छौ, पठाएका छौ, दुखाएका छौ, डराएका छौ, लुकाएका छौ, भनेको छु क्रियापदमा छन् । यादमा, कागजभित्र, खामभित्र, भेटेर, बारम्बार, पटक-पटक, नजिक, मनभित्र क्रियाविशेषणपदमा छन् । र, तर, पनि संयोजकमा छन् । त, अझै, निपातपदमा रहेका छन् ।

गजल तेह्र

गजल तेह्र पाँच शेरमा संरचित छ । यस गजलमा आफ्नो दैनिकी टार्नका लागि हिजो पुरुषहरू विदेसिनुपरेको थियो भने आज नारीहरू पनि विदेसिनुपरेको बाध्यतालाई सामाजिक विषयवस्तुका रूपमा उल्लेख गरिएको छ ।

यस गजलमा छोडेर गएकी छ्यौ परदेशमा पदहरू रदिफका रूपमा प्रयोग भएका छन् भने जीवन, धड्कन, मन, मदन, स्पन्दन, इन्धन काफियाका रूपमा प्रयोग भएका छन् ।

यस गजलमा जीवन, धड्कन, मन, मदन, स्पन्दन, इन्धन, परदेश, राजा तत्सम शब्दका रूपमा आएका छन् । कस्तो, छोडेर, गएकी छ्यौ, मुटुका, जतिबेला, पनि, यसरी, सताइरहने, तिमीले, हिजो, मुना, आज, नसोध, भो, कस्तो छ, भनेर, म, बाँचेकै छु, पनि, तर, एउटा आदि शब्द तद्भवका रूपमा आएका छन् । झर्रामा त शब्द आएको छ ।

यसमा जीवन, धड्कन, याद, मन, मुना, मदन, राजा, इन्धन नामपदमा छन् । तिमी, म, सर्वनामपदमा छन् । कस्तो, मुटुको, एउटा, विशेषणपदमा छन् । गएकी छ्यौ, गएका थिए, नसोध, बाँचेकै छु क्रियापदमा छन् । परदेशमा, जतिबेला, उसै, छोडर क्रियाविशेषणपदमा छन् । पनि, तर संयोजक पदवर्गका शब्द हुन् भने त, भो निपात पदमा रहेका छन् ।

गजल चौध

गजल चौध पाँच शेरमा संरचित छ । यस गजलमा साँचो प्रेम गर्ने, जन्म-जन्म साथ रहने वाचा गरे पनि व्यवहारमा त्यो सफलता प्राप्त नभएको, मायाप्रीतिका वाचाहरू धोखाका रूपमा परिणत भएको र राजनेताहरू जनताका व्यथा र विवशताहरूलाई कुल्चेर सुरा र सुन्दरीको रमझममा व्यस्त भएको जस्ता प्रेमिल र राजनैतिक विषयवस्तुहरू उल्लेख भएका छन् ।

यस गजलमा भैदिए हुन्थ्यो पद रदिफका रूपमा आएको छ भने भ्रम, मौसम, कमसेकम, हरदम, अहम, रमझम, काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा भ्रम, माया, मन, अव्यक्त, प्रेम, हरदम, अहम तत्सम शब्दका रूपमा आएका छन् । सपना, अब, नभैदिए हुन्थ्यो, घाम, जुन, सधैं, किन, कसरी, साथ, नदुख्नुपर्ने जस्ता शब्द तद्भवका रूपमा आएका छन् । पनि, टाढा, नै, उसको झर्रा शब्दका उदाहरण हुन् भने बदलिरहने, मौसम, कमसेकम, मदिरा, रमझम आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यस गजलमा नामपदमा सपना, भ्रम, माया, मौसम, जुन, टाढा, मन, आँखा, प्रेम, थाहा, घाम, जून, आकास, मुटु, साझँ, रमझम नामपदवर्गका शब्द हुन् । सर्वनामपदमा यी, अर्को, तिम्रो, यही, यस्तो, आदि आएका छन् । अव्यक्त, उसको, मदिराको, नदुख्नुपर्ने विशेषणपदमा प्रयोग भएका छन् । नभैदिए हुन्थ्यो, दिन्छु, पढ्दैनन्, छ, हुने, दुख्छन्, क्रियापदका शब्द हुन् । जुनीमा, कमसेकम, हरदम, सधैं, ढलेपछि, यसरी क्रियाविशेषणपदका उदाहरण हुन् । अब संयोजकपदमा र नै निपात पदमा प्रयोग भएको छ ।

गजल पन्ध्र

गजल पन्ध्र पाँच शेरमा संरचित छ । यसमा जो-कसैका पनि शत्रुहरूका क्रियाकलाप, ठुलाबडाहरू जतिसुकै धर्म, आदर्श र सिद्धान्तका कुरा गरे पनि धर्म र आदर्शका सिद्धान्तविपरीत क्रियाकलाप गरेको र साहित्यकारहरूका लागि जीवन असुरक्षित रहेको सामाजिक र धार्मिक विषयवस्तुहरू समेटिएका छन् ।

यसमा मलाई थाहा छ रदिफका रूपमा प्रयोग भएको छ भने दुश्मन, लुक्छन्, झुक्छन्, पुग्छन्, चुक्छन्, ढुक्छन पद काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा प्रतिशोध, सगरमाथा, गीता, महाभारत, कथा, पुष्प, इतिहास, दुश्मन तत्सम शब्दका रूपमा छन् । को-को, मेरो, मलाई, कसरी, तिनीहरू, पनि, अगाडि, सब, थोक, नसुनाऊ,

जब, रचिरहन्छ, यसैगरी तद्भव शब्दका रूपमा आएका छन् । पनि, ढुक्छन्, लुक्छन्, भऱ्याङ्, पुग्छन्, बाटो झर्रा शब्दका रूपमा छन् । पर्दा, दुनियाँ, जल्लाद, गजल आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यसमा दुश्मन, थाहा, भऱ्याङ, गीता, इतिहास, पुष्प नामपदका केही उदाहरण हुन् भने को-को, मलाई, तिमीहरू सर्वनामपदका रूपमा प्रयोग भएका छन् । सबथोक, दुनियाँको, प्रतिशोधका, मेरो, महाभारतका, गजलका विशेषणपदका उदाहरण हुन् । त्यसैगरी छ, पुग्छन्, लुक्छन्, झुक्छन्, चूक्छन्, ढुक्छन्, रचिरहन्छ आदि क्रियापदका रूपमा आएका छन् । कसरी, यसैगरी, क्रियाविशेषणपदका उदाहरणका रूपमा आएका छन् भने संयोजकपदमा र आएको छ । यस गजलमा विस्मयादिबोधक शब्द र निपात पदको प्रयोग भएको देखिँदैन ।

गजल सोह्र

गजल सोह्र पाँच शेरमा संरचित छ । यस गजलमा आफ्ना जिन्दगीका सम्पूर्ण क्रियाकलापहरूको वर्णन गर्दै प्रेमिकाबाट जीवनका लागि सकारात्मक सन्देशहरूको याचना गरिएको प्रेमसम्बन्धी विषयवस्तु समेटिएको छ ।

यसमा बनाऊ पद रदिफका रूपमा प्रयोग भएको छ भने भगवान्, मुस्कान, विधान, सिरान, निशान, पहिचान नामपदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा दुश्मन, भगवान्, पत्थर, हरपल, समय, अभाव, विधान, तत्सम शब्दका रूपमा प्रयोग भएका छन् । सक्छ्यौ, पत्थर, भोक, चपाएर, आँशु, निलेर, पनि, बाँच्ने, रात, बितेर, रोकेर, आएको, छ, तिमी, एउटा, पुरानो, छाडेर, गएको छ, जित्न, आफ्नो, बनाऊ, अब, र आदि तद्भव शब्दका रूपमा प्रयुक्त छन् । भने, सिरान, उही, झर्रा शब्दका रूपमा आएका छन् । मुस्कान, जिन्दगी, तुफान, निसान, तमसुक आगन्तुक शब्दका रूपका रहेका छन् ।

यसमा दुश्मन, भगवान्, मुस्कान, भोक, आँसु, जिन्दगी तमसुक, तुफान, विधान, सपना, सिरान, निशान, समय, पहिचान नामपदमा आएका शब्द हुन् । म, तिमी, उही सर्वनामपदमा छन् । विशेषण पदमा बाँच्ने, कैयौं, एउटा, एउटै, निदाउने, लड्ने, पुरानो, नसक्ने शब्दहरू आएका छन् । क्रियापदमा बनाऊ, सक्छ्यौ, गए, आएको छ, गएको छजस्ता शब्दहरू प्रयोग भएका छन् । क्रियाविशेषण पदमा पत्थरमा, चपाएर, निलेर, हरपल, अभावमा, बितेर, नदेखी, बोकेर, ठाउँमा, छोडेर प्रयुक्त छन् । नामयोगीमा सँगै शब्द आएको छ भने संयोजक पदमा या, भने, पनि पदहरू रहेका छन् । पनि निपात पदका रूपमा आएको छ ।

गजल सत्र

गजल सत्र पाँच शेरमा संरचित छ । यस गजलमा कुनै पनि लक्ष्यमा पुग्न कठिन सङ्घर्ष गर्नुपर्ने, गाउँ र सहर अनेक किसिमका समस्याले ग्रस्त भएको, देशमा जनमुखी संविधानका निर्माणमा नेतृत्ववर्गको असक्षमता देखिएको, पुनः द्वन्द्वको सृजनाले जनताको जिउधनको असुरक्षा भएको सामाजिक र राजनैतिक विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा बनाउन पद रदिफका रूपमा प्रयोग भएको छ भने पहिचान, भगवान्, मुस्कान, संविधान, चिहान, विमान पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यस गजलमा भगवान्, संविधान, सद्भाव, विमान, शोकाकूल, यान्त्रिक, ईर्ष्या, प्रतिशोध, देश, जनता, शान्ति, एकता तत्सम शब्दका रूपमा आएका छन् । सजिलो, छैन, र, यहाँ, कहाँ, लागेको छ, बस्ती, त्यहाँ, यस्तै, कसले, सक्छ, सबै, लाग्दैछन्, आगो, कोही, चिहान, जाऊ, उडाऊ, सक्दैनन्, कसैले, बनाउन, ढोगेर तद्भव शब्दका रूपमा प्रयुक्त छन् । धेरै झर्रा शब्दका रूपमा आएको छ । मुश्किल, रङ्गीन आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यसमा पहिचान, भगवान्, आगो, बस्ती, मुस्कान, संविधान, शान्ति, एकता, सद्भाव, चिहान, जहाज, विमान नाम शब्दका रूपमा आएका छन् । कसले, यो, कोही, कसैले, सर्वनामपदका रूपमा आएका छन् । सजिलो, शोकाकूल, मुश्किल, जनताको, सबै, रङ्गीन, कागजका, यान्त्रिक, प्रतिशोधको, लागेका विशेषणपदका रूपमा छन् । क्रियापदमा जाऊ, उडाऊ, सकिन्छ, सक्दैनन्, छैन, सक्छ, लाग्दैछन्जस्ता शब्द प्रयोग भएका छन् । क्रियाविशेषणपदका रूपमा ढोगेर, कहाँ, बनाउन, त्यहाँ, देशमा, भत्काएर आएका छन् । संयोजकपदमा र रहेको छ ।

गजल अठार

गजल आार पाँच शेरमा संरचित छ । यस गजलमा मानिसका आकाङ्क्षाहरू असीमित भएको, समाजमा पुर्ख्यौली शोषणको परम्परा व्याप्त रहेको, शोषक र सामन्तीहरूको ताकेताले जनता त्रसित भएको, शोषक सामान्तीहरूप्रति सर्वसाधारणको विद्रोही भावना भावमा मात्र सीमित रहेको, प्रेमी-प्रेमिकाले चाहेर पनि सामाजिक बन्धनलाई तोड्न नसकेको, सामाजिक, राजनैतिक र प्रेमका विषयवस्तुहरू उल्लेख भएका छन् ।

यस गजलमा नपुगझैँ, युगझैँ, भावुकझैँ, आगन्तुकझैँ, उत्सुकझैँ, नाजुकझैँ, पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा इतिहास, अति, आन्दोलन, युग, मन, समय, आगन्तुक तत्सम शब्दका रूपमा आएका छन् । केही, अचेल, पुगेर, पनि, नपुगझैँ, सिङ्गो, पुरानो, पढेर, मेरा, देखिएका छन्, पटक, झुक्किएको छु, आफ्नो, घर, कोही, छ, भन्नु हुन्थ्यो, गर्न, आमा, उत्सुक, यस्तो, लाग्छ, मेरी, प्रेमिका तद्भव शब्दका रूपमा आएका छन् । बा, नै, धेरै, बाल्न, झर्रा शब्दका रूपमा आएका छन् । तमसुक, मसाल, ऐना, नाजुक आदि आगन्तुक शब्दका रूपमा आएका छन् ।

यस गजलमा तमसुक, मसाल, आन्दोलन, मन, ऐना नामपदका रूपमा आएका छन् । सर्वनामपदका रूपमा ऊ छ । विशेषणपदमा केही, नपुगझैँ, सिङगो, युगझैँ, पुरानो, अति, आफ्नै, उत्सुकझैँ, यस्तो, प्रेमिकाको, समयको, जस्तै जस्ता शब्द आएका छन् । लाग्छ, देखिएका छन्, झस्किएको छु, जरुरी छ, भन्नुहुन्थ्यो क्रियापद शब्दका रूपमा आएका छन् । क्रियाविशेषणमा पुगेर, धेरैपटक आदि आएका छन् । संयोजक पदमा पनि र निपातमा नै आदि पद रहेका छन् ।

गजल उन्नाइस

गजल उन्नाइस पाँच शेरमा संरचित छ । यस गजलमा अनुकूल समयले जो-कसैलाई पनि नपर्खने, अन्दाजमा गरेका कार्यहरूले जो-कसैलाई पनि पश्चात्ताप हुने, आफ्नै मान्छेले पनि शत्रुवत् व्यवहार गर्ने, सर्जकहरूका कमी-कमजोरीहरू देखाउने, जो-कसैका पनि सोचबिनाका योजना, सिद्धान्त प्रतिकूलतामा परिणत हुने जस्ता सामाजिक विषयवस्तुहरू उल्लेख भएका छन् ।

यसमा कतिपय, समय, निर्णय, पराजय, नभए, विचार, विषय, पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने यस्तै हुन्छन् पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा मन, निष्ठुर, समय, सहमति, युद्ध, पराजय, गीत, अर्थहीन, विषय तत्सम शब्दका रूपमा आएका छन् । दुखाउने, कतिपय, यस्तै, छोडेर, जाने, बुझेर, हामीले, गर्नुपर्थ्यो, हार, भए, दुख्ने, सोच्नुपर्थ्यो, यो तद्भव शब्दका रूपमा आएका छन् । डुबेर, पढेका, हचुवामा, बुझेर झर्रा शब्दका रूपमा आएका छन् । जिन्दगी, गजल आदि आगन्तुक शव्दका रूपमा रहेका छन् ।

यस गजलमा मन, समय, सहमति, निर्णय, गजल, गीत, मन, भाव, विचार, विषय नामपदका रूपमा आएका छन् । तिमी, कसैले, सर्वनामपदका रूपमा आएका छन् । विशेषणपदमा दुखाउने, कतिपय, यस्तै, जाम, निष्ठुरी, गरेको, आफ्नै, तिम्रा, छुने, अर्थहीन

शब्द प्रयोग भएका छन् । क्रियापदमा हुन्छन्, गनुपर्थ्यो, हारेको भए, दुख्ने थिएन, पढेका हैनन्, सोच्नुपर्थ्योजस्ता शब्द प्रयुक्त छन् । क्रियाविशेषण पदमा छोडेर, बुझेर, हचुवामा, युद्धमा, नभए, डुबेर, सोचेपछि जस्ता शब्दहरू रहेका छन् ।

गजल बिस

गजल बिस पाँच शेरमा संरचित छ । यसमा आफ्नी घरकी श्रीमतीको बेवास्ता गर्दै भट्टी धाउने समाजका छाडा श्रीमान्हरूसँग सम्बन्धित विषय, घर-व्यवहारहरूलाई बेवास्ता गर्ने पुरुषचिन्तन, जड्याँहा प्रवृत्ति भएका व्यक्तिहरूको व्यवहारबाट कुलीन गृहिणीले दुःख, कष्ट र वेदनाहरू पाएका छन् भन्ने सामाजिक विषयवस्तु समेटिएको छ ।

यसमा खत, विगत, सङ्गत, आदत, कुलत, जरुरत पद काफियाका रूपमा प्रयोग भएका छन् भने हो याद हुनुपर्थ्यो पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा विगत, सङ्गत, कुलत, तत्सम शब्दका रूपमा आएका छन् । तद्भव शब्दका रूपमा यो, पुरानै, हो, हुनुपर्थ्यो, म, हाम्रो एउटै, थियो, भनिरहनु, सानै, पिएर, आउथ्यो, म, कति, सम्झन्थे, तिम्रो, पुरानो, बिर्सिन्थ्यौ, साथी, भाइ, आफ्नो, सम्झ, पराइ, मलाई, कस्को शब्द प्रयोग भएका छन् । झर्रा शब्दका रूपमा त, टन्न तथा आगन्तुक शब्दका रूपमा खत, याद, आदत, हैसियत, जरुरतजस्ता शब्दहरू आएका छन् ।

यसमा नामपदमा खत, याद, पराइ, आदत, कुलत, सङ्गत, हैसियतजस्ता शब्द आएका छन् । सर्वनामपदमा यो, के, म शब्द प्रयोग भएका छन् । विशेषणपदमा पुरानै, विगत, हाम्रा, कस्तो, सानैदेखिको, कति, तिम्रो, साथीभाइको, आफ्नो, पराइ, आखिर शब्द आएका छन् । क्रियापदमा हुनुपर्थ्यो, हो, आउँथ्यौ, थियौ, सम्झाउँथे, बिर्सेथ्यौ, सम्झ शब्द आएका छन् । क्रियाविशेषण पदमा भनिरहनु, टन्न, महिमा, छिरेपछि शब्दहरू छन् भने निपात पदमा त रहेको छ ।

गजल एक्काइस

गजल एक्काइस पाँच शेरमा संरचित छ । यस गजलमा हरपक्षका मानिसहरूको व्यवहारमा स्वार्थपरकता भएको, कुराहरूले आकासका तारा टिप्ने, अर्काको दुःख र कष्टमा रमाउने प्रवृत्ति रहेको जस्ता, सामजिक विषयवस्तु समेटिएका छन् ।

यसमा देखेर पद रदिफका रूपमा प्रयोग भएको छ भने, समय, अभिनय, निर्णय, पराजय, परिचय नामपदहरू काफियाका रूपमा प्रयोग भएका छन् र यसको अन्तिम शेरमा गजलकारले तखल्लुस विधिको प्रयोग गरेका छन् ।

यसमा तत्सम शब्दमा अभिनय, विश्वास, सहमति, समय, निर्णय, आकास, तारा, हरेक, पराजय, आश्चर्य, धर्ती, पुष्प, परि, परिचय तत्सम शब्दका रूपमा आएका छन् । म, भएको, यो, मान्छे, यस्तो, झुटो, कसरी, गर्न, सकिन्छ, भन, यी, देखेर, हेरिरहेछ, जुन तद्भव शब्दका रूपमा प्रयुक्त भई आएका छन् । टिपुलाझैँ, टिप्नुजस्ता झर्रा शब्द यसमा प्रयुक्त छन् । हैरान, दुश्मन आदि आगन्तुक शब्द यसमा रहेका छन् ।

यसमा हैरान, समय, अभिनय, विश्वास, सहमति, जून, तारा, दुश्मन, पुष्प, परिचय नामपदका रूपमा आएका छन् । यो, म सर्वनामपदका रूपमा आएका छन् । मान्छेहरूको, झुठो, फकिरहरूको, कतिपय, कति, धेरै, मेरा, हरेक, मेरो, पराजय, आश्चर्य, आकासका, पारिका, विशेषणपद हुन् । कसरी, आकासमा, टिपुलाझैँ, हतारमा, पाइलामा, धर्तीमा क्रियाविशेषणपदमा पर्दछन् । र संयोजक पदवर्गमा पर्दछ भने त निपात पदवर्गमा पर्दछ ।

गजल बाइस

गजल बाइस पाँच शेरमा संरचित छ । यस गजलमा हुनेखाने सबै नेतृत्ववर्गको ध्यान र विकासको काम राजधानीमा मात्र भएको, देशको दूर्गम भागहरूमा कसैको ध्यान केन्द्रित नभएको, सर्वहारावर्गको जीवनमा जति मिहिनेत गरे पनि जीवनमा कुनै परिवर्तन नआएको, साहित्यकारहरूमा पनि प्रतिशोधको भावना पलाएको, जो विशुद्ध प्राकृतिक जीवनमा बाँचिरहेछन् तिनीहरू मानवसमाजका क्रियाकलापदेखि तर्सिएका सामाजिक र राजनैतिक विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा राजधानी, कर्णाली, मझेरी, जिन्दगी, दुश्मनी, मैनबत्ती पद काफियाका रूपमा प्रयोग भएका छन् भने देखेर पदहरू रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा राजधानी, निर्जीवजस्ता तत्सम शब्द छन् । खुसीमा, छन्, देखेर, को, रोएको, छ, र, यहाँ, फेरि, एकपटक, रहरको, घाम, मुस्कुरायो, मेरो घरको आँगन मझेरी, वर्षौंदेखि, यसरी, लाग्छ, उसको, कविहरू, यतिबेला, मिठो, जुनकिरीहरू, मैनबत्ती, कर्णाली तद्भव शब्दका रूपमा आएका छन् । गिट्टी, कुटिरहेछ, ऊ, नै, दिक्दार, निकै, पनि, भागिरहेछन्, कठै, त्यो आदि झर्रा शब्दका रूपमा आएका छन् । खुसी, जिन्दगी आगन्तुक शब्द हुन् ।

यसमा राजधानी, कर्णाली, समय, घाम, मुस्कुरायो, सहमति, जुन, तारा, दुश्मन, पुष्प, परिचय, मैनबत्ती नामपदमा प्रयोग भएका छन् । सबै, त्यो, को, मेरो, ऊ सर्वनामपदमा आएका छन् । मान्छेहरूको, झुठो, फकिरहरूको, कतिपय, कति, धेरै, मेरा, हरेक, मेरो, पराजय, आश्चर्य, आकासका, पारिका विशेषण पदमा प्रयुक्त छन् । छन्, छ, मुस्कुरायो, कुटिरहेछ, लाग्छ, भागिरहे छन् क्रियापदमा आएका शब्द हुन् । कसरी, आकासमा, टिपुलाझैँ, खुसीमा, हतारमा, पाइलामा, धर्तीमा क्रियाविशेषणपदमा पर्दछन् । र संयोजकपदवर्गमा पर्दछ भने त निपात पदवर्गमा पर्दछ ।

गजल तेइस

गजल तेइस पाँच शेरमा संरचित छ । यस गजलमा समाजमा रहेका विकृत तत्त्वहरूसँग सङ्घर्ष गर्दा एक्लो भइने, जीवनभर फूल-अक्षताले पूजा र आरती गर्दा पनि ईश्वरले नहेरेर आफ्ना विवशताहरू जस्ताको तेस्तै भएको, नेतृत्ववर्गले युवाहरूलाई रोजगार दिन नसक्नाले देशमा द्वन्द्वको सृजना भएको विषयहरू समेटिएका छन् ।

यसमा त्यो रदिफका रूपमा र तुफानसँग, शानसँग, भगवान्सँग, सैतानसँग, मैदानसँग, अञ्जनासँग पदहरू काफियाका रूपमा प्रयोग भएका छन् । यसमा रदिफ र काफियाको प्रयोग गजलसिद्धान्त विपरीत भएको छ ।

यसमा कवि, मैनबत्ती, भगवान्, राजधानी, कर्णाली, धाम, कथा, विद्रोह, अभाव, युद्ध आदि तत्सम शब्द हुन् । लड्नु छ, एक्लै, आँधीसँग, कतिपटक, अक्षता, चढाएर, लुकाएर दौडिरहेछ, साँझ, बिहान, के, सोध्नु, मीठो, त्यो, भोकले, हो, जन्माउने, लगाएर, यी, आँखाहरूसँग, शान, माग, मैनबत्ती, अब, र तद्भव शब्दका रूपमा आएका छन् भने कैले (कहिले) झर्रा शब्द हो ।

यसमा नामपदमा जिन्दगी, फूल, अक्षता, चेहरा, कथा, भोक, विद्रोह, युद्ध, नजर, सम्बन्धजस्ता शब्द आएका छन् । सर्वनामपदमा त्यो, यी रहेका छन् । विशेषणपदमा एक्लै, कतिपटक, एक, मीठो छन् । क्रियापदमा लडनु छ, बाँच्नै सकिएन, मागियो, ढोगियो, दौडिरहेछ, सोध्नु, हो, लड्नु छ, जाऊ, जोडिने छजस्ता शब्दहरू आएका छन् । क्रियाविशेषणपदमा आँधीसँग, तुफानसँग, शानसँग, भगवान्सँग, मैदानसँग, अञ्जनासँग प्रयोग भएका छन् ।

गजल चौबिस

गजल चौबिस पाँच शेरमा संरचित छ । यस गजलमा झुटो प्रेम, प्रेममा नाटक, प्रेममा प्रतिस्पर्धा, प्रेमका विभिन्न आयामसम्बन्धी विषयवस्तु उल्लेख गरिएको छ ।

यसमा बनाएको छ पद रदिफका रूपमा प्रयोग भएको छ भने, कहाँ, तमासा, हावा, आधा, रमिता, हङ्गामा पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा तिमी, उसले, आफ्नो, कहाँ, जहिले, अगाडि, एकपटक, सोची, तिमी, तिम्रो, मनपरेको, मात्रै, आधा, कहाँ, जहिल्ये (जहिले) पनि, रजस्ता शब्दहरू तद्भव शब्दका रूपमा छन् । त, उसले, उसको, जस्ता शब्द झर्राका उदाहरण हुन् । बजारमा, हावा, तमासा, हङ्गामा शब्द आगन्तुक हुन् ।

यसमा तमासा, हावा, आकृति, तस्बिर, रमिता, हैसियत, हङ्गामा, कुरा नामपदवर्गका शब्द हुन् । सर्वनामपदमा उसले, तिमी, म, योजस्ता शब्द आएका छन् । आफ्नो, तिम्रो, उसको, आधा, हरेकपटक, भएकोजस्ता शब्द विशेषणपद हुन् । बनाएको छ, होला क्रियापदका रूपमा आएका छन् । क्रियाविशेषणपदमा कहाँ, जहिल्यै, बजारमा, अगाडि, सोची, हृदयमा, बुझेर, हरेक, पटक-पटक, हरेकपटक, त्यसपछि आएका छन् । संयोजकपदमा पनि, र, जब आएका छन् भने निपात पदमा रे, त रहेको छ ।

गजल पच्चिस

गजल पच्चिस पाँच शेरमा संरचित छ । यस गजलमा जो-कोही पनि समयको परिधिभित्र रहनुपर्ने, समयले आफूलाई प्रतिकूल अवस्था सृजना गरे पनि आफूले अरूलाई प्रतिकूल वातावरण सृजना गर्न नहुने, आफूले जो-कसैलाई अनुकूल गर्न खोजे पनि तिनीहरू नै प्रतिकूलतामा जाने, बोलीले जो-कोही व्यक्ति अनुकूल देखिए पनि व्यवहारले प्रतिकूलता देखिने सामाजिक विषयवस्तुहरू उल्लेख भएका छन् ।

यसमा उभिएको छ, अल्झिएको छ, लेखिएको छ, फर्किएको छ, सोझिएको छ, बदलिएको छजस्ता संयुक्त क्रियापद काफियाका रूपमा प्रयोग भएका छन् भने मात्र लिने भने रदिफ हुन पुगेको छ ।

यसमा यसरी, अझै, तिमी, आफ्नो, कहाँ, जहिले, अगाडि, एकपटक, सोची, तिमी, तिम्रो, मनपरेको, मात्रै, आधा, कहाँ, जहिल्ये (जहिले) पनि, र, बनेर, कठघरामा तद्भव शब्दका हुन्

भने त, उसले, उसको, ऊ, छन्जस्ता शब्दहरू झर्रामा आएका छन् । बजारमा, हावा, तमासा हङ्गामा आदि आगन्तुक शब्द रहेका छन् ।

यसमा पर्खाल, चरा, बोली, व्यवहार, मनजस्ता शब्द नामपद हुन् । ऊ, ती, त्योजस्ता शब्द सर्वनामपदका उदाहरण हुन् । समयको, जति, नजिक, उति, मेरा, यस्तै, गन्तव्य, उसको विशेषणपद हुन् । यसैगरी छ, सम्झिएको छ, बदलिएको छ, पुग्नु थियो, आउँदैनजस्ता शब्द क्रियापदका उदाहरण हुन् । क्रियाविशेषणमा यसरी, निधारमा, सायद, कहाँ-कहाँ गुँडमै, कहिल्यै, सपनामा आदि शब्द आएका छन् ।

गजल छब्बिस

गजल छब्बिस पाँच शेरमा संरचित छ । यस गजलमा प्रेमिकाले प्रेमीलाई वाचा गरी ती वाचाबन्धन पुरा नगरी धोखा दिएको प्रेमसम्बन्धी विषयवस्तुहरू उल्लेख भएका छन् ।

यसमा विषय, भय, समय, पराजय, हृदय, प्रलय पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने दिएर गर्मी पद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा विषय, विश्वास, भय, समय, व्यर्थ, पराजय, पलपल, पीडा, हृदय, प्रलय, माया, मन तत्सम शब्दका रूपमा आएका छन् । तिमी, यो, कस्तो, दिएर, गयौ, आँखा, अनौठो, घाउ, लागेको छ, मर्दै, बाँच्नु, पर्नु, जलाउनु, पनि, दियो, हरेकपटक, यसैगरी, जलाउने, आगो, रे, छ, पोलिरहने तद्भव शब्द हुन् । झर्राका रूपमा अनि छ । आगन्तुक शब्दका रूपमा जिन्दगी रहेको छ ।

यसमा विषय, घाउ, भय, खुसी, समय, दियो, पराजय, आगो, हृदय, माया, प्रलय नामपदमा छन् । यो सर्वनामपद हो । कस्तो, अनौठो, नहुने, बाँच्नुपर्ने, विश्वासको, जलाउने, पोलिरहने, पीडा चोटैचोटका विशेषणपदका रूपमा आएका छन् भने गयौ, दिन्छु, छ क्रियापदका केही उदाहरणका रूपमा आएका छन् । क्रियाविशेषणपदमा आँखाभरि, छातीमा, पलपल, मर्दै, यसैगरी, दिएर, तिमीसँग, जिन्दगीभरजस्ता शब्दहरू प्रयोग भएका छन् ।

गजल सत्ताइस

गजल सत्ताइस पाँच शेरमा संरचित छ । यस गजलमा जीवनयात्रामा आफूले भनेजस्तो कतै पनि नहुने, जीवनका जुनसुकै राम्रो काम गरे पनि आफ्नो पक्षमा उल्टो परिणाम मिल्ने, अगाडि-अगाडि ठिक्क पार्ने र पछाडिपट्टिबाट जो-कसैले पनि जो-कसैलाई अवरोध सृजना गर्ने कुराहरू सामाजिक विषयवस्तुका रूपमा आएका छन् भने राजनैतिक रूपमा विद्रोही

पक्षका हतियार सम्झौताअनुसार विर्सजन भएपछि विद्रोही पक्षको शान हराएको, संविधान पनि गरिबको पक्षमा नभएर हुनेखानेवर्गकै हितअनुकूल निर्माण भएको विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा मुस्कान, भगवान्, सन्तान, ज्ञान, अभिमान, संविधान पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने कहाँ मिल्छ र ? पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा भगवान्, सन्तान, ज्ञान, अभिमान, संविधान, दुःशासन, राम, देशजस्ता शब्दहरू तत्सम हुन् । यहाँ, हरपल, यस्तो, कहाँ, मिल्छ, तिमीले, खोजेको, जस्तो, पनि, जन्मछन्, कसै-कसैका, सबै, जस्तै, पछाडी, कुरा, काट्ने, कति, छन्, देवकोटा, हतियार, त्यो, पहिलेको, ठूला, ठालु, भएको, यो, यहाँ, सोचे, रजस्ता तद्भव शब्द हुन् । त झर्रा शब्द हो । हरदम, पर्दा, क्यान्टोनमेन, हालीमुहाली, गरिब आदि पदहरू आगन्तुक हुन् ।

यसमा मुस्कान, भगवान्, दुशासनहरू, राम, सन्तान, बुद्ध, ज्ञान, हतियारहरू, अभिमान, गरिब, संविधान नामपदका रूपमा आएका छन् । त्यो, यो सर्वनामपद हुन् । यस्तो, जस्तो, खोजेको, कसै- कसैका, जस्तै, काट्ने, देवकोटाको, पहिलेको, ठुलाठालुहरूकै, भएको, सोचेजस्तो, हालीमुहाली विशेषणपद हुन् । मिल्छ, जन्मन्छन्, छन्, क्रियापद हुन् । हरदम, पर्दा पछाडि, थन्किएपछि, कहाँ, देशमा क्रियाविशेषणपद हुन् । संयोजक पदमा र आएको छ ।

गजल अट्ठाइस

गजल अट्ठाइस पाँच शेरमा संरचित छ । यस गजलमा जो-कसैले जो-कसैका भावना नबुझ्ने, जो-कसैका पनि हितका कुराहरू गर्दा उनीहरूले नै नसम्झने, सबै आ-आफ्ना घमण्ड र अहङ्कारमा व्यस्त, कुरा साधुका जस्ता गरे पनि व्यवहार छल र कपटयुक्त भएको सामाजिक विषयवस्तु समेटिएको छ ।

यस गजलमा चाहेन भने, भेटाएन भने, सच्याएन भने, पत्याएन भने, लगाएन भने, झुक्याएन भने पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा मात्र, मन, अपराध, चोर, साधु, बेला, सुन्दर तत्सम शब्दका रूपमा आएका छन् । मैले, के, गरूँ, उसले, आफैँले, त्यो, त्यत्तिकै, हराएको, जान, सक्छ, तिम्रो, साथीले, पत्याएन, त्यति, लगाएन, सपना, देखाएर, झुक्याएन, भने, भेटाएन, फालिएला, सच्चाएन, त्यत्तिकै, खेर, थाहा, होला तद्भव स्रोतका शब्द हुन् । तस्बिर, गल्ति, रवाफ, नकाब, जिन्दगी आदि आगन्तुकका शब्दहरू रहेका छन् ।

यसमा नामपदमा तस्बिर, अपराध, गल्ती, रवाफ, साथी, चोर, नकाब, जिन्दगी, सुन्दर, सपना, आँखा प्रयुक्त छन् । सर्वनामपदमा, के, उसले, आफैँले, त्यो, तिमी, यो, मैले प्रयोग भएका छन् । विशेषणपदमा हराएको, मनको, गरेको, कति सुन्दर आदि रहेका छन् । क्रियापदमा चाहेन, भेटाएन, सच्चाएन, पत्याएन, लगाएन, झुक्याएन, गरूँ, फैलिएला, जानसक्छ, हुन, हुनेछ, हुन्थ्यो होला, शब्दहरू आएका छन् । क्रियाविशेषणपदमा मात्र, यतिसम्म, त्यत्तिकै, अनुहारमा, त्यतिबेला, देखाएरजस्ता शब्द आएका छन् । संयोजक पदमा के, भने आदि पद रहेका छन् ।

गजल उनन्तिस

गजल उनान्तिस पाँच शेरमा संरचित छ । यस गजलमा जीवन आनन्ददायी नभएर पीडादायी भएको, मान्छेभन्दा पशु, चराचुरुङ्गीहरू अनुशासित भएको, पीडादायी मन जसरी फाटेको हुन्छ त्यसरी नै समाज बेहिसाबले बिग्रिएको, बाटो बिराएको र प्रेयसीका यादमा निरन्तर आँखाबाट आँशुका धारा बगिरहेको, सामाजिक र प्रेमसम्बन्धी विषयवस्तुहरू उल्लेख भएका छन् ।

यस गजलमा जहरजस्तो, सफरजस्तो, निरन्तरजस्तो, अक्सरजस्तो, खण्डहरजस्तो, निरन्तरजस्तो पदहरू काफियाका रूपमा र अन्तिम शेरमा तखल्लुस विधिको प्रयोग भएको छ ।

यस गजलमा खण्डहर, कथा, निरक्षर, पुष्प, हरपल, मन, अविरल, पीडा आदि तत्सम शब्दका रूपमा आएका छन् । यो, पनि, किन, यस्तो, तिमी, म, एउटा, दिनहुँ, गएको छ, निरन्तर, मान्छे, यसरी, जस्तो, दुःखको, पनि, आँखा, बग्छन, तिम्रो, पढ्न, कसरी, मेरा, लाग्छ, तिम्रो, सधैँ तद्भवका रूपमा आएका छन् । नहिँडेको, चरा, खै, भत्किएको छ, उसरी, नै, चोट झर्रा शब्दका रूपमा र जिन्दगी, जहर, सफर, बेहिसाब, याद, अक्सर, नजर आदि आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यसमा नामपदमा जिन्दगी, चरा, मान्छे, चोट, पीडा, कथा, पुष्प आदि आएका छन् । सर्वनामपदमा यो, तिमी, म आदि आएका छन् । विशेषणपदमा यस्तो, जहरजस्तो, नहिँडेको, सफरजस्तो, निरन्तरजस्तो, बेहिसाब, खण्डहरजस्तो, अविरल, पढ्ने, जिन्दगीका, तिम्रो निरक्षरजस्तो आएका छन् । क्रियापदमा गएको छ, हो, दुःखेको छ, बग्छन्, लाग्छ शब्द आएका छन् । क्रियाविशेषणपदमा चुनौती, दिएर, यसरी, उसरी, जसरी, आँखाबाट, हरपल,

यादहरूमा, कसरी, नजरमा प्रयुक्त छन् । संयोजकपदमा पनि, र आदि शब्दहरू प्रयोग भएका छन् ।

गजल तिस

गजल तिस पाँच शेरमा संरचित छ । यस गजलमा बिद्रोहकालको व्यङ्ग्यात्मकता, विद्रोही गोरिल्लाहरूको विद्रोहले जनतामा डर र त्रास, साहित्यकारहरूको छिनाझपटी र संविधानले पीडितवर्गको पक्षमा कुनै काम नगरेका विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा निदाएका छैनन्, बगाएका छैनन्, सम्झाएका छैनन्, गएका छैनन्, कराएका छैनन्जस्ता पद काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा देश, सुनामी, आवाज, संविधान आदि तत्सम शब्दका रूपमा आएका छन् । निदाएका छैनन्, बाँदर, अझै, घर, अचेल, बनाएका छैनन्, हल्ला, चलेको, ऊ, मलाई, कसैको, आँसु, बगाएका, छैनन्, हिउँ, पग्लिएर, फेरि, भएर, बस्नु, सम्झाएका, छैनन्, यसरी, भिडन्त, गर्दैछन्, बाहिरै, आएको छ, अचेल, लगाएका छैनन्, पक्कै, ठुला-ठुला, हुनु, त्यसैले, नै, यहाँ, कराएका, चरा, छैनन्, कोही, भट्टी, भित्र आदि तद्भव शब्दका रूपमा आएका छन् । त झर्रा शब्द हो । आगन्तुक शब्दमा सहिद, होसियार, गजल, आवाज, महल आदि आएका छन् ।

यसमा नामपदमा चरा, बाँदर, चुप, घर, हिउँ, होसियार, गजलकार, आवाज, संविधान प्रयोग भएका छन् । सर्वनामपदमा ऊ, कसैले प्रयुक्त छन् । विशेषणपदमा ठुला-ठुला, देशको प्रयुक्त छन् । क्रियापदमा निदाएका छैनन्, बनाएका छैनन्, बगाएका छैनन्, सम्झाएका छैनन्, लगाएका छैनन्, कराएका छैनन्, हुन सक्छ, छ, बस्नु, गर्दैछन्, हुनपर्छ आदि शब्द आएका छन् । क्रियाविशेषणपदमा अचेल, अझै, पक्कै, पग्लिएर, आउन, भएर, भट्टीभित्र, भिडन्त, महलमा प्रयुक्त छन् । निपात पदमा त पद प्रयुक्त रहेको छ ।

गजल एकतिस

गजल एकतिस सात शेरमा संरचित छ । यस गजलमा एक-अर्कामा ईर्ष्या, प्रतिशोध, जुनसुकै दल पनि सत्तामा पुग्नासाथ पुनः सत्ताच्युत हुने प्रबल सम्भावना, हिटलरको नरसंहार, प्रेमिकाको प्रेमीप्रति समर्पणभाव, दिनदहाडै चेलीबेटीको बेचबिखन, दिनदुगुना रातचौगुना भन्सारमा भ्रष्टाचार बेढेको आदि विषयवस्तुहरू समेटिएको देखिन्छ ।

यस गजलमा व्यापार, निधार, सरकार, बजार, आधार, उदार, भन्सार, प्यार पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने हेर्छु म पनि पद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा व्यापार, सरकार, सत्ता, उदार, भन्सार, प्रतिस्पर्धा, आदर्श, पुष्प, सर्वस्व आदि तत्सम शब्दका हुन् । कसरी, यो, कति, भाग्यमानी, छ, त्यो, निधार, हेर्छु, म, पनि, पहिरो, गएको छु, दिन्छु, पुगे, पछि, फेरि, दिन, चल्छ, यसरी, यो, खुल्दैछन्, बन्धकी, राखेर, कस्तो, धर, दिएर आदि तद्भव शब्दका रूपमा प्रयुक्त छन् । हेर्छ, फेरि, रे, बनाउदछ्यौ, धेरै आदि झर्रा शब्द हुन् । बजार, च्याम्बर, बन्धकी, मुनाफा आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यस गजलमा व्यापार, निधार, पहिरो, सरकार, बजार, आधार, फूलमायाहरू, आर्दश, उद्धार, तोक, भन्सार, पुष्प नामपदका रूपमा प्रयुक्त छन् । यो, त्यो, ती, म, तिमी सर्वनाम पद हुन् । कति, भाग्यमानी, जलेका, लाशहरूको, कस्तो-कस्तो, सर्वस्व, त्यो, भन्दा, धेरै विशेषणपद हुन् । फस्टाउँछ, हेर्छु, छ, गएको छ, खुल्दैछन्, बनाउँछयौ, बेचिन्छन्, गर्छ, हेर्छ, दिन्छ, सार्छ, भन्या क्रियापदका रूपमा आएका छन् । कसरी, दिनहुँ, सत्तामा पुगेपछि, फेरि, यसरी, च्याम्बरमा, प्रतिस्पर्धामा, राखेर, पुग्न, माथि, जब, दिउँसै, भनसुनमा, घरनजिकै, दिएर, पुगेर क्रियाविशेषणपदमा आएका छन् । निपात पदमा रे आएको छ ।

गजल बत्तिस

गजल बत्तिस पाँच शेरमा संरचित छ । यस गजलमा प्रेमी-प्रेमिकादेखि टाढा रहेको, हरसमय आफ्नी प्रेमीकाको अनुहार सम्झेको, समाजका विभिन्न व्यवधानले आफ्नो प्रेमिकासँग विछोड भए पनि सपनामा प्रेमिकालाई सम्झेको, प्रेमसम्बन्धी विषयवस्तुहरू उल्लेख भएका छन् ।

यसमा अनुहार, प्यार, बारम्बार, निधार, किनार, आधार आदि पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने सम्झिन्छु पद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा अनुहार, भावी, भाग्य, प्रेम, केवल, पुत्र, अर्थ, जीवन, आधार तत्सम शब्दका रूपमा छन् । म, तिम्रै, सम्झिन्छु, आँखा, कस्तो, सपना, किन, लेखेर, गएछ, तिमी, उता, म, यता, हुनुको, आँसु, रगत, मेरो, एउटा, र, त्यही तद्भव शब्दका रूपमा आएका छन् । पनि, उता आदि झर्रा शब्दका रूपमा छन् । आगन्तुक शब्दमा हरदम, प्यार, बारम्बार, किनार आदि शब्द रहेका छन्

यस गजलमा अनुहार, प्यार, झझल्को, भावी, भाग्य, निधार, किनार, आँसु, रगत नामपदका रूपमा आएका छन् । म, त्यही, सर्वनामपदका रूपमा छन् । तिम्रै, दिएको, आँखाको, कस्तो, नसक्ने, हुनुको, नदीको, लेखेको, मेरो, जीवनको विशेषणपद हुन् । सम्झिन्छु क्रियापद हो ।

क्रियाविशेषणपदमा हरदम, सपनामा लेखेर, बारम्बार, बदल्न आएका छन् । संयोजकपदमा र आएको छ ।

गजल तेत्तिस

गजल तेत्तिस पाँच शेरमा संरचित छ । यस गजलमा जीवनयात्राका विषयमा विशेष चिन्तन, आध्यात्मिकप्रति व्यङ्ग्य, एकोहोरो प्रेम, हरेक क्षेत्रमा आँधीहुरी, कतै पनि सप्रेको कुरो नदेखिने, आफूलाई अनुकूल भएको अवस्थामा समाज पनि आफ्नोजस्तो हुने तर प्रतिकूल अवस्थामा कसैको पनि आशा र भरोसा नरहेको सामाजिक र प्रेमसम्बन्धी विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा सफर, पत्थर, अक्सर, खबर, घर, सहर आदि पदहरू काफियाका रूपमा रहेका छन् भने म, सोचिरहेछु पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यस गजलमा भगवान्, स्मशान, कति, तत्सम शब्दका रूपमा आएका छन् । कसरी, चलिरहेछ, यो, म सोचिरहेछु, तिम्रो, मलाई, किन, यसरी, हिजो, आज, यही, कुरा, लगातार आँधी, पानी बर्सिरहेछ, आउला, कस्तो तद्भव शब्द हुन् । उता, पनि, बिरानो झर्रा शब्दका रूपमा प्रयुक्त छन् । खबर दुनियाँ, बिरानो, सहर आदि आगन्तुक शब्दहरू रहेका छन् ।

यस गजलमा सफर, भगवान्, पत्थर, याद, कुरा, आँधी-हुरी, पानी, खबर, स्मशान, घर आदि नामपदका रूपमा आएका छन् । यो, म, त्यो, यही सर्वनामपद हुन् । तिम्रो, कस्तो, आफ्नै, जस्तो विशेषणपदमा आएका छन् । सोचिरहेछु, लखेटिरहेछ, बिर्सिरहेछ, थियो, आउला, लाग्छ, हो, लाग्थ्यो क्रियापदका रूपमा आएका छन् । कसरी, हिजो, आज, अक्सर, कतिबेला, उता, एकान्तमा, हिजोसम्म क्रियाविशेषणपदमा छन् । संयोजकपदमा कि पद रहेको छ ।

गजल चौँतिस

गजल चौँतिस पाँच शेरमा संरचित छ । यस गजलमा धार्मिक व्यङ्ग्यार्थ, सहिदहरूको चित्कार, देशमा बेरोजगार, समाजमा बेइमानीपना, धार्मिक क्रान्तिको आवश्यकता, युवतीहरूको शृङ्गार आदि विषयवस्तुहरू समेटिएका छन् ।

यसमा भगवान्हरू, चिहानहरू, जवानहरू, इमानहरू, कुरानहरू, निशानहरू, पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने कसरी भेटिएलान् पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा भगवान्, युद्ध, युवा, धर्म, देश, जातीयता, विरुद्ध, क्रान्ति, शृङगार, निशान, तत्सम शब्दका रूपमा छन् । भन्नुस्, ती, हराएका, कसरी, गाडिएका, चिहान, पठाइरहेछ, दिनहुँ, अब, गाँउ, कसरी, मान्छे, आँखा, अगाडि, तपाईं, जब, तिम्रो, हुन्छ, त्यहाँ तिमी, गरिरहेकी छ्यौ, म, सोचिरहेछु, मेरा तद्भव शब्दका रूपमा छन् । नै झर्रा शब्द हो । आगन्तुकका रूपमा हेरेर, जवान, ऐना, सैतान, इमान, बाइबल, कुरान, निशानआगन्तुक शब्द हुन् ।

यसमा भगवान्, युद्ध, चिहान, सरकार, युवा, परदेश, जवान, मान्छे, आँखा, सैतान्, इमान, धर्म जातीयता, गीता, बाइबल, कुरान, ऐना, शृङ्गार, निशान नामपदका रूपमा छन् । ती सर्वनामपद हो भने हराएका, गाडिएका मेरा विशेषणपदका रूपमा आएका छन् । भेटिएलान्, पठाइरहेछ, भन्नुस, हुन्छ, गरिरहेकी छ्यौ, सोचिरहेछु क्रियापदका रूपमा छन् । कसरी, युद्धमा, दिनहुँ, गाउँमा, अगाडि, यसरी, देशमा हेरेर क्रियाविशेषणपदमा छन् । संयोजकपदमा अब, जब प्रयोग भएका छन् भने निपातपदमा नै पद रहेको छ ।

गजल पैंतिस

गजल पैंतिस पाँच शेरमा संरचित छ । यस गजलमा देशका मौलिकताप्रति बेवास्ता, नारीहरू आफ्नो यौवन बेच्नमा बाध्य, देशको मेरुदण्डका रूपमा रहेका युवाहरू विदेशी रोजगारमा व्यस्त, देशका कुना-काप्चामा रहेका जनताहरूको जीवनको आधार बिग्रिँदो अवस्थामा रहेको, नेतृत्ववर्गका झुटो नाराजस्ता विषयवस्तुहरू उल्लेख भएका छन् ।

यसमा बेचिरहेछ पद रदिफका रूपमा र बजारमा, हतारमा, उपहारमा, कतारमा, किनारमा, प्रचारमा जस्ता पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा अस्मिता, यौवन, श्रम, नदी, जनता, देश तत्सम शब्द हुन् । बेच्ने, छैन, ऊ, किन, हतार, लुकाएर, मान्छे, अनि, त्यो, उसले, कहीँ, पसिना, माछा, देखेर, माझी, हरेक, दिन, भड्काउने तद्भव शब्दका रूपमा छन् । थाहा झर्रा शब्द हो । आफ्नो, बजार, हतार, चेहरा, दुबई, नारा आदि पदहरू आगन्तुक हुन् ।

यसमा अस्मिता, चेहरा, यौवन, जिन्दगी, श्रम, पसिना, दुबई, जिन्दगी, माझी, सपना, नारा, जनता नामपदका रूपमा आएका छन् । ऊ, त्यो, उसले सर्वनामपदका रूपमा छन् । बेच्नेले, आफ्नो-आफ्नो, माछाको, नदीका, सस्तो, भड्काउने, देशको विशेषणपदमा छन् । बेचिरहेछ क्रियापदको रूपमा आएको छ । बजारमा, हतारमा, लुकाएर, मान्छेसँग, ऐनासँग, उपहारमा,

खोजेर, कहाँ, नभेटेपछि, कतारमा, हरेक दिन, देखेर, लगाएर, प्रचारमा क्रियाविशेषणपदका रूपमा आएका छन् । संयोजक पदमा र देखापरेको छ ।

गजल छत्तिस

गजल छत्तिस पाँच शेरमा संरचित छ । यस गजलमा समय परिस्थितिअनुसार बुझ्ने कुराहरू, मानिसका चालचलनबाट बुझ्ने कुराहरू, समाजमा भएका कुराहरू आँखा र मनले कसरी ग्रहण गर्छन् ? साहित्यरचनामा समाजको उपेक्षा किन हुँदैछ ? रचनाकारहरूको अवमूल्यन किन भइराखेको छ ? प्रतिकूलतामा कसरी संसार हाँस्छ ? भन्नेजस्ता विषयहरू समेटिएका छन् ।

यसमा समयबाट, अभिनयबाट, हृदयबाट, आशयबाट, पराजयबाट, कतिपयबाट पदावली काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा समय, अभिनय, तस्बिर, हृदय, गजुर तत्सम शब्दका रूपमा आएका छन् । बुझ्नु, मैले, यो, जसरी, उसको, गरेको छु, लेख्नु, चुनौती, कति, देखेर, पाएको छु, मैले, कतिपय, धोका, अब तद्भव शब्दका रूपमा आएका छन् । उफ्रेलान् पनि, अनि झर्राका शब्दका रूपमा छन् । खुसी, याद, तस्बिर, गजल, चुनौति, सैतान, जिन्दगी पदहरू आगन्तुक रूपमा रहेका छन् ।

यसमा याद, तस्बिर, गजल, चुनौती, सैतान, खुसी नामपदमा छन् । यो, मैल सर्वनामपदमा छन् । उसको धेरै, गजलकारको, जिन्दगीको, निष्ठुरीका विशेषणपदमा छन् । बुझ्नु छ, बुझिन्छ, गरेको छु, बनाएको छु, ठानिरहेछु क्रियापदमा छन् । समयबाट, अभिनयबाट, जसरी, आँखाबाट, हृदयबाट, आशयबाट, पराजयबाट, कतिपयबाट क्रियाविशेषणपदमा छन् । संयोजकपदमा पनि, अब, अनि पदहरू रहेका छन् ।

गजल सैँतिस

गजल सैँतिस पाँच शेरमा संरचित छ । यस गजलमा समय परिस्थितिले मानिसलाई डोऱ्याउने, आफूले सोचेका सबै कुरा सपनामा परिणत हुने, परिस्थितिले मानिसको अनुहार नबदले पनि व्यवहार बदल्ने, देशका कैयौँ युवाहरू परदेशमा कजिएका र तिनका परिवारले घरमा आँसु बगाउन बाध्य भएको सामाजिक विषयवस्तुलाई उल्लेख गरिएको छ ।

यस गजलमा बनाएर, दुःखाएर, ब्युँझाएर, हटाएर, बगाएर, चलाएर, पदहरूलाई काफियाका रूपमा प्रयोग गरिएको छ । गजलको अन्तिम शेरमा तखल्लुस विधिको प्रयोग गरिएको छ ।

यस गजलमा दोष, नियति, मध्य, अनुहार, भ्रम, पुष्प, समय तत्सम शब्दका रूपमा छन् । गएको छ, यो, दोषी, देख्न, बाँकी, केही, सपना, अझ, आँखा, हराए, रात, उस्तै छ, म, छैन, मेरो, अनुहार, हेर्नुछ, भने, हरे, बिर्सन, कसरी, सक्छु, ती, दिन-रात, सम्झिरहेछु, आँखा, आँसु, बगाएर, गऱ्यो, उसले, चलाएर तद्भव शब्दमा छन् । झर्रामा हटाएर, पो छन् । आगन्तुकमा बदलिएको, पर्दा, याद, तुफान पदहरू रहेका छन् ।

यस गजलमा समय, नियति, सपना, अनुहार, पर्दा, याद, दिन, रात, आँसु, गल्ती, पुष्प, आँधी, तुफान नामपदमा आएका छन् । यो, कसैले, म, ती, उसले सर्वनामपदमा छन् । दोषी, केही, उस्तै, मेरो, भ्रमको विशेषणपदमा छन् । गएको छ, सम्झाएको छ, बदलिएको छैन, हेर्नुछ, हेर, सक्छु, सम्झिरहेछु गऱ्यो क्रियापदमा आएका छन् । बनाएर, दुखाएर, बुझाएर, हटाएर, आँखामा, बगाएर, चलाएर क्रियाविशेषणपदमा छन् । निपातपदमा पो आएको छ ।

गजल अड्तिस

गजल अड्तिस पाँच शेरमा संरचित छ । यस गजलमा असहाय नारी, आध्यात्मिकताको वास्तविकता, विज्ञानको विकासले सृजनाको विध्वंसको सङ्केत, आफन्तीमै विश्वास र भरोसाको अभाव, समाजका सबै क्षेत्रमा नातावाद, कृपावादको बाहुल्यताजस्ता सामाजिक, आध्यात्मिक र विज्ञान र प्रविधिसँग सम्बन्धित विषयवस्तुहरू समेटिएका छन् ।

यसमा तत्सम शब्दमा भगवान्, मन्दिर, शौचालय, वैज्ञानिक, पृथ्वी, दुश्मन, मित्र, एक, अवसर, निर्णायक व्यर्थ, प्रतिभा, कला आएका छन् । तद्भव शब्दमा रमाएको छैन, अचेल, फूल, रोएकी छिन्, विचरी, ती, अवला, कहाँ, बस्छन्, कसरी, गरूँ, अँध्यारोमा, गर्दै, छन्, साँच्चै, उल्टो पदहरू रहेका छन् । झर्रा शब्दमा घुमाउन, रहला, नरहलाजस्ता शब्दहरू र आगन्तुकमा गमला, अवला, फैसला, कोसिस, दुश्मन, बदला पदहरू रहेका छन् ।

यसमा नामपदमा फूल, गमला, अवला, भगवान्, फैसला, वैज्ञानिक, पृथ्वी, मान्छे, दुश्मन, मात्र, एकदिन, अवसर, बदला, प्रतिभा, कला छन् । सर्वनामपदमा यो छ । विशेषणपदमा विचरी, अवला, यस्तै, आफ्नै, उसको, व्यर्थ, मेरो शब्द आएका छन् । क्रियापदमा रमाएको छैन, रोएकी छिन्, बस्छन्, गरूँ, गर्दैछन्, रहला, नरहला, सक्नेछन्, लिनेछन्, सक्छु, बस्यो हुनेछ प्रयुक्त छन् । क्रियाविशेषणपदमा मन्दिरमा, शौचालयमा, कसरी, अँध्यारोमा, घुमाउन, साँच्चै, छोपेर, निर्णायकमा छन् । संयोजक पदमा पनि, भने, र पदहरू रहेका छन् ।

गजल उनन्चालिस

गजल उनन्चालिस पाँच शेरमा संरचित छ । यस गजलमा मान्छेले मान्छेलाई दिइने आश्वासनले स्वर्गको जस्तो अनुभूति गराउने, कुनै वहानामा कसैले कसैलाई आत्महत्याको डर-त्रास देखाउने, कसैलाई राम्रो आश्वासन दिँदा पनि उसले नबुझ्ने, जो-कसैले जो-कसैको कमजोरी देखे हेप्ने, समाजमा मान्छेहरूको हैसियतबिनाका धाक-धम्कीहरू रहेको सामाजिक विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा रङ्गिन, मात्र, मूर्ख, मित्र, जीवन, प्रगति, सम्पति, शुक्लपक्ष, प्रतिस्पर्धा, रङ्गीन, तत्सम शब्दका रूपमा छन् । गएको छ, अलिकति, देखाएर, कति, बुझ्दै-बुझ्दैन, म, भन्छु, केही, गरेरै, मर, नहुनु, तिमी, सधैँ, बाँच्न, सजिलो, हुन्छ, देखाएर, जूनसँग, मान्छे, गर्छ, मैनबत्ती, तद्भव शब्दका रूपमा प्रयुक्त छन् । ऊ, नै, बरु झर्रा शब्द हुन् र कमजोर, खुसी, हैरान गजलमा आदि पदहरू आगन्तुक रहेका छन् ।

यसमा अलिकति, भए जति, ओखती, प्रगति, सम्पति, मैनबत्ती आदि पद काफियाका रूपमा प्रयोग भएका छन् भने देखाएर पद रदिफका रूपमा प्रयोग भएको छ ।

यस गजलमा खुशी, सपना, हैरान, आत्महत्या, ओखती, मूर्ख, जीवन, प्रगति, सम्पति, साँझ, मान्छे, मैनबत्ती नामपद हुन् । ऊ, उसले, तिमी सर्वनामपदमा आएका छन् । रङ्गिन, भएजति, गर्ने, कति, मूर्ख, मेरो, केही, शुक्लपक्षका विशेषणपदका उदाहरण हुन् । गएको छ, बनाउछ, हुन्छ, गर्छजस्ता क्रियापदमा आएका शब्द हुन् । देखाएर, गरेरै, सधैँ, बाँच्न, यसरी क्रियाविशेषणपदका रूपमा आएका छन् । निपातपदमा नै आएको छ ।

गजल चालिस

गजल चाालिस पाँच शेरमा संरचित छ । यस गजलमा मान्छेका असम्भाव्य महत्त्वाकङ्क्षा, देशका दुर्गम क्षेत्रमा औषधीमुलोको अभाव, जिन्दगीमा चौतर्फी दवाब, प्रेमिकाप्रति समर्पण, जीवनमा जतिसुकै कष्ट भए पनि बाहिर हँसिलो देखिनुपर्ने बाध्यता आदि सामाजिक र प्रेमसम्बन्धी विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा सम्पत्ति, धनी, औषधी, जिन्दगी, मजबुरी, खुसी पदहरू काफियाका रूपमा प्रयोग भएको छन् भने जसरी पनि पद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा सम्पत्ति, हृदय, अन्तिम तत्सम शब्दका रूपमा आएका छन् । मैले, कमाउनु छ, जसरी, बन्नु छ, एकदिन, धनी, पठाउनु छ, बाँच्नु छ, मलाई, तिम्रा, यो, बुझ्नै, पर्छ, अब,

देखाउनु छ, पढेर, अनुहारमा, झाडापखाला तद्भव शब्दहरू हुन् । पनि, अनि, जाजरकोट, पर्छ झर्रा शब्द पर्छन् । बुझ्नै, खुसी, मजबुरी, जिन्दगी, दबाब, आदि शब्दहरू आगन्तुक शब्दका रूपमा आएका छन् ।

यसमा सम्पति, जाजरकोट, झाडापखाला, औषधि, जिन्दगी, हृदय, खुसी, थाहा नामपदका उदाहरण हुन् । मैले, मलाई, तिमी, यो सर्वनामपदमा छन् । धनी, तिम्रा, मेरो विशेषणपदमा आएका छन् । कमाउनु छ, बन्नु छ, थलिएको छ, पठाउनु छ, बाँच्न छ, बुझ्नै पर्छ, देखाउनु छ आदि शब्दहरू क्रियापदमा छन् । जसरी, दबाबमा, आँखामा, अनुहारमा, क्रियाविशेषणपदका रूपमा आएका शब्द हुन् । संयोजकपदमा पनि अनि छन् । नामयोगीपदमा लागि पद प्रयोग भएको छ ।

गजल एकचालिस

गजल एकचालिस पाँच शेरमा संरचित छ । यस गजलमा समाज बदल्न प्रथमतः आफू बदलिनुपर्ने, देशनिर्माणका लागि प्रत्येक नागरिक सचेत हुनुपर्ने, नारीको शृङ्गारबाट जो-कोही पनि बच्न नसक्ने, प्रेमिकालाई खुसी पार्न पनि महङ्गो मूल्य चुकाउनुपर्ने, महङ्गीले चरम सीमा नाघेको, यसरी जीवनसँग सङ्घर्ष गर्दागर्दै जो-कोही पनि नदीका किनारमा पुग्न बाध्य भएको सामाजिक, राजनैतिक र प्रेमसम्बन्धी विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा प्यारबाट, अनुहारबाट, सरकारबाट, शृङ्गारबाट, बजारबाट, किनारबाट पदहरू काफियाका रूपमा प्रस्तुत भएका छन् ।

यसमा देश, समाज, आशा, व्यर्थ, शृङ्गार, उपहार, यदि तत्सम शब्द हुन् । के, बुझ्यौ, पढेर, हुनु, महँगी, तिमी, मेरो, गर्छौ, सक्दैन, आफैं, यो, हतियार, किनेर, दिऊँ, कसरी, बितेर, गए, यसैगरी तद्भव शब्दमा छन् । यति, टाढा, पर्दैन, बुझ, बनाउ, पनि, अनि, कलम, बितेर, कैयौँ, टुङ्गिने छ झर्रा शब्द हुन् । बुझ, बुझ्यौ, प्यार, सरकार, बदलिन, उपहार, खुसी, बजार, जिन्दगी, किनार आगन्तुक शब्दका उदाहरण हुन् ।

यसमा देश, समाज, आशा, कलम, दुनियाँ, खुसी, पल, यात्रा नामपदका उदाहरण हुन् । के, आफैं, यो सर्वनामपद हुन् । मेरो, यति, व्यर्थ, तिम्रो, चुलिएको, जिन्दगीका, अन्तिम, नदीको विशेषणपदमा छन् । बुझ्यौ, बुझ, हुनुपर्दैन, बनाउ, गर्छौ, सक्दैन, सक्छ, दिऊँ, गए, टुङ्गिने छ क्रियापदका उदाहरण हुन् । पढेर, अनुहारबाट, टाढा, प्यारबाट, सरकारबाट, शृङ्गारबाट, उपहारमा, बजारबाट, यसैगरी, किनारबाट क्रियाविशेषणपदमा आएका छन् । संयोजकपदमा अनि, पनि, अब शब्दहरू रहेका छन् ।

गजल बयालिस

गजल बयालिस पाँच शेरमा संरचित छ । यस गजलमा देशको सीमाना मिचिएको, समाजमा नयाँ संस्कारले फड्को मारेको, नयाँ र पुरानो संस्कारबिच द्वन्द्व रहेको, आफ्नो कमजोरीमा पनि अरूको कमजोरी देखाउने सामाजिक प्रकृत्ति भएको, देश समस्याको खाडलमा फसेको तर नेतृत्ववर्गले जनताको आँखामा छारो हाल्न खोजेको सामाजिक र राजनैतिक विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा सिमाना, पुराना, ठेगाना, फलाना, जमाना स-साना पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने देखाइन्छ पद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा संस्कार, शृङ्गार, युग, देश, समस्या तत्सम शब्दका रूपमा आएका छन् । जहाँ, भत्केको, देखाइन्छ, किन, होला, पुराना, बाटो, भुलेर, हिँडेका छन्, अझै, यात्री, यहाँ, दोषी, सधैँ, गरेर यसरी मान्छेलाई उही, कति, गहिरो, भुमरी, परेको छ, यो, हामी, भने स-साना तद्भव शब्दका रूपमा प्रयुक्त छन् । तै, पनि, भने, बाटो, अझै, उही झर्रा शब्दका रूपमा प्रयुक्त छन् । मजवुरी शब्द आगन्तुक स्रोतबाट आएको छ ।

यसमा सिमाना, संस्कार, बाटो, यात्रा, ठेगाना, कमजोर, शृङ्गार, युग, ठेगाना, मान्छे, जमाना, गहिरो, देश, समस्या नामपदका रूपमा प्रयुक्त छन् । यहाँ, किन, उही, फलाना, यो सर्वनामपदका रूपमा प्रयुक्त छन् । भत्केको, पुराना, झुटो, मजदुरी, उही, हुनुको, दोषी, कति, गहिरो स-साना विशेषणपदमा आएका छन् । देखाइन्छ होला, हिँडेका छन्, बदलिएको छ, परेको छ, क्रियापदमा प्रयुक्त छन् । जहाँ, भुलेर, अझै, सधैँ, गरेर भुमरीमा क्रियाविशेषणपदमा आएका छन् । संयोजकपदमा तै, पनि, भने पदहरू रहेका छन् ।

गजल त्रिचालिस

गजल त्रिचालिस पाँच शेरमा संरचित छ । यस गजलमा सधैँ विदेसिनुपर्ने बाध्यता रहेको, जतिसुकै स्वतन्त्रताका कुरा गरे पनि मानिस पारिवारिक तथा सामाजिक वैदेशिक बन्धनबाट मुक्त हुन नसक्ने, सरकारले पनि जनतालाई खेलौनासरह खेलाउने, बसाइँ-सराइका क्रममा परेका अप्ठेराजस्ता सामाजिक र राजनैतिक विषयवस्तुहरू समेटिएका छन् ।

यसमा ऐनामा, आँखामा, दुनियाँमा, कोठामा, खेलौनामा, अँधियामा आदि पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा हेर्छु, आफैँलाई, देख्छु, सधैँ, एउटा, परदेशी, आफ्नै, आँखामा, केही, लाग्दैन, उस्तै, लाग्छ, मलाई, साँच्चै, तिम्रो, मेरो, यो, पखेटा, भएर, पिँजडा, बन्द, चरा, उसैगरी, थुनिएको

छु, म, पनि, कोठा, भुलाएको छ, अनेकौँ, देखाएर, जसरी, यी, बच्चा, बस्न, नसकिने, भरे, यो, मधेश, तराई, पहाड, दिएर, खेतबारी, जान्छु, अँधिया तद्भव शब्दका रूपमा आएका छन् । अनि, उस्तै, पनि, चरा, कठै, तराई शब्द झर्रावर्गमा छन् । ऐना, तस्बिर, फरक, जिन्दगी, दुनियाँ, बहानाजस्ता पदहरू आगन्तुकवर्गमा रहेका छन् ।

यसमा फरक, पखेटा, चरा, सरकार, बहना, बच्चा, मधेस, पहाड, खेतबारी, ऐना नामपपदमा आएका छन् । आफैँ, यो, म, यी सर्वनामपदमा आएका छन् । एउटा, परदेशी, आफ्नै, केही, उस्तै, तिम्रो, मेरो, अनेकौँ विशेषणपदमा आएका छन् । हेर्छु, देख्छु, लाग्दैन, लाग्छ, थुनिएको छु, भुलाएको छ, भुलेका छन्, जान्छु क्रियापदमा आएका छन् । तस्बिरमा, ऐनामा, आँखामा, दुनियाँमा, कोठामा, खेलौनामा, तराईमा, अँधियामा क्रियाविशेषणपदमा आएका छन् । अनि, र संयोजक पद हुन् । कठै ! विस्मयादिबोधकपद हो ।

गजल चवालिस

गजल चवालिस पाँच शेरमा संरचित छ । यस गजलमा समाजले आफ्नो रीतिरिवाज, मौलिकताहरू बिर्सिंदै गएको, पैसा कमाउन विदेसिएकाले आफ्नो घर र देश सबै बिर्सेको, साहित्यकारहरूले पनि साहित्यको मर्म बिर्सेको, बिहान-बेलुका छाक टार्नेहरूले महलको सपना बिर्सेको आदि विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा धरातल, आँचल, गजल, हरपल, आजकल, महल पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने बिर्सेका छन् पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यस गजलमा धरातल, आँचल, ममता, सुख, गन्ध तत्सम शब्दका रूपमा आएका छन् । जसले, यसरी, आफ्नो बिर्सेका छन्, ति, मैले, यहाँ, पसेका, बुहारी, छोरी, गल्ती, घर, आमा, हिजो, पैताला, भुइँ, कसरी, थिए, ती, यस्तो, लाग्छ, गोरेटो, कति, सुनिन्थ्यो, आज, पसिना, तिनको, झुपडी, निदाउने, सारा, खोज, गजलकार तद्भवमा प्रयुक्त छन् । निम्ति झर्रा र आजकल महेफील महल आगन्तुक शब्द हुन् ।

यसमा धरातल, आँचल, सहर, घर, आमा-बा, पैताला, गजलकार, गजल, गन्ध, महल नामपदका रूपमा आएका छन् । ती सर्वनामपदमा छ । जसले, आफ्नो, तिनले, ममताको, सुखको, पसेका, कति, यस्तो, पसिनाको, तिनको विशेषणपदमा आएका छन् । बिर्सेका छन्, टेकेका थिए, सुनिन्थ्यो, सुनाइन्थ्यो, लाग्छ, सकिएला क्रियापदमा प्रयुक्त छन् । यसरी, हिजो, कसरी, आजकल, महफीलहरूमा, खोजे, भेट्न, झुपडीमै क्रियाविशेषणपदमा आएका छन् । संयोजकपदमा र आएको छ ।

गजल पैंतालिस

गजल पैतालिस पाँच शेरमा संरचित छ । यस गजलमा जीवन जताततैबाट असुरक्षाले घेरिएको, नारीहरू बारम्बार बलात्कृत भएको, मान्छे र पशुमा कुनै फरक नभएको, मान्छेमा विश्वास हराएको, मान्छे सबै कुरामा विकास भए पनि स्वभाव जङ्गली अवस्थाबाट मुक्त हुन नसकेको सामाजिक विषयवस्तुहरू उल्लेख भएका छन् ।

यसमा भँवरामा, खतरामा, कठघरामा, चरामा, जरामा, पहरामा, पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यस गजलमा सदन, बहस, विचार, पूर्खा, गुफा तत्सम शब्दका रूपमा आएका छन् । उस्तै छ, फूल, भँवरा, ओठ, कसकसले, गए, सबै, एक दिन, छिनछिनमा, चरा, तर, यही, चलिरहेछ, अचेल, भ्रम, तिमी, के, मान्छे, इशारामा, र, बदल्छन् तद्भव शब्दका रूपमा आएका छन् । अनि झर्रा शब्द हो । अडिग, खतरा, चुमेर, कठघरामा, बहस आगन्तुक शब्द हुन् ।

यसमा बहार, बहस, एकादिन, मान्छे, गुफा, नामपदमा आएका छन् । यी, तिमी सर्वनामपदमा प्रयुक्त छन् । उस्तै, रुखको, अडिग, मान्छेका विशेषणपदमा प्रयुक्त छन् । छ, उभिएको छ, गए, उभ्याउने छु, चलिरहेछ, बदल्छन्, बस्थे, क्रियापदमा आएका छन् । भँवरामा, आजकल, खतरामा, ओठहरूमा, चुमेर, कठघरामा, सदनमा, अचेल, चरामा, जरामा, कहाँ कहाँ, गएर, पहरामा क्रियाविशेषणपदमा प्रयुक्त छन् । संयोजक पदमा अनि, र पदहरू रहेका छन् भने पनि निपात पदमा आएको छ ।

गजल छयालिस

गजल छयालिस पाँच शेरमा संरचित छ । यस गजलमा सबैलाई आ-आफ्नै विषयप्रति चासो, देशभक्तिको भावना, मान्छेका अवसरवादी चरित्रहरू आदि विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा गजल, पसल, महल, पहल, दखल, फेरबदल आदि पदहरू काफियाका रूपमा छन् भने आफ्नो त पदावली रदिफका रूपमा प्रयोग भएका छन् ।

यसमा रङ्ग तत्सम शब्दका रूपमा आएको छ । कसैलाई, केही, आफ्नो, देश, हरपल, रूप, चर्चा, हरघडी, छ, छैन, मेरा, जस्तो, हुनेछ, कहाँ, माटो, यहाँ, कोही, सकिन्न, भन्छन, छायाँ, कहिल्यै तद्भव शब्दका रूपमा आएका छन् । ओत, लाग्ने, सानो, झुपडी, त्यति, ठुलो, पहल, हेरी, चिन्न, सकिन्न, भन्छन्, हेरेर, चिन्ने, निम्ति झर्रा शब्दका रूपमा आएका छन् । पसल, फेरिन्छन्, दखल, फेरबदल, महल, खुब, आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यसमा गजल, पसल, ओत, झुपडी, महल, देश, मान्छे, छाँया, मान्छे, दखल, फेरबदल नामपदमा छन् । कसैलाई सर्वनामपदमा आएको छ । निम्न, आफ्नो, मदिराको, माटोको, जस्तोसुकै, कोही, मान्छेका विशेषणपदमा छन् । हुँदैछ, छैन, छ, हुनेछ, सकिन्न, भन्छन्, फेरिन्छन्, भएन, छन्जस्ता शब्द क्रियापदमा आएका छन् । चर्चामा, हरघडी, हेरी, हेरेर, बिना, छिनमा, क्रियाविशेषणमा आएका पद हुन् । निम्ति नामयोगीपदमा छ । संयोजकपदमा र छ । निपातपदमा त, खै पदहरू रहेका छन् ।

गजल सतचालिस

गजल सतचाालिस पाँच शेरमा संरचित छ । यस गजलमा देशको विषमता र गाउँ-बस्तीका समस्याहरू, विदेसिएका युवाहरूको स्थिति, नेतृत्ववर्ग सुरा-सुन्दरीमा ब्यस्त भएको स्थिति, देशका निम्ति कलम चलाउने साहित्यकारहरू उपेक्षित भएको वर्तमान अवस्थालाई विषयवस्तुहरू बनाइएको छ ।

यस गजलमा समाचार, अनुहार, सरकार, उपहार, प्रचार र गजलकार काफियाका रूपमा प्रयोग भएका छन् भने आउँछ पद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा महल, मात्र, समाचार, कर्णाली, अनुहार, नारा, मित्र, धन, लाश, उपहार, सुरा, सुन्दरी, प्रचार, यदि, देश तत्सम शब्दका रूपमा आएका छन् । झुप्रो, हराउँछ, सधैँसधैँ, काठमाण्डु, अघाउँदा, आँखा, पुत्ला, जलाइन्छ, नारा, त्यसैले, होला, उधारो, सपना, बोकेर, विदेसिन्छ, आउँछन्, वहाँ, भित्र, उनकै, भन्ने, यसो, भन्छन्, तेरा, भाग्यमा, यही, तँ, लेख्दा लेख्दै, मरिस्, उठाउन, तेरो, र तद्भव शब्दका रूपमा आएका छन् । यसैगरी भने, पनि, अनि, त, झर्रा शब्दका रूपमा आएका छन् । महल, नारा, बेरोजगार आगन्तुक स्रोतका पदहरू रहेका छन् ।

यसमा झुप्रो, काठमाण्डु, अनुहार, नारा, मित्र, सरकार, उधारो, बेरोजगार, धन, लाश, उपहार, बदनाम, सुरा, प्रचार, गजलकार नामपदमा आएका छन् । तँ सर्वनाम पद हो । महलको, कर्णालीको, उधारो, यसो, गर्नकै, तेरो, सुन्दरीको, देशको विशेषणपदमा आएका छन् । आउँछ, हराउँछ, लगाइन्छ, भन्छन, आउँदैन होला, जलाइन्छ, लगाइन्छ, क्रियापदमा आएका छन् । क्रियाविशेषणपदमा सधैँसधैँ, अघाउँदा, आँखाभरि, सहरमा, अचेल, गाउँगाउँमा, वहाँ, भित्र, भाग्यमा, लेख्दा, लेख्दै क्रियाविशेषणपद हुन् । लागि, निम्ति नामयोगीपदमा आएका छन् । र, पनि, अनि संयोजकपदमा आएका छन् । त निपातपदका रूपमा प्रयुक्त छ ।

गजल अड्चालिस

गजल अड्चालिस पाँच शेरमा संरचित छ । यस गजलमा मान्छेका विभिन्न प्रवृत्तिहरू, जीवन धान्नका लागि गर्नुपर्ने सङ्घर्ष, आफन्तले नै गाउँबाट उठिबास पारेको अवस्था, महङ्गीको मार र जँड्याहा प्रवृत्तिहरू आदि सामाजिक विषयवस्तु समेटिएका छन् ।

यस गजलमा तनाब, गुलाब, नकाब, दबाब, हिसाब, सराब पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने दिएर जान्छन् पदावली रदिफका रूपमा प्रयोग भएका छन् ।

यसमा तत्सम शब्दमा आत्मीय, मित्र छन् । कोही, आउँछन्, दिएर, जान्छन्, गुलाब, अनुहार, छोप्न, आफ्नै, भन्ने, आएर, दिएर, के, सम्झन्छन् तद्भव शब्दका रूपमा आएका छन् । गुलाब, वडा हिसाब, दबाब, सराब, बोतल आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यसमा तनाब, गुलाब, नकाब, जिन्दगी, दबाब, हिसाब, मित्र, बोतल, नामपदका शब्द हुन् । कोही, यो, के, म सर्वनामपदमा आएका छन् । मुस्किल, आफ्नो, भन्ने, यस्तो, सधैँ, पुरानो, बोतलका विशेषणपदका रूपमा आएका छन् । आउँछन्, जान्छन्, छ, बाँच्नु, सम्झन्छन् क्रियापदमा आएका छन् । दिएर, बाँच्न, आएर, कसरी, यसरी, महङ्गीमा, कुन्नि क्रियाविशेषणपदका रूपमा आएका छन् भने पनि संयोजक पद हो ।

गजल उनन्पचास

गजल उनान्पचास पाँच शेरमा संरचित छ । यसमा सामाजिक सङ्घर्ष, व्यक्तिगत सङ्घर्ष, मान्छेका सैतान प्रकृतिदेखि होसियारी गराउनुलाई विषयवस्तु बनाइएको छ ।

यसमा निल्नु, उछिन्नु, नपिन्नु, नहिन्नु, चिन्नु, नकिन्नु पद काफियाका रूपमा र आमा भन्नुहुन्थ्यो पदावली रदिफका रूपमा प्रयोग भएका छन् ।

यसमा प्रगति, समय, भाग्य, कर्म, भुमरी, स्वार्थी, संसार, भाग्य, भविष्य, विश्वास तत्सम शब्दका रूपमा आएका छन् । हेरेर, हाड, निल्नु, आमा, भन्नुहुन्थ्यो, उछिन्नु छ, भन्दैमा, दुध, कहाँ, अडिन्छ, भुमरी, नपिन्नु, सबै, तिमी, सोझा, असल, हुँदैनन्, जाली, बनाएर, चढ्ने, मान्छे तद्भव शब्दका रूपमा आएका छन् । घाँटी, डोकोमा, जाली झर्रा शब्द हुन् ।

यसमा घाँटी, हाड, आमा, प्रगति, समय, दुध, भाग्य, बाटो, भऱ्याङ नामपदमा आएका छन् । कसैले सर्वनामपद हो । सबै, तिमीजस्तै, सोझो, असल, जाली, फटाहाको, स्वार्थी, ससांरका, तिम्रो विशेषणपदमा आएका छन् । मिल्नु, भन्नुहुन्थ्यो, उछिन्नु, अडिन्छ, नपिन्नु, नहिन्नु, छ,

नचिन्नु, सक्दैनन्, फसाउलान्, नकिन्नु क्रियापदमा प्रयुक्त छन् । हेरेर, डोकोमा, कहाँ, भुमरीमा, दुनियाँमा क्रियाविशेषणपदहरू रहेका छन् ।

गजल पचास

गजल पचास पाँच शेरमा संरचित छ । यसमा मान्छेका अहङ्कार, धेरै ठुला महत्त्वाकाङ्क्षा, क्रोधबाट आफ्नै नाश, कामगराइको उल्टो तरिका, सबै कुराहरू मिलेर पनि लगन नभएमा कुनै पनि प्रयास विफल हुने तथ्यलाई विषयवस्तुहरूका रूपमा समेटिएको छ ।

यसमा शिखर, घर, रहर, तर, सगर पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने पुग्दैन क्रियापद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा दम्भ, शिखर, गन्तव्य, ईर्ष्या, सगर तत्सम शब्दका रूपमा प्रयुक्त छन् । कोही, पुग्दैन, सपना, देखि, रहेका, सोच, पारा, आफ्नो, जलाउँदै, छैन, तिमी, सम्झ, त्यो, क्षणिक, उज्यालो, समाउनै पर्ने, हाँगा, भाँचेर, पुग्ने, र, ठुलो तद्‌भव शब्दका उदाहरण हुन् । पर, तर, पर्ने झर्रा शब्द हुन् भने रहर आगन्तुक शब्द हो ।

यसमा दम्भ, शिखर, घर, सपना, सगर, लगन नामपदमा छन् । समाउनैपर्ने, विशेषण पदमा आएको छ । पुग्दैन, देखिरहेछौ, सम्झ, गर्छ क्रियापदमा आएका छन् । पारा, क्षणिक, विना नामयोगीपदमा आएका छन् । लगन, र, तर संयोजकमा र माथि, पर, विना, नामयोगी पदमा आएका छन् ।

गजल एकाउन्न

गजल एकाउन्न पाँच शेरमा संरचित छ । यसमा मान्छेले मान्छेलाई हराउने प्रवृत्ति, विनाप्रमाण दोष लगाउने प्रचलन, राम्रो काम गर्दा पनि बदनामको पगरी गुथ्नुपर्ने अवस्थालाई विषयवस्तु बनाइएको छ ।

यस गजलमा विभाजित, पराजित, साबित, विवादित, विस्थापित, प्रकाशित पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने गराउँछन् पद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा मन, विभाजित, पराजित, साबित, विवादित, विस्थापित, प्रकाशित, इतिहास, भूपी, सम तत्सम शब्दका रूपमा प्रयुक्त छन् । जसले, यसरी, गराउँछन्, आफैं, मान्छे, मलाई, किन, केही, तर, दोषी, कहिल्यै, त्यो, निष्ठुरी, एकदिन, देवकोटा, अब, जति, र, तर तद्‌भव शब्दका नमुना हुन् । पनि, त, न, नै, उति झर्रा शब्दका रूपमा आएका छन् । सबुत, जरुर, कसुर, बदनाम आगन्तुकवर्गका शब्द हुन् ।

यसमा मन, मान्छे, सबुत, कसुर, अनुहार, देवकोटा, भूपी नामपदमा आएका छन् । जसले, आफैँ, किन, त्यो सर्वनामपदका नमुना हुन् । यसरी, पराजित, दोषी, साबित, निष्ठुरी, विवाहित, विस्थापित, प्रकाशित, राम्रो, तिम्रो, जति, उति विशेषणपदमा प्रयुक्त छन् । गराउँछन्, हुनुपर्छ, हुनुहुन्छ क्रियापदमा आएका छन् । यसरी, जरुर, कहिल्यै इतिहासबाट, अखवारहरूमा क्रियाविशेषणपदमा आएका छन् । विना नामयोगीपदमा छ । संयोजकमा र छ भने निपातमा न, त, नै पदहरू रहेका छन् ।

गजल बाउन्न

गजल बाउन्न पाँच शेरमा संरचित छ । यस गजलमा मान्छेका विभिन्न पीडाहरू, सुकुम्वासीको घरबास उठिवास भएको अवस्था, बढ्दो विकासबाट परम्परागत पेशा विस्थापित हुन पुगेको परिस्थिति, प्रत्येक सन्तानबाट पैसाको आशा राख्ने प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ ।

यस गजलमा आँखा, बच्चा, सपना, डुङ्गा, पैसा, पीडा पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने बोकेर पद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा सुन्दर, नदी, क्षण, बस्ती, हरक्षण, घात, प्रतिघात, मन, पीडा तत्सम शब्दका रूपमा आएका छन् । कोही, सानो, कसले, लगायो, आगो, त्यो, जलिरहेछ, कसरी, र, कमाउन, सर्छ, पैसा, पैतला तद्भव शब्दका रूपमा आएका छन् । फर्किएका छन्, पिठ्युँ, बच्चा, छोडेपछि, माझीहरू, डुङ्गा, वा, कान्छो, झोलामा, अनि, ऊ झर्रा शब्दका रूपमा छन् । किनार, हज्जारौँ आगन्तुक पद हुन् ।

यस गजलमा आँखा, बच्चा, आगो, मान्छे, सपना, नदी, माझी, आमा, बा, एकदिन, पैसा, घात, पीडा नामपदमा आएका छन् । कोही, कसले, त्यो, ऊ सर्वनामपदका रूपमा प्रयुक्त छन् । भिजेका, आफ्ना स-साना, सुन्दर, यस्तै, कान्छो विशेषणपदमा छन् । दौडिरहेछन्, फर्किएका छन्, आउने छ, जलिरहेछ, सक्छ क्रियापदमा प्रयुक्त छन् । बोकेर, पिठ्युँमा, बस्तिभित्र, हज्जारौँ, छोडेपछि, किनारबाटै, रुँदै, झोलामा, हरक्षण, प्रतिघातमा, कसरी, रमाउन, मनभित्र क्रियाविशेषणपदका उदाहरण हुन् ।

गजल त्रिपन्न

गजल त्रिपन्न पाँच शेरमा संरचित छ । यस गजलमा उचाल्नेले नै पछार्ने, गरिखानेले गरेको गऱ्यै गर्ने, बसिखानेले खाएको खायै गर्ने, बसिखानेले गरिखानेको शोषण गर्ने विषयवस्तुलाई समेटिएका छन् ।

यस गजलमा अधिक, सार्वजनिक, मालिक, आसिक, मार्मिक, नजिक पद काफियाका रूपमा प्रयोग भएका छन् भने बनायो पद रदिफका रूपमा प्रयोग भएको छ र अन्त्यमा तखुल्लुस विधिको प्रयोग भएको छ ।

यसमा अधिक, सार्वजनिक, आसिक, मार्मिक, धरति, स्वर्ग, पुष्प, मन, हृदय तत्सम शब्दका रूपमा आएका छन् । जसको, उसले, बनायो, दोषी, बगाउनेले, बस्ने, सुनाइनु, हाँसिरहेको, थियो, सन्चै, उसको, यति, हुनुका बाँडेर तद्भव शब्दका रूपमा प्रयुक्त छन् । नै, पनि शब्द झर्रामा आएका छन् । तस्बिर, महल, मालिक, नजिक आगन्तुक शब्दका रूपमा प्रयुक्त रहेका छन् ।

यसमा तस्बिर, पसिना, मालिक, मुस्कान, आसिक, हृदय, पुष्प नामपदमा छन् । उसैले, कस-कसलाई, ऊ, उसले, जसलाई सर्वनामपदमा छन् । जसको, अधिक, दोषी, सार्वजनिक, स्वर्गका, हाँसिरहेको, उसको, मार्मिक, कमजोर, हुनुको, मनको विशेषणपदमा आएका छन् । बनायो, हाँसिरहेको थियो क्रियापदमा छन् । बगाएर, महलमा बाँडेर धरतिमा, साँच्चै, अचानक क्रियाविशेषणपदमा छन् । नै निपातपदमा प्रयुक्त छ ।

गजल चवन्न

गजल चवन्न पाँच शेरमा संरचित छ । यस गजलमा जीवनको पराजय, संसारदेखि धोका, स्वतन्त्रमा खलल, प्रेमले पनि कुविचार भएकाहरूलाई जित्न नसकिने सत्य, मान्छेका रहरहरू गुलाफको फूलजस्ता भए पनि जीवन भने काँडैकाँडाले भरिएको अवस्थालाई विषयवस्तुहरू बनाइएका छन् ।

यस गजलमा दिक्दार, कुविचार, सरोकार, संसार, धार पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने भएपछि के लाग्छ पदावली रदिफका रूपमा प्रयोग भएको छ । यसमा लेखकले तखल्लुस विधिको प्रयोग गरेका छन् ।

यसमा हार, कुविचार, संसार, प्रेम, असङ्ख्य, पुष्प तत्सम शब्दका रूपमा छन् । पाइलैपिच्छे, यहाँ, भएपछि, के, लाग्छ, मान्छे, भित्र, बनोस्, भन्थे, म, सधैं, उस्तै, आफूले, यहाँ, र, जित्न तद्भव शब्दका रूपमा प्रयुक्त छन् । उस्तै, पनि, अरू, जित्न, तर, बेग्लै झर्रा शब्दका रूपमा प्रयुक्त छन् । बनोस्, हार, दुनियाँ, दिक्दार, जिन्दगी, सरोकार आगन्तुक शब्दका रूपमा प्रयुक्त पदहरू छन् ।

यसमा हार, दिक्दार, मान्छे, जिन्दगी, सरोकार, संसार, रहर, धार नामपदका रूपमा आएका छन् । के, म, आफूले सर्वनामपदमा प्रयुक्त छन् । मान्छेभित्रको, उस्तै, अरूको, उसको, बेग्लै विशेषणपदमा छन् । पाइलैपिच्छे, यहाँ, भएपछि, दुनियाँदेखि, जित्न, बेग्लै क्रियाविशेषणपदमा छन् । न, त निपातपदका उदाहरणहरू हुन् ।

गजल पचपन्न

गजल पचपन्न पाँच शेरमा संरचित छ । यस गजलमा प्रेमको हत्या गर्नेले नै आँशुको नाटक रचेको र धोखा दिनेले नै न्यायको भिक्षा मागेको प्रेमसँग सम्बन्धित विषयवस्तु उल्लेख भएको छ ।

यसमा सुरुवात, विश्वासघात, उन्माद, प्रतिवाद, रात, वार्तालाप आदि पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने तिमीबाटै भएको हो पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा विश्वासघात, अर्थ, सौन्दर्य, उन्माद, गीता, द्वन्द्व, सत्य, वार्तालाप तत्सम शब्दका रूपमा छन् भने यो, खेल, सुरुवात, तिमी, भन, छैन, यहाँ, कुनै, जित्न, हराउन, छोएर, अब, हामी, मुटु तद्भव शब्दका रूपमा छन् । साट्ने, हामी, ठान्ने झर्रा शब्दका रूपमा छन् । चाहन्थे, आखिर, जवानी, इजलास, धड्कन आगन्तुक शब्दका रूपमा रहेका छन् ।

यसमा आखिर, सुरुवात, विश्वासघात, उन्माद, रात, गीता नामपदका रूपमा छन् । यो, तिमी, म, त्यो सर्वनामपदमा छन् । खेलको, रोएको, सौन्दर्यको, आफ्नो, ठान्ने, जोड्ने, हामीबिचको विशेषणपदमा छन् । भएको हो, छैन, बोल, भन क्रियापदमा आएका छन् । जेसुकै, तिमीबाटै, सवालमा, जित्न, हराउन, इजलासमा, छोएर, जतिसुकै, मुटुसँग, अब क्रियाविशेषणपदमा प्रयुक्त छन् । र संयोजक पद रहेको छ ।

गजल छपन्न

गजल छपन्न पाँच शेरमा संरचित छ । यस गजलमा अनुशासनहीनता, मित्रतामा शङ्का, जतिसुकै सिद्धान्तका कुरा गरे पनि व्यवहारमा हीनता, पूजा-आराधानाले पनि उपलब्धिविहिनता, शासकवर्गबाट क्रान्तिका उपलब्धिप्रति बेवास्ता, हरक्षेत्रमा स्वार्थको बिगबिगी आदि सामाजिक, राजनैतिक र धार्मिक विषयवस्तुहरू समेटिएका छन् ।

यसमा शिष्ट, घनिष्ठ, वरिष्ट, इष्ट, धनिष्ट, अभिष्ट विशेषणपदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने हुँदैन क्रियापद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा शिष्ट, घनिष्ठ, शब्द, निर्णय, वरिष्ट, इष्ट, निर्दिष्ट, अभिष्ट, मित्रता, आदर्श, देवता, स्वार्थ, पूष्प, निर्णय, तत्सम शब्दका रूपमा प्रयुक्त छन् । मान्छे, अचेल, किन हुँदैनन्, घोक्छन्, पिउँछन्, आउँछन्, समय, गरिएका, कोही, त्यत्ति तद्भव शब्दका रूपमा आएका छन् । घोक्छन्, ढुङ्गा झर्रा शब्दका रूपमा छन् । जुलुस आगन्तुक शब्द हो ।

यसमा मान्छे, आदर्श, शिष्टता, ढुङ्गा, प्रार्थना, देवता, समय, जुलुस, निर्णय, शब्द, पुष्प नामपदका रूपमा आएका छन् । के, कोही सर्वनामपद हुन् । त्यति, धेरै, घनिष्ट, निर्दिष्ट, मान्छेको, इष्ट गरिएका विशेषणपदमा प्रयुक्त छन् । हुँदैनन्, पिउँछन्, आउँछन्, रमाउँछ, गर्छौं क्रियापदका उदाहरण हुन् । मित्रतामा, व्यवहारमा, उचाल्दै, नेपथ्यमा, जूनसँग, खेलेर क्रियाविशेषणपदमा आएका छन् । र, तैपनि आदि पदहरू संयोजकपदवर्गमा रहेका छन् ।

गजल सन्ताउन्न

गजल सन्ताउन्न पाँच शेरमा संरचित छ । यस गजलमा जति साधुसन्त, मठमन्दिर भए पनि मान्छेलाई शान्ति नभएको, आत्ममूल्याङ्कनको अभाव रहेको,वर्गविभेद मौलाएको, न्यायिक प्रणाली गलत दिशामा गएको र हरपाइलामा मरेर बाँच्नुपर्ने सामाजिक, धार्मिक, न्यायिक विषयवस्तुहरू समेटिएका छन् ।

यस गजलमा फकिरहरू, पिरहरू, तस्बिरहरू, अमिरहरू, नजिरहरू, तक्दिरहरू पद काफियाका रूपमा प्रयोग भएका छन् भने धेरै छन् पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा मन्दिर, अनुहार, असमानता, पलपल, वीर तत्सम शब्दका रूपमा आएका छन् । छन्, यी, नियालेर, हेर, एक, तिमी, तिम्रो, आँखा, मान्छे, किन, यहाँ, यस्तो, कहाँ-कहाँ, सुनाइए, हुन्, यहाँ, यसरी, पिएरै, सोच्दै, नसोचेका, बाँच्नु तद्भववर्गका शब्द हुन् । धेरै, पटक, पनि, पर्ने, कठै झर्रा शब्दका रूपमा प्रयुक्त छन् । बाँकी, फकिर, ऐना, तस्बिर, अमिर, फैसला, इजलास, नजिर, जहर, तक्दिर आदि आगन्तुकवर्गका शब्द हुन् ।

यसमा मन्दिर, अनुहार, असमानता, आँखा, मान्छे, फकिर, ऐना, तस्बिर, अमिर, फैसला, इजलास, नजिर, जहर, नामपदमा, यी, किन, तिमी सर्वनामपदमा छन् । एक, तिम्रो, यस्तो, नसोचेका, पर्ने, बाँकी विशेषणपदमा छन् । हेर, सुनाइए, हुन् क्रियापदमा आएका शब्द हुन । पिएरै, सोच्दै, यहाँ, कहाँ, यसरी क्रियाविशेषणपदमा प्रयुक्त छन् । कठै विस्मयादिबोधकपदमा पर्दछ । पटक नामयोगीपदवर्गको शब्द हो ।

गजल अन्ठाउन्न

गजल अन्ठाउन्न पाँच शेरमा संरचित छ । यस गजलमा मनका भावहरू बिनासङ्केत प्रकट हुने, कठिन परिस्थितिमा सबै तर्किने, जतातैतबाट निराश हुनुपर्ने, प्राकृतिक रहस्य पनि व्यक्तिका लागि अनिष्ट हुनेजस्ता सामाजिक, मनोवैज्ञानिक विषयवस्तु समेटिएका छन् ।

यसमा कविता, रमिता, भित्ता, गीता, तीता, चिता पद काफियाका रूपमा प्रयोग भएका छन् भने म सोचिरहेछु पद रदिफका रूपमा प्रयोग भएका छन् ।

यसमा कविता तारा, नाता, चिता, समय तत्सम शब्दका रूपमा छन् । के लेखुँ म सोचिरहेछु, हेरेर, को, सक्छ, नाप्न, नबोलेपछि, उज्यालो, पढेर, कोही, नमिठा, यो, दुनियाँ, देखेर, लागि, सक्यो, बनाउ, भित्ता, आफ्नै, कसैका तद्भव शब्दका रूपमा छन् । हुरी, नभेटिएपछि झर्रामा छन् । दिक्क, दुनियाँ आदिपदहरू आगन्तुकवर्गका रहेका छन् ।

यसमा कविता, भित्ता, तारा, गीता, मान्छे चिता नामपदका शब्द आएका छन् । के, म, को, कोही, कसैका, यो सर्वनामपदमा प्रयुक्त छन् । रमिता समयको, कसैका, नमिठा त्ति, आफ्नै, विशेषणपदमा छन् । लेखु, सोचिरहेछु, सक्छ, हुँदैनन्, लागिसक्यो क्रियापदमा प्रयुक्त छन् । नबोलेपछि, नभेटिएपछि, उज्यालोमा, पढेर, देखेर पदहरू क्रियाविशेषणपदमा रहेका छन् ।

गजल उनन्साठी

गजल उनान्साठी पाँच शेरमा संरचित छ । यस गजलमा वाचानुसार काम नभएको, जो-कसैले जो-कसैलाई पनि जरैदेखि खेदो खन्ने, अर्कोको गुण नदेख्ने, गल्ती मात्र देख्ने, सच्चा प्रेमको अभाव भएको, आफूले गरेका कुकर्मको फल भोग्नुपर्ने, सामाजिक र प्रेमसम्बन्धी विषयवस्तुहरू समेटिएका छन् ।

यसमा बाँधेर, साटेर, काटेर, ढाँटेर, बाटेर, मातेर पद काफियाका रूपमा प्रयोग भएका छन् भने गल्ती नगर्नु होला पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा वाचा, घात, माया, प्रतिघात, व्यर्थ, अग्निशिखा, क्षमा तत्सम शब्दहरूमा छन् । बाचा, बाँधेर, गल्ती, नगर्नु, होला, फुल, वैंस, साटेर, गर्दै, उठेछ, त्यो, छोडिदिनुस्, हिजो, ढाँटीहाल्यौ, यसै, मरिसक्यो, आज, आफैँलाई, रोइरहेछ, कोही, तिम्रो, उठेछ, काटेर, ढाँट, बाटेर, डोरी, मातेर, तद्भवका रूपमा आएका छन् । फेरि, पनि, धरमर, भने, त झर्रावर्गका शब्द हुन् ।

यसमा बाचा, गल्ती, वैंस, धरमर, उठेछ, भन्ने, बिन्ती, डोरी, अग्निशिखा, क्षमा नामपदमा छन् । त्यो, कोही, आफू सर्वनामपदमा छन् । तिम्रो, मायाको, विशेषणपदमा छन् । नगर्नु होला, ढाँटिहाल्यौ, मरिसक्यो, रोइरहेछ, छोऊ क्रियापदमा प्रयुक्त छन् । कुलसँग, साटेर, बाँधेर, गर्दै, काटेर, ढाँटेर, बाटेर, मातेर, यसै, धातप्रतिघातमा, यहाँ क्रियाविशेषणपदमा आएका छन् । र, भने संयोजकपदमा र त निपातपदमा आएका हुन् ।

गजल साठी

गजल साठी पाँच शेरमा संरचित छ । यस गजलमा धर्मलाई व्यापारको विषय बनाइएको, देशमा इशाइकरणको मात्रा बढ्दो रूपमा देखापरेको, आफ्नो मौलिकता देशवासीले बिर्सँदै गएको, समाजमा वेश्यावृत्तिको बढ्दो प्रभाव देखा पर्नथालेको, समाजमा संविधानको अवहेलना हुँदै गरेको विषयवस्तुलाई समेटिएको छ ।

यसमा भगवान्, स्वाभिमान, पहिचान, ओछ्यान, संविधान, चिहान पदहरू काफियाका रूपमा र विक्रिमा छ पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा भगवान्, स्वाभिमान, अर्थ, देश, संविधान तत्सम शब्दका रूपमा आएका छन् । हिजो, आज, बिक्रीमा छ, मान्छे, अनागरिक, भएर, बाँच्नु, के, यहाँ, आफ्नै, व्यापार, गर्ने, भन्दैछन्, यहाँ, दाउ, कोही, किन्नु, मेरो तद्भव शब्दका रूपमा आएका छन् । भने, घोडा, चढेर, पहिचान, ओछ्यान् झर्रा शब्दका रूपमा आएका छन् । हिम्मत, सहिद, कानुन, खुलेआम, इज्जत आगन्तुक शब्दका उदाहरण हुन् ।

यसमा भगवान्, स्वाभिमान, पहिचान, ओछ्यान, संविधान, चिहान नामपदमा प्रयुक्त छन् । के, कोही सर्वनामपदमा प्रयुक्त छन् । मान्छेहरूको, आफ्नै, इज्जतको, कानुनको, मेरो, सहिदको विशेषणपदमा प्रयुक्त छन् । छ, भन्दैछन् क्रियापदमा प्रयुक्त छन् । बिक्रीमा, खुलेआम, गर्दै, किन्न, यहाँ, देशमा, भएर क्रियाविशेषणपदमा प्रयुक्त छन् । भने संयोजकपदमा आएको छ ।

गजल एकसट्ठी

गजल एकसट्ठी पाँच शेरमा संरचित छ । यस गजलमा व्यावहारिकरूपमा कुनै सपनाको कल्पना नगरिकनै यथार्थमा परिणत हुँदैन, उचित कल्पना व्यावहारिक हुन्छ भन्ने विचारलाई यसमा विषयवस्तु बनाइएको छ ।

यस गजलमा भ्रम, हरदम, कम, अहम्, सीपश्रम, रमझम पदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने नहुन सक्छ क्रियापद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा कुटि, भ्रम, क्रम, वर्ष, अहम्, सीप, श्रम, उदास तत्सम शब्दका रूपमा आएका छन् । सबै सपना, नहुन, सक्छ, लाग्छ त्यस्तो, गएर, सोध, ऊसँग, मलिन, उदास तर तद्भव शब्दका रूपमा आएका छन् । नै, उसरी, बालुवा, झुपडी झर्रा शब्दका रूपमा आएका छन् । पैसा, खुसी, दुनियाँ, कागज, रमझम आगन्तुकवर्गका शब्दका हुन् ।

यसमा नामपदमा सपना, पैसा, दुनियाँ, सालिक, घर, सीप, श्रम, अनुहारजस्ता शब्द आएका छन् । सर्वनामपदमा ऊ, कोही छन् । विशेषणपदमा देखेका, खुसी, सबै, कागजको, रङ्गिन, फूलजस्तै, त्यस्ता, बालुवाको, तिम्रो, जस्तो, यस्तो, रमझम पद आएका छन् ।, क्रियापदमा नहुनसक्छ, लाग्छ, छ, सोध, मलिन शब्द आएका छन् । क्रियाविशेषणपदमा मान्छेहरूमा, वर्षौंदेखि, उसरी, गएर, मान्छेमा, ऊ, सँग, झुपडीमा, जिन्दगीमा प्रयुक्त छन् । संयोजकपदमा तर, पनि आएका छन् र निपातमा नै पद आएको छ ।

गजल बैसट्ठी

गजल बैसट्ठी पाँच शेरमा संरचित छ । यस गजलमा द्वन्द्वकालीन अवस्थाको ऐतिहासिक, राजनैतिक विषयवस्तुको उल्लेख भएको छ ।

यसमा वर्तमान, समाधान, भगवान्, अपमान, मुस्कान, वरदान काफियाका रूपमा प्रयोग भएका छन् भने भन्नुस् त पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा वर्तमान, आतङ्क, भय, त्रास, दुष्ट, समाधान, भगवान्, अपमान्, मुस्कान, मुहार, वरदान, दुर्जन, समय, युद्ध तत्सम शब्दका रूपमा आएका छन् । को, कस्तो, भो, डर, लाग्दो, भन्नुस्, कसरी, होला, समाधान, फूल बाँच्ने, मान्छे, सधैँ, कहिले, आउला, हाम्रो, मुहार, देला, कसैले, बन्ने, अब तद्भव शब्दका रूपमा आएका छन् । त झर्रावर्ग र मुस्कान् आगन्तुकवर्गको शब्द हो ।

यसमा वर्तमान, समाधान, आतङ्क, रश्मि, धर्ने, अपमान, भय, डर, त्रास, समय, दुर्जन, मान्छे, सज्जन, वरदान नामपदमा आएका छन् । यो, कसले सर्वनामपदमा आएका छन् । कस्तो, डरलाग्दो, फूलहरूको, जूनका, सधैँ, दुर्जन, सज्जन, विशेषणपदमा प्रयुक्त छन् । भन्नुस्, भो, आउँला क्रियापदमा आएका छन् । अब, कसरी, खोसेर, कहिलेसम्म, कहिले क्रियाविशेषणपदमा प्रयुक्त छन् । अनि संयोजकपद र त निपातपदमा आएका छन् । सम्म नामयोगी पदमा आएको छ ।

गजल त्रिसट्ठी

गजल त्रिसट्ठी पाँच शेरमा संरचित छ । यस गजलमा देशमा आतङ्कित अवस्थाको शासक र विद्रोही पक्षको बेमेल भएको राजनैतिक विषयवस्तु समेटिएको छ ।

यसमा असर, डर, भयङ्कर, आडम्बर, टक्कर, अवसर काफियाका रूपमा प्रयोग भएका छन् भने जहिल्यै पनि पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा युद्ध, दुष्ट, भयङ्कर, प्रतिस्पर्धा, आडम्बर, शान्ति, देश तत्सम शब्दका रूपमा आएका छन् । जहिले, नदेखूँ, भन्यो, यी, सपनाको, ठुलो, सधैँ, यो, कस्तो, नहुने, भो, हरे, हाम्रो, डर, अब तद्भव शब्दका रूपमा आएका छन् । त, पालो, उसैलाई, भन्दा झर्रावर्गका शब्दका रूपमा आएका छन् । बम, बारुद, टक्कर, असर, आदि पद आगन्तुकवर्गका रहेका छन् ।

यसमा असर, अवसर, बम, दुष्ट, सपना, भयङ्कर प्रतिस्पर्धा आडम्बर, शान्ति, टक्कर नामपदमा रहेका छन् । यी, को, यी, उसैलाई सर्वनामपदमा आएका छन् । युद्धको, बम-बारुदको, भन्दाको, ठुलो, कस्तो, शान्ति, हाम्रो, नआउने विशेषणपदमा आएका छन् । नदेखूँ भन्यो, देखिन्छ, नहुने भो, नआउने भो, आउँला क्रियापदमा प्रयुक्त छन् । पहिल्यै, देशमा क्रियाविशेषणपदमा आएका छन् । पनि संयोजकमा र त निपातपदमा आएको देखिन्छ ।

गजल चौँसट्ठी

गजल चौँसट्ठी पाँच शेरमा संरचित छ । यस गजलमा साहित्यलेखनको अर्थ, उद्देश्य, व्यक्ति, समाज र देशको मूल्य-मान्यता, पत्रकारितामा सत्य-तथ्य समाचारको अभाव, साँचो प्रेमको अभावजस्ता साहित्यिक र सामाजिक विषयवस्तु बनाइएको छ ।

यसमा यसकारण, उदाहरण, निवारण, निर्धारण, प्रसारण, उच्चारण पद काफियाका रूपमा र खोजिरहेछु रदिफका रूपमा प्रयोग भएको छ । यसमा उपनामबिना नै तखुल्लुस विधिको प्रयोग गरिएको छ ।

यसमा समाज, उदाहरण, मूल्य, निर्धारण, कारण, समाचार, निवारण, प्रसारण, सम, नाम, उच्चारण तत्सम शब्दका रूपमा प्रयुक्त छन् । मैले, हुनुको, बेचिएका छौ, हामी, हरेक, दिन, यसरी, कसरी, हुन्छ, मान्छेको, खोजिरहेछु, मरेको, दिनहुँ, जसो, हुँदैन, मर्नेबेलामा, के तद्भव शब्दका रूपमा प्रयुक्त छन् । नै, को मात्र, त, के आदि झर्रावर्गमा रहेका छन् ।

यसमा गजलकार, कारण, समाज, उदाहरण, हैसियत, निवारण, राम, नाम, मान्छे नामपदमा प्रयुक्त भएर आएका छन् । मैले, हामी, को, यो, सर्वनामपदमा आएका छन् । हुनुको, बदल्ने,

मान्छेको, देशको, मरेको, मेरो, विशेषणपदमा आएका छन् । खोजिरहेछु, बेचिएका छौं, हुन्छ, हुँदैछ, सक्छ, आइरहन्छ क्रियापदका रूपमा आएका छन् । कसरी, बताउन, देशमा, दिनहुँजसो, मर्ने बेलामा, बेलामा, तिमीबाट आदि पदहरू क्रियाविशेषणपदमा रूपमा आएका छन् ।

गजल पैँसट्ठी

गजल पैँसट्ठी पाँच शेरमा संरचित छ । यस गजलमा साहित्यको अवस्था, साहित्यकारको सपना, साहित्यमा समाज, देशको चित्रण आदि सामाजिक र साहित्यिक विषयवस्तुहरू समेटिएर आएका छन् ।

यसमा बनाएर, दुखाएर, व्यूँझाएर, हटाएर, बगाएर, चलाएर, क्रियाविशेषणपदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा समय, दोष, नियति, अनुहार, परदेशी, मध्ये, पुष्प तत्सम शब्दमा प्रयुक्त छन् । गएको छ, यो, मलाई, देख्न, बनाएर, अझै, केही, कसरी, मेरो, आँखामा, रात, दिन, उसले, चलाएर, आँधी, बिर्सन, सम्झाएको तद्भव शब्दमा आएका छन् । पटक-पटक, हराए, पनि, भने झर्रावर्गका शब्दका रूपमा आएका छन् । यादहरू, गल्ती, तुफान आदि पदहरू आगन्तुकवर्गमा रहेका छन् ।

यसमा समय, नियति, सपना, अनुहार, याद, रात, दिन, आँसु, गल्ती, पुष्प नामपदका रूपमा आएका छन् । यो, मलाई, कसैले, म, यी, उसले सर्वनामपदमा आएका छन् । केही, मेरो, भ्रमको, परदेशीका, उस्तै, पुष्पको विशेषणपदमा छन् । गएको छ, सम्झाएको छ, बदलिएको छैन, हेर्नु छ, सक्छु, गऱ्यो क्रियापदमा प्रयुक्त छन् । बनाएर, दुखाएर, देख्न, आँखामा, व्युँझाएर, आँखामा, हटाएर, यसरी, जिन्दगीमा, फेरि क्रियाविशेषणपदमा आएका छन् । पो निपातपदमा आएको छ ।

गजल छैँसट्ठी

गजल छैसट्ठी पाँच शेरमा संरचित छ । यसमा सहिदहरूको अवमूल्यन, अनुचित तरिकाबाट अर्थोपार्जन, विदेसिएकाहरूमा आफ्नो घर, समाज, देशप्रति बेवास्ता, देशमा बाढी-पहिरोको बिगबिगी, समस्यै-समस्याग्रस्त गाउँ, समाज र देशलाई नेतृत्ववर्गहरूले वेवास्ता गरेका पक्षहरूलाई समेटिएका छन् ।

यसमा पाएर, कमाएर, रुवाएर, पढाएर, हटाएर, बनाएर पदहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

यसमा वीर, बस्ती, गति, सम्पति, परदेश तत्सम शब्दका रूपमा छन् । छैनन्, छन्, पाएर, छोरो, बुहारी, रमाएको, यता, बुढा, बा, रुवाएर, बगाएको, छ, आमा, उज्यालो, ती, बनाएर, कहिले, पठाउनु, यसरी, र तद्भव शब्दका रूपमा आएका छन् । अँध्यारो, फर्किएला, ढुक्क, पनि झर्रावर्गका शब्द हुन् । चिउरा, आफन्तको, सरकार, याद, तस्बिर आदि पद आगन्तुकवर्गमा छन् ।

यसमा सहिद, खुसी, वीरगति, सम्पति, छोरा, बुहारी, बा, आमा, चिउरा, उज्याला, अँध्यारो, मान्छे, याद, तस्बिर नामपदमा प्रयुक्त छन् । को, के, ती सर्वनामपदमा छन् । बुढा, आफन्तको विशेषणपदमा आएका छन् । छैनन्, छन्, रमाएका छन्, बगाएको छ, पुरिएको छ, हुन्छ, खोजिरहेछन्, फर्किएला क्रियापदमा प्रयुक्त छन् । ढुक्क, परदेशमा, बस्तीहरूमा, यसरी, आँखाभरि, बनाएर क्रियाविशेषणपदमा आएका छन् । र, भने संयोजकपदका उदाहरण हुन् । पनि निपातपदवर्गमा आएको छ ।

गजल सतसट्ठी

गजल सतसट्ठी पाँच शेरमा संरचित छ । यस गजलमा मानिसका उल्टा-पाल्टा प्रवृत्ति, विज्ञानको उन्नति र विध्वंशता, मान्छेका अतिशयोक्ति प्रवृत्तिजस्ता विषयवस्तुहरू समेटिएका छन् ।

यसमा बेठिक, नजिक, वैज्ञानिक, नागरिक, हार्दिक आशिकजस्ता नामपद र विशेषणपदहरू काफियाका रूपमा प्रयोग भएका छन् भने बनाएर कृदन्तमूल क्रियाविशेषण रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा विज्ञान, वैज्ञानिक, संसार, भगवान्, नागरिक, हार्दिक, स्वर्ग, अप्सरा, धरति, पुष्प, आशिक, तत्सम शब्दका रूपमा आएका छन् । ठिक, बेठिक, उसले, यसरी, के, हो, वैरी, चुनौती, दिएको, यस्ता, पर्दैन, आज, कोही, गएको छ, आएर, यस, गएका तद्भव शब्दका रूपमा आएका छन् । फेरि, बरु, भने, पनि झर्रा शब्दमा छन् । हज्जारौं, इस्पात, नजिक आदि पद आगन्तुक शब्दवर्गमा रहेका छन् ।

यसमा चुनौती, विज्ञान, संसार, भगवान्, मान्छे, इस्पात, मन, अप्सरा, पुष्प, आशिकजस्ता नामपदमा छन् । उसले, यी, के, यो, यस सर्वनामपदमा छन् । ठिक, बेठिक, नजिक, बदल्ने,

हज्जारौँ, असल, बनेको, हार्दिक, स्वर्गका, वैरी विशेषण पदमा छन् । खोजेको हो, दिएको छ, पर्दैन, सक्छस्, देखा, गएको छ, गएका छन् क्रियापदमा छन् । बनाएर, अचानक, छातीमा, क्रियाविशेषणपदमा छन् । के, पनि, संयोजकपदका नमुना हुन् ।

गजल अड्सट्ठी

गजल अड्सट्ठी पाँच शेरमा संरचित छ । यस गजलमा मनका कुरा, प्रेमिकासँगका गुनासा, राजधानी र दुर्गम क्षेत्रको विकासमा असमानता, द्वन्द्वकालमा आफ्नै घरपरिवारका सदस्य गुमाउनुको पीडा, पुस्तापरिवर्तन, लगनशीलता र छाडाप्रकृतिका मान्छेको तुलनाजस्ता विषयवस्तु समेटिएका छन् ।

यसमा चुरा, अधुरा, बाजुरा, टुहरा, सासु, ससूरा, कुरा पद काफियाका रूपमा प्रयोग भएका छन् भने छन् पदावली रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा निद्रा, बस्ती तत्सम शब्दमा छन् । तिम्रो, हात, हरिया, मेरो, सपना, दुःखी, यहाँ, त्यो, बुहारी, घर, घाम, तिनै, साथी, बा, आमासँग, सँगैका, छ, र, कहाँ-कहाँ, छन्, अधुरा, रोई, अझ, पुगिसके तद्भव शब्दमा आएका छन् । त, पनि, अघाएको, कठै, अछाम, बाजुरा, रहेको, उसैगरी, गुमाएका, टुहुरा, ब्युँझिएका, विचरा, बाह्रथरिका, कुरा झर्रावर्गमा छन् । चुरा आगन्तुकवर्गमा रहेको छ ।

यसमा चुरा, सपना, खुसी, काठमाण्डु, अछाम, बाजुरा, बस्ती, बा, आमा, टुहुरा, बुहारी, धाम, सासू, ससुरा, साथी, कुरा नामपदमा छन् । त्यो सर्वनामपदमा छ । तिम्रो, मेरो रोइरहेको, गुमाएका, ब्युँझिएका, सँगसँगैका, उसको दुःखी, बाह्रथरिका विशेषणमा छन् । छन्, अघाएको छ, रोइरहेको छ, पुगिसके क्रियापदमा छन् । हातैभरि, निद्रामा, आउँदा क्रियाविशेषणका रूपमा आएका छन् । भने, पनि, संयोजकपदमा र त निपातपदमा रहेका छन् ।

गजल उनान्सत्तरी

गजल उनानसत्तरी पाँच शेरमा संरचित छ । यस गजलमा हतारमा प्रेमगरेर पछि पछुताउनुपर्ने, त्यस्तो प्रेम टिकाउ नहुने, हामीहरू जस (भगवान्) सँग आफ्ना कामनाको पुकार गर्छौं ऊ पनि भइपरिआउने घटना बाढी-पहिरोका चपेटामा परेको जस्ता पक्षलाई विषयवस्तु बनाइएको छ ।

यसमा शृङ्गार, प्यार, हतार, अहङ्कार, विचार, उद्धार काफियाका रूपमा प्रयोग भएका छन् भने गरेर क्रियान्तरवाचक क्रियाविशेषणपद रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा शृङ्गार, द्रौपदी, जीवन, गन्तव्य, मन्दिर, अहङ्कार, विचार, उद्धार, मूर्ति तत्सम शब्दका रूपमा आएका छन् । तिमीले, गर्थ्यौं, गरेर, मैले, गरेँ, पहिलो, यी, वैंस, हामी, दुवैले सकिन्छ, सक्नु, यहाँ, बगाएको छ, बाढी, मान्छे तद्भव शब्दमा छन् । भेट, साट्नु, हुन्थेन, साट्यौ, भने, पुग्न, त, हिँड्नु, पर्छ, गर्नुहुन्छ झर्रा शब्दमा प्रयुक्त छन् । गल्ती, प्यार आदि शब्दहरू आगन्तुकवर्गमा रहेका छन् ।

यसमा गल्ती, शृङ्गार, प्यार, वैंस, जीवन, अहङ्कार, बाटो, विचार, बाढी, मान्छे, मन्दिर, मूर्ति, उद्धार नामपदमा आएका छन् । तिमीले, मैले, हामी, यो सर्वनामपदमा छन् । द्रौपदीको, पत्थरको, पहिलो विशेषणपदमा छन् । गऱ्यौ, गरे, हुन्थेन, साट्यौ, पर्नेछ, हिँड्यौ, सकिन्छ, हिँड्नुपर्छ, बगाएको छ, गर्नुहुन्छ क्रियापदमा छन् । गरेर, भेटमा, भुलेर, कहाँ, यहाँ, गन्तव्यमा क्रियाविशेषणपदमा छन् । पनि, त निपातवर्गका शब्द हुन् ।

गजल सत्तरी

गजल सत्तरी पाँच शेरमा संरचित छ । यसमा मान्छेका तौर-तरिकाहरू फरक भए पनि प्रायः लक्ष्य एउटै हुने सामाजिक विषयवस्तु उल्लेख भएको छ ।

यसमा सोचाइ, भोगाइ, लट्टाइ, दुखाइ, हेराइ, बुझाइ आदि पदहरू काफियाका रूपमा प्रयोग भएका छन्, भने फरक-फरक द्वित्व शब्द रदिफका रूपमा प्रयोग भएको छ ।

यसमा मन, अनुभव, अनुभूति, धर्ती, आकास, लक्ष्य, स्पर्श, दृष्टि, परिभाषा, अर्थ तत्सम शब्दका रूपमा आएका छन् । सोचाइ, भोगाइ, तिमी, म, एउटै, सक्छ, फूल, डस्दा, एकै, घाम, जस्तै, बुझाइ तद्भव शब्दका रूपमा आएका छन् । उस्तै, पनि तर, हेराइ, हेर्दा, घाम, फरक, काँडा, हुँदा, लटाइ, उही र झर्रावर्गमा छन् । फरक, चङ्गा, जिन्दगी आगन्तुकवर्गमा रहेका छन् ।

यसमा मन, सोचाइ, भोगाइ, अनुभव, लटाइ, दुःखाइ, हेराइ, बुझाइ, धर्ती, आकास, चङ्गा, काँडा, स्पर्श, जून, घाम, दृष्टि, अर्थ नामपदमा आएका छन् । म, तिमी सर्वनामपदमा छन् । अनुभूतिको, उडाउने, राम्रो, तिम्रो, जस्तै, मेरो, जिन्दगीको विशेषणपदमा छन् । हुनसक्छ, हो, होला क्रियापदमा छन् । डस्दा, हेर्दा क्रियाविशेषणपदमा प्रयुक्त छन् । भने, र संयोजक पदमा तथा पनि निपातपदमा आएको छ ।

गजल एकहत्तर

गजल एकहत्तर पाँच शेरमा संरचित छ । यस गजलमा राजधानीमा हुने क्रियाकलाप, काठामाडौंमा मौलाएका विकृत रूप, भ्रष्टाचार, नेतृत्ववर्गको मनोमानी, स्वार्थीपना,

नेतृत्ववर्गले हुनेखानेवर्गको हितमा मात्र काम गरेको सामाजिक, राजनैतिक विषयवस्तुहरू उल्लेख भएका छन् ।

यसमा बनाइस्, घटाइस्, देखाइस्, सजाइस्, गराइस्, लगाइस् पद काफियाका रूपमा प्रयोग भएका छन् भने के गरिनस् काठमाण्डु ? पदावली रदिफको रूपमा प्रयोग भएको छ ।

यसमा मूल्य, संविधान, देश, सम्बन्ध, मात्र, सङ्घीयता, जन्म तत्सम शब्दका रूपमा छन् । मान्छे, आँखा, आफ्नो, तैँले, भाइ, यती, आगो, भन्थिस्, लेख्ने, भन्दै तद्भव शब्दका रूपमा छन् । देखि, धेरै झर्रा शब्द हुन् । झुपडी, औकात, दरबार, असल, खराब, दुनियाँ, दाजु, महल, पहुँच शब्दहरू आगन्तुकवर्गमा रहेका छन् ।

यसमा मान्छे, काठमाण्डु, मूल्य, संविधान, औकात, सपना, फाटो, नामपदमा छन् । के, आफैँ, तैँले, सर्वनामपदमा छन् । असल, लेख्ने, खराब, आफ्नो, देशको, दाजुभाइको, विशेषणपदमा छन् । बनाइस्, घटाइस्, देखाइस्, सजाइस्, गराइस्, लगाइस्, गरिनस्, गर्छ क्रियापदमा छन् । धेरै, सम्बन्धमा, महलदेखि, बनाइ, झुपडीमा, छलीछली, मात्रजस्ता पदहरू क्रियाविशेषणपदमा रहेका छन् ।

## ४.३ *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय योगदान

गजलकार 'अञ्जली'ले देशका बहुआयामिक, समसामायिक, बृहत्तर समस्याहरू गजलका माध्यमबाट पाठकसामु सम्प्रेषण गरेर देश, समाज र अन्तर्राष्ट्रियक्षेत्रको वस्तुगत, तथ्यगत, विषयवस्तु गजलका माध्यमबाट आमनागरिकहरूलाई अवगत गराउनुमा उनको महत्त्वपूर्ण योगदान मान्न सकिन्छ ।

गजलकार 'अञ्जली'का एकहत्तरवटा गजलहरूमा प्रायःजसो गजलहरू मिश्रित विषयवस्तुका रहेका छन् । गजलसङ्ख्या बिस, पच्चिस, अट्ठाइस, तेत्तिस, सैँतिस, उन्चालिस, पैँतालिस, छयालिस, अड्चालिस, उनान्पचास विशुद्ध सामाजिक विषयवस्तुमा आधारित छन् ।

गजल बिसमा सामाजिक विकृतिको चर्चा गर्दै छाडा श्रीमान्हरू भट्टी धाउने प्रवृत्तिको वर्णन छ । गजल पच्चिसमा एउटाले अर्कालाई धोखा दिने चाहनाविपरित काम गर्ने प्रवृत्तिको वर्णन छ । गजल तेत्तिसमा मान्छेका कठिनाइहरूको वर्णन छ । गजल सैँतिसमा जतिसुकै राम्रो काम गर्न खोज्दा पनि दोष आइलाग्ने, आफन्तजन विदेशमा भएका घरमा आँशु बगाएर बस्नुपर्ने वाध्यताको वर्णन छ । गजल उनान्चालिसमा आफ्नो स्वार्थका निम्ति अरूलाई झुठा सपना बाँड्ने, कसैलाई घुर्क्याउन पऱ्यो भने आत्महत्या गर्नेसम्मको धम्की

दिने, सकारात्मक सोच दिँदा पनि मान्छेले बुझ पचाउने, समाजमा आफ्नो वास्तविक स्वरूपको परिचय दिँदा हेपिनुपर्ने भएकाले झुठा धाक, रवाफ र सपनाहरू बाँड्नुपर्ने स्थितिको वर्णन छ । गजल अड्चालिसमा सकारात्मक सोच दिनेको कमी र नकारात्मक सोच दिनेको बाहुल्यताको वर्णन छ । गजल उनान्पचासमा अभिभावकहरूको अनुभव र उपदेशको वर्णन छ, जसमा जाली-फटाहाहरूदेखि बँचेर आफ्नो कर्मपथमा लाग्नुपर्ने विषयमा जोड दिइएको छ । गजल पचासमा अहङ्कारले कुनै पनि काम पूर्ण नहुने, आफ्नो क्षमताभन्दा ठुला सपनाहरू पनि जीवनमा सफल नहुने विषयको वर्णन छ ।

प्रस्तुत विषयवस्तुहरूलाई प्रकाश पार्न गजलकारले यी गजलहरूमा सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद, सायोजकपद, नामयोगीपद, निपातपदको उपयोगी र प्रभावकारी प्रयोग गरेर आफ्नो भाषिक सीपलाई काव्यकौशलयुक्त बनाएका छन् । भाषिक कौशलविना गजल प्रभावकारी नहुने भएकाले गजलकार अधिकारी यसतर्फ सचेत रहेको पाइन्छ र विषयवस्तु अनुकूलका पदवर्गीय शब्दहरूको छनोटमा कुनै कमी नराखेको देखिन्छ ।

गजल सङ्ख्या दस, बाह्र, सोह्र, चौबिस, छब्बिस, उनन्तिस, बत्तिसमा विशुद्ध शृङ्गारिक विषयवस्तु रहेको छ । गजल दसमा विप्रलम्भशृङ्गारको वर्णन पाइन्छ । प्रेमिकाको वियोगमा वर्तमान समयमा मानिसहरूमा घट्ने घटनाहरूको वर्णन यथार्थ रूपमा यसमा प्रस्तुत भएको छ । गजल बाह्रमा प्रेमद्वन्द्वको वर्णन छ । गजल सोह्रमा आफ्नो जीवनको गोरेटो प्रेमिकालाई सुम्पिएको छ र प्रेमको नाममा धोखाधडी र साँचो प्रेमका प्रवृत्तिहरूको वर्णन गरिएको छ । गजल छब्बिस, उनन्तिस र बत्तिसमा विप्रलम्भशृङ्गारको वर्णन छ ।

प्रस्तुत विषयवस्तुहरूलाई प्रकाश पार्न लेखकले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद क्रियाविशेषणपद, संयोजकपद, निपातपदको यथायोग्य प्रयोग गरेर विषयवस्तुअनुकूल शब्दछनोट गरेका छन् । विषयवस्तु, भाव र कथनमा चमत्कार उत्पन्न गर्नेभन्दा पनि त्यस्ता पक्षलाई सहजै अभिव्यक्ति दिने कलानिर्माण गर्न गजलकारबाट यस्ता शब्दहरूको प्रयोग भएको देखिन्छ ।

गजल सङ्ख्या आठ र एघार विशुद्ध राजनैतिक विषयवस्तुका सन्दर्भमा रचिएका छन् । गजल आठमा जनतासँग मत माग्ने र विभिन्न आशाहरू देखाएर मत जितेर गएपछि जनताका आशा र भरोसाहरूलाई बिर्सने, आफैँले नेतृत्व गरेका आन्दोलनहरूमा शहादर प्राप्त गरेका सहिदहरूको रगत बिर्सने, देशका जल्दाबल्दा समस्याहरूलाई बिर्सने र आफ्नो फाइदालाई मात्र ध्यान दिएर जस्तोसुकै भ्रष्टाचार गर्नसम्म पनि पछि नपर्ने प्रवृत्तिको वर्णन

छ । गजल एघारमा नेताहरूले सस्तो लोकप्रियताका लागि उल्टापाल्टा कुराहरू गर्ने, देशका समस्याहरूको समाधान भाषणबाजीमा मात्र गर्ने, कसैकसैले फेरि हतियार बोकी विद्रोहतिर लाग्ने सङ्केत दिने र देशको सीमाको पनि सुरक्षा नभएको विषयवस्तुहरूलाई व्यक्त गरिएको छ ।

प्रस्तुत विषयवस्तुहरूमाथि प्रकाश पार्न गजलकारले यी गजलहरूमा नामपद प्रयोग गरेर स्थान, भाव, समुहद्वारा भन्न खोजिएको कुरो स्पष्ट पारेका छन् । सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद आदि पदवर्गबाट नामको अवस्था, क्रमस्थिति, चलन र अवस्था बताउँदै संयोजकपद र निपातपदको उपयुक्त सान्दर्भिक प्रयोग गरेर गजलकारले पथभ्रष्ट राजनैतिक परिस्थितिको चर्चा गरेका छन् र त्यसमा सुधार हुनुपर्ने आफ्नो विचारलाई अभिव्यक्ति दिएका छन् ।

गजल सङ्ख्या एक, पाँच, छ, सत्र, पैँतिस, चालिस, बयालिस, त्रिचालिस र एकहत्तरमा सामाजिक र राजनैतिक विषयवस्तु भरिएका छन् । गजल एकमा काठमाडौँका व्यापारी र नेतृत्ववर्गको स्वार्थको विकृत स्वरूपको वर्णन छ । नेता र व्यापारीहरूले पद, पैसा, प्रतिष्ठाका लागि जस्तोसुकै खेल खेल्न पछि नपर्ने, पत्थरलाई पनि हिरामोती भन्दै नेताले जनतालाई र व्यापारीले ग्राहकहरूलाई झुक्याउने प्रवृत्तिको वर्णन छ । 'पत्थर पनि मोती हुन्छ तेरो सहरमा' यो शेरले विशेष गरेर व्यापारीहरूको कालोबजारी र नेतृत्ववर्गका झुठा आश्वासनहरूलाई व्यङ्ग्य गरेको देखिन्छ । गजल सत्रमा देशका बस्तीहरूमा विभिन्न प्रकारका समस्याहरूले आगाको रूप लिएको, नेतृत्ववर्ग संविधाननिर्माणमा नलागी एक-आपसमा संविधान द्वेष प्रस्तुत गर्नमै व्यस्त भएको, कोहीचाँहि फेरि हतियार बोकी देशलाई गृहयुद्धतिर धकेल्न खोजेको र मन्दिरमा गएर ढोगेका भगवान्ले पनि समस्या समाधान गर्न नसकेको जस्ता सामाजिक र राजनैतिक विषयवस्तुहरू उल्लेख छन् । गजल पैँतिसमा समाजका सबै व्यक्तिहरूले आफ्ना मूल्य र मान्यताहरूलाई बिर्सँदै गएको, आफ्नो परम्परा, धर्म, संस्कृतिमाथि पनि व्यापारको खेल खेलेको, आफ्नो यौवनलाई पनि व्यापारमा परिणत गरेको, देशका बहुसङ्ख्यक युवाहरूले आफ्नो श्रम र पसिना स्वदेशलाई समर्पित गर्ने ठाँउ नपाएर विदेशमा बेच्न बाध्य भएको, देशका दुर्गम क्षेत्रका वासिन्दाहरूले कुनाकाप्चा, कन्दराका खोला, नाला र पाखा-पखेराहरूलाई नै आफ्नो जीवननिर्वाहको माध्यम बनाएको र नेतृत्ववर्गहरूले जनतालाई झुक्याएर देशको अस्मितालाई नै सखाप पारेकाजस्ता सामाजिक र राजनैतिक विषयवस्तुहरू प्रस्तुत भएका छन् । गजल चालिसमा प्रत्येक व्यक्ति जसरी पनि

धनी बन्नुपर्ने तर त्यो स्थिति देशमा अनुकूल नभएको, समस्याले ग्रस्त समाजमा महत्त्वाकाङ्क्षा धेरै भएको र महत्त्वाकाङ्क्षालाई पुरा गर्ने प्रविधिमैत्री वातावरण देशमा नभएको सामाजिक र राजनैतिक विषयवस्तुहरू उल्लेख भएका छन् । गजल बयालिसमा पनि सीमा मिचिएको, देशका नेतृत्ववर्गको कामगराइ र तारतम्यता नमिलेको कुरालाई अभिव्यक्ति दिइएको छ । गजल त्रिचालिसमा पनि विदेसिएका युवावर्गहरू र सरकारले जनताका काम गनुपर्ने स्थानमा कुराले मात्र भुलाएको कुरालाई स्पष्ट पारिएको छ । गजल एकहत्तरमा देशको राजधानी काठमाडौँले नागरिकहरूलाई असल बनाउनुपर्ने ठाउँमा खराब बनाएको, काठमाडौँका धरोहर संस्कृतिहरूको अवमूल्यन भएको, संविधान पनि तोकिएको समयमा नलेखिएको, देशको सपना पुरा गर्नुपर्ने ठाउँमा आफ्नै मात्र सपना पुरा गर्न तत्पर रहेको, संविधानका नाममा अनेक बखेडा झिकेका र नेतृत्ववर्गले हुनेखाने उच्चवर्गको हितमा मात्र काम गरेको र निम्न तथा निमुखावर्गका जनताको हितमा कुनै काम नगरेको सामाजिक र राजनैतिक विषयवस्तुहरू उल्लेख भएका छन् ।

प्रस्तुत सामाजिक र राजनैतिक विषयवस्तुहरूलाई उल्लेख गर्न गजलकारले नामपद व्यक्ति, वस्तु, स्थान, भाव आदिको कार्य बुझाउन प्रयोग गरेका छन् भने सर्वनामपदद्वारा व्यक्ति, वस्तु, स्थानका व्यवहार र सामाजिक, राजनैतिक विषयवस्तुहरूलाई छोटा, छरिता र चिटिक्क पार्ने प्रयास गरिएको देखिन्छ । विशेषणपद नाम र सर्वनामको विशेषता बुझाउन प्रयोग गर्दै राजनैतिक र सामाजिक विषयवस्तुको पनि सौन्दर्य निर्माण गरेर पदलालित्यलाईं चिटिक्क पारेका छन् । क्रियापदलाई सकर्मक, अकर्मक, कतृवाच्य, कर्मवाच्य, करण, अकरणका रूपमा प्रयोग गरेर नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, संयोजक र निपातले गर्ने कार्यहरूलाई टुङ्गोमा पुऱ्याएका छन् । क्रियाविशेषणपदवर्गद्वारा क्रियाको देश, काल, प्रकार, आवृत्ति, अनुकरणगत विशेषता बताएर नाम सर्वनाम र विशेषणले गर्ने कार्यहरूको सन्दर्भ र प्रसङ्गअनुसार स्तरमापन गरी प्रस्तुत गजलका शेरहरूद्वारा सामाजिक र राजनैतिक विषयवस्तुहरूलाई स्पष्ट पारेका छन् । संयोजकपद र निपातपदलाई गजलकारले विषयवस्तुको कलात्मकता र सन्दर्भलाई स्पष्ट पार्नका लागि प्रयोग गरेको पाइन्छ ।

गजल सङ्ख्या दुईमा सामाजिक र धार्मिक विषयवस्तुहरू प्रस्तुत भएका छन् । यसमा गजलकारले नेतृत्ववर्गमा जे हुनुपर्ने हो त्यो नभएकाले देश लथालिङ्ग र भताभुङ्ग अवस्थामा पुगेको कुरा व्यङ्गात्मक रूपले व्यक्त गरेका छन् । देश र समाजका सबै वर्ग, तप्का र तहका मान्छेहरूमा आफ्नो नैतिकता र कर्तव्यको पालना नभएको विषयलाई सम्पूर्ण

गजलहरूमा अभिव्यक्ति दिएका छन् । थुप्रै जाति-जनजातिका मानिसहरूले आफ्नो कुलपरम्पराअनुसार मठ, मन्दिर र गुम्बाहरूमा दर्शन गर्न जान छोडेका र मठ, मन्दिर तथा गुम्बाको तुलनामा चर्चहरूको प्रचुरमात्रामा निर्माण भएको विषयवस्तुलाई व्यङ्गार्थ रूपमा प्रस्तुत गर्न खोजेका छन् । यस्तै समाजमा शोषणको परिणाम नराम्रो हुने कुराको सङ्केत गर्दै त्यो एकदिन विष्फोट भयो भने देशमा विद्रोह हुनसक्ने सामाजिक र धार्मिक विषयवस्तुलाई गजलकारले व्यङ्ग्यार्थका रूपमा प्रस्तुत गरेका छन् ।

प्रस्तुत विषयवस्तुलाई प्रस्ट पार्न गजलकारले मूलतः नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद, संयोजक पदको प्रयोग गरेका छन् र सामाजिक चिन्ता, धार्मिक क्षेत्रमा आएको बिसङ्गति र राजनैतिक क्षेत्रको बेथिथिप्रति व्यङ्ग्य गरेका छन् ।

गजल सङ्ख्या तीन, सात, चौध, एक्काइस, उनन्साठी र सत्तरीमा सामाजिक तथा प्रेमसम्बन्धी विषयवस्तुहरू छन् । गजल तीनमा मानिसहरूका थरीथरीका विचार, कतिपय निष्ठावान् व्यक्तिहरूले आफ्ना व्यावहारिक कठिनाइ र स्थितिका बाबजुद पनि देशको अवस्थाका सम्बन्धमा चिन्ता व्यक्त गरेको, कतिपयलाई देशको काम गर्नमा आफ्नै परिवार बाधक भएको अवस्था, कतिपयलाई आफ्नी प्रेमिकाको चिन्ता भएको अवस्था छ भने गजल सातमा विदेसिएका युवाहरूका बारेमा घरपरिवारले सम्झी-सम्झी आँसु बगाउनुपर्ने बाध्यता, कतिपयलाई प्रेमिकाको सम्झना र विदेसिएका युवाहरूका श्रीमतीहरूको असुरक्षालाई विषयवस्तु बनाइएको छ । गजल चौधमा प्रेममा पनि व्यापारको खेल, प्रेमका वाचाहरू वार्तालापमा मात्र सीमित भएको र समाजमा मादक पदार्थ सेवनको छाडापनले व्यापकता पाएको कुरालाई प्रस्तुत गरिएको छ । गजल एक्काइसमा प्रायः सबै व्यक्तिमा सत्यता र निष्ठा हराउँदै गएको, समाजमा कसैको उन्नति भयो भने डाह गर्ने र अवनतिमा खुसी हुने प्रवृत्ति बढेको, कतिपय प्रेमी-प्रेमिकालाई जून र ताराहरूले मात्र निरीक्षण गरिरहेको कुरा व्यक्त भएको छ भने गजल सत्तरीमा प्रेमी-प्रेमिकाको मन एक भएजस्तो देखिए पनि व्यवहारमा विषय वैविध्यताले भरिभराउ भएको सामाजिक र शृङ्गारिक विषयवस्तुहरू समेटिएका छन् ।

प्रस्तुत विषयवस्तुहरू प्रकाश पार्न गजलकारले नामपदद्वारा गजलमा सामाजिक र प्रेमसम्बन्धी विषयवस्तुहरूलाई यथार्थमा उद्घाटन गर्दै कतै अभिधा, कतै लक्षणा र कतै व्यङ्गार्थका रूपमा अभिव्यक्त गरेका छन् । सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण र

संयोजकपदको प्रयोग गरेर गजलकार 'अञ्जली'ले विषयवस्तुको सरलता र मार्मिकतालाई अझ संवेदनशील बनाएका छन् ।

गजल सङ्ख्या चार, नौ, उन्नाइस, छत्तिस, चवालिस, छयालिस, एकाउन्न, चउन्न, उनन्साठी सामाजिक र साहित्यिक विषय मिसिएका गजल हुन् । गजल चारमा कुरो र काममा फरक भएको, कतिपय साहित्यकारहरू देशप्रति समर्पित रहेको र कुराले मानिस सज्जनजस्तो देखिए पनि व्यवहारले सज्जन नभएको निष्कर्ष दिइएको छ । गजल नौमा मानिसहरूका उल्टा-पाल्टा व्यवहारले सज्जनहरू निराश, अव्यावहारिक महत्त्वाकाङ्क्षा, गाउँ-बस्तीहरूमा दिन दुगुना रात चौगुना परिवर्तन, साहित्यकारहरूको असुरक्षा, असल साहित्यकार भ्रष्टाचारीका लागि विषसरह भएको कुरा व्यक्त भएको छ । गजल छत्तिसमा समय र समाजबाट बुझ्ने कुराहरू धेरै रहेको र साहित्य लेख्न पनि चुनौतीको विषय बनेको, सज्जनको पराजयमा दुष्टको नाच हुने गरेको यथार्थ वर्णन गरिएको छ । गजल एकाउन्नमा दुष्टहरूको बोलाबाला भएको वर्तमान समयमा जनपक्षीय साहित्यकारहरूको अवमूल्यन भएको सामाजिक र साहित्यक विषय समेटिएका छन् । यी विषयवस्तुहरू अभिव्यक्त गर्न गजलकारले नाम पदवर्गको प्रयोग गरेर लक्ष्यार्थ, व्यङ्ग्यार्थ र तात्पर्यार्थद्वारा सामाजिक र साहित्यिक विषयलाई स्पष्ट पारेका छन् । यी गजलहरूमा प्रयुक्त नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपदद्वारा गजलकारले एकातिर अलङ्कारप्रयोगलाई सशक्त बनाएको पाइन्छ भने अर्कातिर रसविधनामा पनि स्वाभाविकता सृजना गरेको देखिन्छ । त्यसै गरी नामयोगीपद, निपात र संयोजकपदको प्रयोगले यी गजलहरूमा वाक्य सङ्गठनात्मक स्वरूप मानक बनेको र त्यसबाट पाठकहरूलाई भावग्रहमा सहजता आएको अनुभव हुन्छ ।

गजल सङ्ख्या तेह्र र एकसट्ठीमा सामाजिक, प्रेमगत र ऐतिहासिक विषयवस्तुहरू समेटिएका छन् । गजल तेह्रमा महिलाहरू पनि विदेसिनुपरेको बाध्यता, नेपालीहरूलाई ऐतिहासिक कालदेखि नै आफ्ना आवश्यकता पूर्तिका लागि विदेसिनुपरेको बाध्यता यस गजलमा उल्लेख छ । यस्तै गजल एकसट्ठीमा समाजमा व्यक्तिहरूको वैविध्यता ऐतिहासिक कालदेखि नै रहेको त्यसमा पनि वर्गविभेद समस्याका रूपमा रहेको तथ्य अभिव्यक्त भएको छ । प्रस्तुत विषयवस्तुहरू अभिव्यक्त गर्न गजलकारले मुख्यतया नामपद, सर्वनामपद, विशेषणपद, क्रियापदको प्रयोग गरेका छन भने आंशिक रूपमा क्रियाविशेषणपद, नामयोगीपद, निपात र संयोजकपदको प्रयोग भएको पाइन्छ । शृङ्गार रसको अनुभूति दिन होस् वा प्रसादगुण निर्वाह गर्न होस् पदवर्गको छनोट त्यसमा सहयोगी रहेको देखिन्छ ।

गजल सङ्ख्या पन्ध्रमा सामाजिक, साहित्यिक र धार्मिक विषय विषयवस्तुका रूपमा आएका छन् । यसमा प्रचुरमात्रामा सामाजिक विषय उठाइएको छ भने धार्मिक र साहित्यिक विषयलाई सङ्केत मात्र गरिएको छ । यसमा म पात्रद्वारा सामाजिक व्यक्तिहरूको द्वन्द्व प्रस्तुत गरिएको छ । धार्मिक कथावाचकहरू पनि वाचनमा मात्रै सीमित रहेको, धार्मिक मर्यादाभित्र नरहेको, व्यवहारमा धर्म र नीति नदेखिएको र साहित्यकारहरूले यथार्थ साहित्यको रचना गर्दा जीवनको सुरक्षा नभएको विषयवस्तुहरू उल्लेख भएका छन् । यी गजलहरूमा अलङ्कारविधान गर्न उक्तिवैचित्र्यता प्रस्तुत गर्न र रसभावको अभिव्यक्त गर्न गजलकारले मूलतः नामपद र सर्वनामपदको उचित प्रयोग गरेका छन् । त्यस क्रममा क्रियापदलाई उनले शसक्त बनाएको पाइन्छ । परिवेशनिर्माणका लागि क्रियाविशेषणपदको प्रयोग गर्ने गजलकारले स्वाभाविक पद छनोट गरेर आफ्नो भाषिक कलालाई स्पष्ट पारेका छन् ।

गजल सङ्ख्या बाइस, तिस र चालिसमा सामाजिक, साहित्यिक, राजनीतिक विषयहरू सम्मिलित छन् । गजल बाइसमा देशविकासमा सहरमुखी प्रवृत्ति रहेको, देशका दुर्गमक्षेत्रलाई बेवास्ता गरिएको, पसिना बगाउनेको जीवनमा कुनै परिवर्तन नआएको परिस्थिति, साहित्यकारहरूमा पनि प्रतिस्पर्धा रहेको देखाइएको छ । गजल तिसमा विद्रोहीबाट जङ्गली जनावरहरूको असुरक्षा भएको, विद्रोहकालमा सहिद हुनेहरूको अवमूल्यन भएको, साहित्यकारहरू पनि सुरासुन्दरीमा व्यस्त भएको, देशको नियम-कानुन पनि पहुँचवाला व्यक्तिहरूको हातमा पुगेको कुरा व्यक्त भएको छ । गजल चालिसमा सम्पत्तिका लागि मर्यादा उल्लङ्घन भएको, दुर्गम क्षेत्रमा महामारी आउँदा पनि बेवास्ता गरिएको, व्यक्तिका जस्तासुकै समस्या भए पनि खुसी र सुख-सयलको जिन्दगी जिएको अभिनय गर्नुपर्ने बाध्यता भएको तथ्यलाई औँल्याइएको छ । यी विषयवस्तुलाई स्पष्ट पार्न गजलकारले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद, संयोजकपद र निपातपदको उचित प्रयोग गरेका छन् । विषयलाई कलात्मकता दिन, भावगाम्भीर्यता प्रकट गर्न अलङ्कार, रीति, गुण, आदि काव्यिक तत्त्वलाई संयोजित गर्न यी पदहरूले अहम भूमिका निर्वाह गरेका छन् ।

गजल सङ्ख्या तेइस र छपन्नमा सामाजिक, राजनीतिक, धार्मिक, शृङ्गारिक र प्राकृतिक विषयहरू सम्मिलित छन् । गजल तेइसमा व्यक्तिहरूको सङ्घर्षशील जीवन, जति शरण परे पनि भगवान् आफैँ लाचार भएको अवस्था, समाजमा विद्रोहको आवश्यकतालाई देखाइएको छ । गजल छपन्नमा सच्चा मन्त्र, पूजा-प्रार्थनाको औचित्यहीनता, नेतृत्ववर्गको निर्णय

जनविरोधी भएको ठहर, सबैमा कलङ्कले भरिएको यथार्थ, निष्कलङ्क केवल प्रकृतिमा मात्र रहेको तथ्य उल्लेख छ । यस प्रकारको विषयलाई वर्णन गर्न गजलकारले नामपद, सर्वनामपदका साथै विशेषणपदको सहारा लिएका छन् । क्रान्ति, समाज र देशका विकृति-विसङ्गतिको चर्चा गर्दा आवश्यक शब्दछनोट हुनु स्रष्टाको निजी विशेषता हो र यसमा गजलकार सक्षम रहेका छन् ।

गजल सङ्ख्या एकतिसमा सामाजिक, राजनैतिक, शृङ्गारिक र ऐतिहासिक विषयवस्तुहरू समावेश गरिएका छन् । सामाजिक विषयमा व्यापारिक तौरतरिका, राजनैतिक विषयमा सरकार सञ्चालनको तौरतरिका, ऐतिहासिक विषयमा हिटलरको तानाशाही शासनव्यवस्था, शृङ्गारिक विषयमा प्रेमका तौरतरिका अभिव्यक्त भएका छन् । यी विषयवस्तु प्रकाश पार्न लेखकले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषण पदको मुख्यतया प्रयोग गरेका छन् । यी पदवर्गहरूको प्रयोगले विषयवस्तुको यथार्थता अभिव्यक्त भएकाले गजलकारले पदचयनमा उच्चता हासिल गरेका छन् ।

गजल सङ्ख्या चौँतिसमा सामाजिक, राजनितिक, ऐतिहासिक, शृङ्गारिक र धार्मिक विषयवस्तुहरू प्रस्तुत भएका छन् । सामाजिक विषयमा युवाहरूको विदेस गमनले गाउँबस्ती खाली भएको, राजनितिक विषयमा सरकारले स्वदेशमा युवाहरूलाई रोजगार दिलाउन नसकेको, धार्मिक विषयमा भगवान् नै बेखवर रहेको, ऐतिहासिक विषयमा द्वन्द्वकालमा मृत्यु हुनेको पहिचान हुन नसकेको र प्रेमी-प्रेमिकाका क्रियाकलापहरू समेटिएका छन् । यी विषयवस्तुहरूमा प्रकाश, पार्न गजलकारले प्रचलित पदवर्गकै सहारा लिएका छन् र आफ्ना अभिव्यक्तिलाई सार्थकतामा पुऱ्याएका छन् ।

गजलसङ्ख्या अड्तिसमा सामाजिक, धार्मिक, राजनीतिक, न्यायिक र वैज्ञानिक विषयहरू छन् । परदेसशएका युवाहरूका कारणवाट नारीहरू पीडित भएको, ठुलाठुला मन्दिरनिर्माण भए पनि त्यहाँ भगवान्को अस्तित्व नभेटिएको, विज्ञानको उन्नतिको पराकाष्टाले स्वयम् प्रकृतिसंरचना खतरामा परेको, व्यवहारबाट मानिस आफ्नो र पराइ हुने र नातावादको बिगबिगीबाट समाज आक्रान्त रहेको विषयहरू स्पष्ट पारिएको छ । यी विषयवस्तुहरूमा प्रकाश पार्न गजलकारले नामपद, सर्वनामपद, विशेषणपदलाई बढी महत्त्व दिएकाले पदवर्गचयनद्वारा यसमा मध्यम श्रेणी प्राप्त गरेका छन् ।

गजल सङ्ख्या त्रिपपन्नमा सामाजिक, प्रेमगत, साहित्यिक र कानुनी विषयवस्तुहरू समेटिएका छन् । यसमा उचाल्ने र पछार्ने मानवीय प्रवृत्ति कर्मठ र भोगी मान्छेका स्वभाव,

मुस्कान छोड्ने युवतीको चरित्र र न्यायका आँखामा लागेको जीवनस्तरको अवस्थाजस्ता विषयवस्तुहरू प्रस्तुत भएका छन् । यी विषयवस्तुहरू प्रस्तुत गर्न गजलकारले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषण पदलाई मुख्यतया प्रयोग गरेका छन् भने आँशिक रूपमा निपात र संयोजक पदको संयोजन भएको पनि पाइन्छ ।

गजल सङ्ख्या पचपन्नमा शृङ्गारिक र कानुनी विषयवस्तुहरू रहेका छन् । यसमा प्रेमीले प्रेमिकालाई आक्षेप लगाएर न्यायालयसम्म पुऱ्याएको विषयवस्तुहरू प्रस्तुत भएका छन् । यी विषयवस्तु उल्लेख गर्न स्रष्टाले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपदको बहुउपयोग गरेको पाइन्छ । प्रायोगिक पदवर्गका संयोजनद्वारा विषयवस्तुलाई सरल रूपमा प्रस्तुत गरिएकाले यसको पदवर्ग चयन निम्न श्रेणीको रहेको पाइन्छ ।

गजल सङ्ख्या सन्ताउन्नमा घार्मिक, सामाजिक, शृङ्गारिक र कानुनी विषयवस्तु समेटिएका छन् । मन्दिर र साधुहरू प्रयाप्त मात्रामा भए पनि मान्छेका पिरमर्काहरू यथावत रहेको, एउटै युवतीमाथि असङ्ख्य युवकहरूको नजर परेको, वर्गविभेदका फैसलाहरू पनि न्यायपरक नभएको, जिन्दगीमा मान्छेहरू पलपल मरेर बाँच्नुपरेको विषयलाई अभिव्यक्ति गरिएको छ । यी विषयवस्तुहरू उल्लेख गर्न स्रष्टा अधिकारीले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपदको बहुउपयोग गरेको पाइन्छ । प्रायोगिक पदवर्गका संयोजनद्वारा विषयवस्तुलाई सरल रूपमा प्रस्तुत गरिएकाले यसको पदवर्ग चयनको स्तर निम्न श्रेणीको देखापर्छ ।

गजल सङ्ख्या अन्ठाउन्नमा सामाजिक, दार्शनिक र साहित्यिक विषयवस्तुहरू समेटिएका छन् । साहित्यिक विषयमा कवितालेखनका बारेमा द्विविधा भएको, सामाजिक विषयमा समाजदेखि नैराश्य बढेको, दार्शनिक विषयमा *गीता*द्वारा ब्रह्माण्डका विषयमा अन्वेषण भएको तथ्यलाई विषयवस्तु बनाइएको छ ।

यी विषयवस्तु उल्लेख गर्न स्रष्टा अधिकारीले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपदको आवश्यकताअनुसार उपयोग गरेको पाइन्छ । प्रायोगिक पदवर्गका संयोजनद्वारा विषयवस्तुलाई सरल रूपमा प्रस्तुत गरिएकाले यसको पदवर्ग चयन मध्यमस्तरीय श्रेणीमा रहेको पाइन्छ ।

गजल सङ्ख्या साठीमा सामाजिक, राजनीतिक, धार्मिक र कानुनी विषयवस्तुहरू समेटिएका छन् । धार्मिक विषयमा धर्मान्तर र देशमा इसाइकरण हुँदै गइरहेकाले आफ्नो पहिचान मेटिँदै

गएको, यत्रतत्र इज्जत र मर्यादाका कुरा गर्नेहरूले नै वेश्यालय खोलेको, कानुन र नियमका कुरा गर्नेहरूले नै कानुनविपरीत कार्य गरेको, विद्रोह सल्काएर युवाहरूलाई बलिदानी गर्न लगाएर आफूचाहिँ सहिदको भावना र मर्मविपरीत दिशातिर चलेको तात्पयार्थ अभिव्यक्त गरिएको छ । यी विषयवस्तुहरू प्रकाश पार्न गजलकार अधिकारीले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद, संयोजकपद प्रयोग छोटोछरितो शैलीमा प्रयोग गरेकाले पदवर्गको चयनमा उच्च श्रेणी प्राप्त गरेका छन् ।

गजल सङ्ख्या बैसट्ठी, त्रिसट्ठीमा द्वन्द्वकालीन सामाजिक विषयवस्तुहरू प्रस्तुत छन् । गजल बैसट्ठीमा युद्धगत समस्या विकराल रूपमा मौलाएको, समाजमा मात्र नभएर वन-पहरामा पनि युद्धको सम्भावना रहेको, मान्छेहरू दुर्जन भएकाले समय र वातावरण नै दुषित रहेको कुरा आएका छन् । गजल त्रिसट्ठीमा पनि कुनै बेला कहाँ बम पड्कने हो यकिन नभएको, मान्छेमा जतातत‌ै आडम्बर मिसिएको, देशमा शान्तिको आशा हराएको, युद्धकालीन परिस्थितिको चर्चा गरिएको छ । यी विषयवस्तुहरूमाथि न्याय गर्न गजलकार अधिकारीले आवश्यकताअनुसारका पदवर्गहरू उपयोग गरेका छन् र गजलको स्तरलाई माथि उठाएका छन् ।

गजल सङ्ख्या चौँसट्ठीमा सामाजिक, साहित्यिक र शृङगारिक विषयवस्तुहरू रहेका छन् । साहित्यद्वारा समाज बदल्ने भावना राखिएको, सामाजिक अस्तित्वह्रास हुँदै गएको, नेतृत्ववर्गले गरिबी निवारणका कार्य नगरेको, प्रेमिकाबाट सच्चा प्रेमको आशा मरेको विषयहरू समेटिएका छन् । यी विषयवस्तुहरूको प्रभावकारिताका लागि गजलकारले उपयुक्त पदवर्गको चयन गरिएको छ र भावलाई स्तरीयता तुल्याइएका छन् ।

गजल सङ्ख्या छैँसट्ठीमा सामाजिक, राजनितिक, वैज्ञानिक, ऐतिहासिक र साहित्यिक विषयवस्तुहरू समेटिएका छन् । ऐतिहासिक विषयमा सहिदहरूको अवमूल्यन भएको, सामाजिक विषयमा परदेसिएका युवाहरूले घरपरिवार बिर्सिएको, समाजमा बाढी-पहिरोको प्रकोप बढे पनि सरकारले त्यहाँ उचित व्यवस्थापन नगरेको, गाउँबस्तीमा विकासको अभाव रहेको सत्यता प्रस्तुत भएको पाइन्छ । यी विषयवस्तुहरू प्रकाश पार्न गजलकारले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेणपद, सयोजकपदहरूको उपयोग गरेका छन् । अल्प मात्राका पदवर्गहरूले बृहत् मात्राका विषयवस्तुमा प्रकाश पारेकाले पदवर्गचयनले उच्च श्रेणी प्राप्त गरेको छ ।

गजल सङ्ख्या सतसट्ठीमा गजलकारले सामाजिक, साहित्यिक, धार्मिक र वैज्ञानिक विषयवस्तुहरू प्रस्तुत गरेका छन् । मानिसहरूले आफ्नो स्वार्थअनुकूल व्यवहार गरेको, मान्छले मान्छेलाई नै चरमचुलीमा पुऱ्याएको र धार्मिक पगरी गुथेको, नारीहरू कैयौँ साहित्यकारहरूलाई साहित्यलेखनमा प्रेरणा बनेको तथ्यलाई व्यक्त गरिएको यस गजलमा गजलकारले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद, संयोजक पदहरूको विषयवस्तुअनुसार प्रयोग भएका छन् । अल्प मात्राका पदवर्गहरूले वृहत् मात्राका विषयवस्तुहरू प्रकाश पार्न सफल भएकाले प्रायोगिक पदवर्गहरूले पदवर्गचयनमा उच्च श्रेणीको स्तर हासिल गरेका छन् ।

गजल सङ्ख्या अड्सट्ठीमा शृङ्गारिक, सामाजिक र राजनीतिक विषयवस्तुहरू समेटिएका छन् । शृङ्गरिक विषयमा प्रेमिकाको सपना पुरा भए पनि प्रेमीको सपना अधुरो रहेको, राजनैतिक विषयमा राजधानीमा द्वन्द्वले गर्दा कसैले छोराछोरी गुमाउन परेको, कसैले आमाबाउ गुमाउन परेको, नयाँ पुस्तामा कर्तव्य र नैतिकता हराएको आदि कुरा व्यक्त भएका छन् । लेखकले नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद, सँयोजकपद निपातपदको प्रयोगद्वारा गजलकारले आफ्ना भावना सशक्त बनाएर प्रस्तुत गरेका छन् ।

गजल सङ्ख्या उनान्सत्तरीमा सामाजिक, धार्मिक र शृङ्गारिक विषयवस्तुहरू समेटिएका छन् । यी विषयमा विचारपूर्वक गरेका कामहरूले मात्र सफलता प्राप्त हुने, पुरातात्विक, ऐतिहासिक, मठ, मन्दिरसहित कैयौँ बस्ती बाढीले बगाएको, हतारमा गरेको प्रेमले पछि पछुताउनुपर्ने व्यङ्ग्यार्थ समेटिएका छन् । यी कुराहरूमाथि प्रकाश पार्न गजलकारले नामपद सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियाविशेषणपद, संयोजकपद, निपातपदवर्गहरू गरेका छन् । अल्प मात्राका पदवर्गको प्रयोगले बृहत् मात्राका विषयवस्तुसहित गजलसंरचनाका आवश्यक तत्त्वहरूका साथै अभिधा, लक्षणा, व्यञ्जनासहित गजलकारका भावना अभिव्यक्त भएका छन् ।

## ४.४ निष्कर्ष

गजलकार 'अञ्जली' ले गजलका माध्यमबाट समाज, देशका र अन्तर्राष्ट्रियक्षेत्रका बहुआयामिक, समसामायिक, वृहत्तरक्षेत्रका समस्याहरू गजलका माध्यमबाट पाठकसामु सम्प्रेषण गरेर आफ्नो साहित्यिक दृष्टिकोणलाई प्रक्षेपण गर्दै साहित्यिक र सामाजिक

योगदान पुऱ्याएका छन् । सामाजिक, राजनैतिक, धार्मिक विषयवस्तुहरूलाई गजलको माध्यमबाट जस्ताको तस्तै उद्घाटन गरी उनले समस्त वर्तमान समयको बस्तुस्थितिलाई चिनाएका छन् । वर्तमान समाजका यावत् समस्या र वस्तुस्थितिलाई गजलमा अभिव्यक्ति दिने 'अञ्जली'ले आफ्ना भावनाअनुसारका पदवर्गचयन गरेर आफ्नो कवित्वशक्तिको पहिचान गराएका छन् जसका माध्यमबाट उनलाई गजलविधामा सफल स्रष्टा मान्न कुनै द्विविधा हुँदैन ।

पञ्चम परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ विषयपरिचय

*वाह ! काठमाण्डु* गजलसङ्ग्रह गजलकार पुष्प अधिकारी 'अञ्जली'द्वारा लेखिएको हो । यस गजलसङ्ग्रहमा देशमा भएका गतिविधिहरूलाई गजलका शेरहरूका माध्यमबाट यथार्थपरक रूपमा अभिव्यक्त गरिएको छ । २०२३ सालमा चैनपुर गा.वि.स. मा सामान्य परिवारमा जन्मेका गजलकार पुष्प अधिकारी 'अञ्जली' को गाउँकै प्राथमिक विद्यालयबाट अध्ययन सुरु भएको हो । उनले नाटक, उपन्यास, गीत, कविता आदि साहित्यका विभिन्न विधामा कलम चलाए पनि गजलविधामा प्रखरता हासिल गरेका छन् । २०६० सालदेखि लगातर थुप्रै एकल र संयुक्त कृतिहरू प्रकाशन र सम्पादन गर्दै यिनले नेपाली गजलसाहित्यलाई माथि उठाएका छन् । *मनभित्रको आकास* (२०६०), *स्वप्निल नयन* (२०६४), *एक अञ्जुली धाम* (२०६१), *जूनफुलेको बस्ती* (२०६५), *मनको तृष्णा* (२०६९), *म कवितामा देश खोजिरहेछु* (२०६९), *वाह ! काठमाण्डु* (२०७१) गरी उनका सातवटा एकल गजल कृतिहरू प्रकाशित भएका छन् । यस परिच्छेदमा यिनै गजलकारको *वाह ! काठमाण्डु* गजलसङ्ग्रहको पदवर्गीय अध्ययनका क्रममा प्राप्त भएका निष्कर्षहरूलाई सारांशमा प्रस्तुत गरिएको छ ।

## ५.२ उपसंहार

यस शोधपत्रको परिच्छेद एकमा शोधपत्र परिचयअन्तर्गत विषयपरिचय, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलनविधि, शोधविधि, शोधकार्यको रूपरेखालाई व्यवस्थापन गरिएको छ ।

परिच्छेद दुईअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषणपद, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक पदहरूको सैद्धान्तिक स्वरूपहरूको वर्णन गरिएको छ जसअन्तर्गत वैदिककालमा पदवर्गको चिन्तन, पदवर्गका सम्बन्धमा पाणिनिको दृष्टिकोण, र नेपालीभाषामा रहेका पदसम्बन्धी अवधारणाहरूलाई उल्लेख गरी सैद्धान्तिक ढाँचा तयार पारिएको छ ।

परिच्छेद तीनमा *वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा प्रयोग भएका पदवर्ग अर्थात् नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मायादिबोधक र निपातवर्गका शब्दहरूलाई अलग-अलग रूपमा सङ्कलन गरी वर्णानुक्रममा स्थापित गरिएको छ ।

परिच्छेद चारमा यस गजलसङ्ग्रहमा प्रस्तुत विषयवस्तु र त्यससँग सम्बन्धित पदवर्गको विश्लेषण गरिएको छ । त्यसक्रममा सामाजिक विषयवस्तुहरूद्वारा देश र समाजका समस्याहरूलाई अभिव्यक्ति दिइएको छ । साहित्यिक विषयवस्तुहरूमा साहित्यकारहरूको स्थिति, उनीहरूका सृजनशील समस्या, यथार्थ विषयवस्तु उद्घाटन गर्ने साहित्यकारहरूलाई अवरोध, साहित्यको माध्यमबाट देशको यथार्थ विषयवस्तुहरू उद्घाटन गर्दा साहित्यकारहरू असुरक्षित भएको भावना व्यक्त गरिएको छ । ऐतिहासिक विषयवस्तुहरूमा च्याम्बरमा जिउँदै जलेका लाशहरूका बारेमा, सहिदहरूको इच्छा र आकाङ्क्षा पुरा नभएको, उनीहरूको भावनाविपरीत काम भएको, राष्ट्रियस्तरमा भूमिका निभाएका ऐतिहासिक व्यक्तित्व र सम्पदाहरूको पनि उचित संरक्षण नभएको, बहुमूल्य ऐतिहासिक सम्पदाहरूमाथि व्यापारको खेल भएको कुरा स्पष्ट पारिएको छ । दार्शनिक विषयवस्तुमा ब्रह्माण्डको रहस्यमयता देखाइएको, कानुनी विषयमा धार्मिक मर्यादा स्थापित हुन नसकेको, द्वन्द्वकालका विषयमा थुप्रै आमाबाले आफ्ना सन्तान गुमाएको, थुप्रै छोराछोरीहरूले आफ्ना आमाबाबु गुमाएको, प्रेमका विषयवस्तुहरूमा प्रेम पनि व्यापारको खेलमा परिणत भएको, युवायुवतीहरूले प्रेमलाई नाटकीय रूपमा परिवर्तन गरेको, व्यापारिक विषयवस्तुहरूमा व्यापारीहरूले कालोबजारी गरेको, प्रशासनिक विषयमा पनि कर्मचारीहरूले नाफामूलक खेल खेल्दै भ्रष्टाचार गरेको र धार्मिक विषयमा धार्मिक आस्था परिवर्तनको विषय भएको सत्यलाई उद्घाटन गरिएको छ ।

## ५.३ समग्र निष्कर्ष

भाषिक प्रक्रियामा वर्ण, रूप, शब्द हुँदै पदनिर्माण हुन्छ र वाक्यमा अर्थयुक्त शब्दहरू मिलेर कुनै अर्को प्रयोजनपरक अर्थ निकाल्छन् । यस्ता शब्दहरूले वाक्यात्मक अर्थ दिँदा संरचनागत रूपमा केही परिवर्तन हुन्छन् जसलाई नेपाली र संस्कृत व्याकरणमा पद भन्ने गरिएको छ । त्यस्ता वाक्यात्मक रूपमा प्रयोग भएका पदहरूले कुनै एउटा नियमअनुसार कार्य सम्पन्न गरेका हुन्छन् । यस्ता भिन्न प्रकारका नियमहरूमा वर्गीकृत भई कुनै पनि पदहरूले अनेक प्रकारका नियमहरूमध्ये कुनै एउटा नियम र मापदण्डलाई समातेका हुन्छन् । तिनै भिन्न

प्रकारका नियममा आश्रित भएका शब्दहरू नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातपद भनेर वर्गीकरण गरिएको छ ।

यस गजलसङ्ग्रहमा सबैभन्दा विस्मयादिबोधकवर्गका शब्दहरू थोरै प्रयोग भएका छन् । त्यसपछि नामयोगीवर्गका पदहरू पर्दछन् । त्यसपछि निपातवर्गका पदहरू प्रयोग भएका छन् । त्यसपछि संयोजकवर्गका पदहरू र सर्वनामवर्गका पदहरू प्रयोग भएका छन् । विशेषण, क्रिया, क्रियाविशेषण र नामवर्गका पदहरू भने समानान्तर रूपमा प्रयोग भएका छन् ।

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा गजलकार पुष्प अधिकारी 'अञ्जली'ले नौवटै पदवर्गहरूको प्रयोग गरेर गजललाई वस्तु, सहभागी, परिवेश, उद्देश्य, भाषा, शैली, बिम्ब, प्रतीक, लय, शेर, मकता, मतला, मिसरा, काफिया, रदिफ, तखल्लुसको संयोजनमा गजलसङ्ग्रहको स्तरीयता बढाएका छन् । गजलसङ्ग्रहका एकहत्तरवटै गजल पाँच शेरमा संरचित छ । उनका गजलमा वस्तु, भाव, विचारहरू प्रायः दोहोरिएका छन् । देशको परिवेशभित्र सामाजिक, राजनैतिक, साहित्यिक, धार्मिक, न्यायिक, दार्शनिक पक्षहरू समेटिएको देखिन्छ । बिम्ब, प्रतीक र लयहरू पनि सरल शैलीमा प्रस्तुत छन् । उनले प्रायः शेरहरूको अन्तिम भागमा रदिफको प्रयोग गरेका छन् । रदिफ र काफिया प्रायः शेरमा छन् भने रदिफको प्रयोग नभएको ठाउँमा काफियाको प्रयोग भएको छ । यस्तै ठाउँ-ठाउँमा तखल्लुस विधिको पनि प्रयोग भएको छ । यिनको प्रस्तुत गजलसङ्ग्रहको शेरमा बीस अक्षरीसम्मको मिसरा पाइन्छ । सामाजिक, धार्मिक, साहित्यिक, राजनैतिक क्षेत्र र द्वन्द्वकालीन अवस्थामा देखिएका विकृतिहरूलाई यिनले प्रयोग गरेका पदवर्गहरूले जस्ताको तस्तै देखाएका छन् । यसरी हरेक क्षेत्रका विकृतिहरू प्रस्तुत गर्न सक्षम सबल पदवर्गहरूले पदवर्ग चयन उच्च श्रेणीको छ भन्ने प्रमाणित गरेका छन् । शृङ्गारिक र साहित्यिकक्षेत्रको वर्णनमा भने पदवर्ग चयनमा न्यूनता रहेको देखिन्छ ।

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा विशेष गरेर राजनैतिक र सामाजिक विषयवस्तु भएका गजलहरूमा पदवर्गहरूले विषयलाई अतियर्थाथपरक दृष्टिकोणबाट पाठकसामु पस्केका छन् । समाज र देशको वास्तविक, ऐतिहासिक, भूतकालिन र वर्तमानकालिन स्थितिलाई बुझ्न यसले सर्वसाधारणदेखि उच्च श्रेणीसम्मका पाठकहरूलाई मद्दत गरेको देखिन्छ । साक्षर व्यक्तिदेखि लिएर विशिष्ट व्यक्तिहरूलाई समेत चासो भएका विषयवस्तुहरू विन्यास गरी सबैले पचाउन सक्ने पदवर्गहरूको प्रयोग गर्न सक्नु उनको लेखकीय विशेषता हो ।

राजनैतिक क्षेत्रमा नेतृत्ववर्गको चरित्र जस्ताको तस्तै उतार्नमा उनले गजलमा प्रयोग गरेका पदवर्गहरूले जीवन्तता प्राप्त गरेका छन् ।

साहित्यकार तथा पत्रकारहरूलाई समाजको यथार्थ देखाउन अप्ठेरो परेको कुरा उनले प्रयोग गरेका पदवर्गहरूले व्यक्त गरेका छन् । धार्मिकक्षेत्रमा साधु, सन्त, महात्माहरूलाई व्यङ्ग्य गर्नमा पनि उनले प्रयोग गरेका पदवर्गहरू सशक्त देखिन्छन् । गजलमा तत्सम, तद्भव र झर्रा शब्दका पदवर्गहरूको प्रयोगले नेपाली भाषाको गरिमालाई बढाएको छ । यसमा प्रयोग भएका आगन्तुक पदवर्गहरूले गजललाई आकर्षक गराउनमा योगदान गरेको छ । यसरी नेपाली भाषामा पचिसकेका तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको समानान्तर रूपमा गजलमा प्रयोग भएको देखिन्छ ।

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा गजलकार 'अञ्जली'ले विभिन्न परिवेश, पदार्थ, प्राणी, वस्तु, स्थान, भावलाई बुझाउन नामपदवर्ग शब्दहरूको प्रयोग गरेका छन् । कुनै एउटालाई मात्र बुझाउन व्यक्तिवाचक नामहरूको प्रयोग गरेका छन् । कुनै पनि पदार्थ प्राणी, बस्तु आदि समस्त प्रतिनिधित्व बुझाउन जातिवाचक नामहरूको प्रयोग गरेका छन् । कुनै परिवेश, पदार्थ, प्राणी, वस्तु, स्थानादिको सामूहिक रूप सङ्केतगर्न समूहवाचक नामहरूको प्रयोग गरेका छन् । अगणनीय पदार्थ, स्थान, वस्तु आदिलाई बुझाउन द्रव्यवाचक नामहरूको प्रयोग गरेका छन् । कुनै वस्तु, पदार्थ, स्थान, प्राणीको गुणधर्म र मान्छेका भावनाहरू बुझाउन भाववाचक नामहरूको प्रयोग गरेका छन् ।

गजलकारले *वाह ! काठमाण्डु* गजलसङ्ग्रमा विशेषणपदको प्रयोग गरेका छन् । प्रयोग भएका विशेषणपदवर्गहरूमध्ये आकारवाचक, गुणवाचक, रङ्गवाचक, सङ्ख्यावाचक, पूर्ण सङ्ख्यावाचक, आवृत्तिवाचक, गुणवाचक, प्रत्येकवाचक र सार्वनामिक विशेषणअन्तर्गत - दर्शकवाचक, सार्वनामिक, सम्बन्धवाचक, प्रश्नवाचक, परिमाणवाचक सार्वनामिक विशेषण प्रयोग गरेका छन् । यी विशेषणहरूबाट गजलकारले परिवेश, पदार्थ, प्राणी, वस्तु, स्थान आदिका विशेषतालाई सटीकरूपले अभिव्यक्त गर्न सफल भएका छन् ।

यसै गरेर विभिन्न परिवेश, पदार्थ, वस्तु, प्राणी, स्थान, भावहरूले गर्ने कार्यलाई अभिव्यक्ति दिन क्रियापदवर्गका शब्दहरू प्रयोग गरेका छन् । उनका गजलमा पूरकापेक्षी क्रियाहरू पनि प्रशस्त प्रयोग भएका छन् । द्विकर्मक क्रियाहरू गजलमा आवश्यकताअनुसार प्रयोग भएका छन् । प्रसङ्गअनुसार सम्भावनार्थक कर्मवाच्यत्मक, भाववाच्यात्मक क्रियापदहरू पनि न्यून मात्रामा प्रयोग भएको देखिन्छ । भूतकालीन पुलिङ्गी करणात्मक, भूतकालिक नपुंसकलिङ्गी,

पुलिङ्गी, एकवचन, अकरणात्मक क्रियापदहरूले अर्थलाई कालिक, लैङ्गिक अवस्थालाई स्पष्टतातिर डोऱ्याएका छन् । कतृवाच्यात्मक, बहुवचन, तृतीयपुरुष, संयुक्त क्रियापदअन्तर्गतका मिलितक्रिया ठाउँअनुसार प्रयोग भएका छन् । शेरका प्रसङ्गअनुसार संयुक्तअन्तर्गत सम्भावनार्थक नपुंसकलिङ्गी क्रियापदहरू प्रयोग भएका छन् जसबाट गजलकारले आफ्ना भावनालाई सहज नै अभिव्यक्त गरेका छन् ।

नाम, सर्वनाम, विशेषणले गर्ने कार्यहरूको ढङ्ग, शैली, प्रयोगस्थान बताउन गजलकारले क्रियाविशेषण पदवर्गको प्रयोग गरेका छन् । नामपदमा सप्तमी विभक्ति जोडिएर बनेका क्रियान्तर क्रियाविशेषणहरू प्रशस्त मात्रामा प्रयोग गरिएको यस सङ्ग्रहमा कृदन्त मूल विशेषण पनि प्रशस्त मात्रामा प्रयोग भएका छन् । कालवाचक क्रियाविशेषण, रीतिवाचक क्रियाविशेषण, स्थानिक क्रियाविशेषण, परिमाणवाचक क्रियाविशेषण, आवृत्तिवाचक क्रियाविशेषण, माध्यमबोधक क्रियाविशेषण, परिणामबोधक क्रियाविशेषण, प्रयोजनबोधक क्रियाविशेषण, परिस्थितिबोधक क्रियाविशेषण पदवर्गहरू गजलमा समानान्तर रूपमा प्रयोग भएका देखिन्छन् र भावलाई संवेद्य तुल्याउन यिनको प्रयोग भएको छ ।

गजलकारले यस गजलसङ्ग्रहमा प्रयोजनबोधक, स्थानिक, रहितार्थ, सहितार्थ नामयोगीहरू प्रयोग गरेर नामपदहरूलाई स्पष्टतातिर डोऱ्याएका छन् । प्रायः निरपेक्ष संयोजकको प्रयोग भएको यस गजलसङ्ग्रहमा वाक्यात्मक, शब्दात्मक बहुरूपलाई संयोजन गरी भावपक्षलाई स्वाभाविक र सरल बनाउने काम भएको पाइन्छ ।

अभिव्यक्त गर्न खोजेका विषयलाई निखार पार्न, अनुनय, आशङ्का, प्रश्न व्यक्त गर्न, तुलना गर्न, जोड प्रदर्शन गर्न, आग्रह जनाउन, स्थिति व्यक्त गर्न, निषेध प्रकट गर्नका लागि निपातपदवर्गहरूको प्रयोग गरेर अभिव्यक्तिपरक कलालाई उचाइमा पुऱ्याइएको छ ।

वस्तु, स्थान, घटना र मान्छेका आश्चर्यजनक व्यवहारहरूलाई अभिव्यक्त गर्न गजलकारले विस्मयादिबोधक पदवर्गको गजलमा न्यूनरूपमा प्रयोग गरेका छन् । निरीह अवस्थाप्रकट गर्न, कुनै विषयमा जोड दिन, काठमाडौँमा हुने गरेका घटना, परिवेश र नेतृत्ववर्गको व्यवहार प्रकट गर्न, जतातततै क्रूर वातावरणको परिवेश प्रकट गर्नका लागि विस्मयादिबोधक पदवर्गहरूको प्रयोग गरेर गजललाई मिठास दिएका छन् ।

*वाह ! काठमाण्डु* गजलसङ्ग्रहमा गजलकारले देशको राजधानीका रूपमा रहेको काठमाडौँका साथै सिङ्गो देश, कतैकतै अन्तर्राष्ट्रिय क्षेत्रलाई पनि बिम्बका रूपमा प्रयोग गरेका छन् । मिथक प्रयोगमा पनि देशमा परम्परादेखि चल्दै आएका चालचलन, धर्म, संस्कृतिमा ह्रास

आएको देखाइए पनि धर्म र संस्कृतिको ह्रासले ल्याउने परिणाम नदेखाइएकाले गजलमा प्रयोग भएका मिथकहरूले कुनै नयाँ सन्देश दिन सकेका छैनन् । प्रतीकको प्रयोगमा पनि ठाउँठाउँमा न्यूनता रहेको देखिन्छ । गजल तीनमा विषयवस्तुहरू राम्रा भए पनि त्यसलाई प्रयोग गर्ने प्रतीकहरू उचित रूपले छनोट हुन सकेको छैन । अलङ्कारको प्रयोगमा पनि ठाउँठाउँमा न्यूनता आएको देखिन्छ ।

गजलका विविध संरचनात्मक पक्षहरूमा न्यूनता देखिए पनि यसले यथार्थपरक विषयवस्तुहरूलाई बिम्ब बनाएको, विषयवस्तुहरूको चित्रणमा कुनै काल्पनिकता नभरिएको, जति पनि वर्णन गरिएका विषयवस्तुहरू छन् तिनीहरू समाज, देश र अन्तर्राष्ट्रियस्तरमा भए-गरेका घटनाहरूले नै भरिएको हुँदा प्रस्तुत गजलसङ्ग्रह यथार्थवादी प्रवृत्तिमा आधारित रहेको मान्न सकिन्छ । यस दृष्टिले पुष्प अधिकारी 'अञ्जली'लाई यथार्थवादी गजलकारका रूपमा स्थापित गर्न *वाह ! काठमाण्डु* गजलसङ्ग्रह सक्षम रहेको छ ।

यी सबै पक्षलाई हेर्दा गजलकारको भाषिक पक्ष कलात्मक रहेको देखिन्छ र केही शब्दको वर्णविन्यासगत त्रुटिलाई नगण्य ठान्ने हो भने प्रचलनमा रहेको शब्दको छनोट र प्रायः शुद्ध शब्दहरूको प्रयोगबाट गजलको भाव संवेद्य बनाउन पुष्प अधिकारी 'अञ्जली' सफल रहेका छन् । सामाजिक, साहित्यिक, आर्थिक र सांस्कृतिक-धार्मिक क्षेत्रका विकृति र विसङ्गतिहरूको अन्त्यका लागि अभ्यर्थना गर्ने गजलकारले सोहीअनुसारका शब्द प्रयोग गरेर गजलसिद्धान्तका परिधिमा गजल रचना गरी विशिष्ट योगदान पुऱ्याएका छन् ।

# सन्दर्भ ग्रन्थसूची


अधिकारी, पुष्प (२०७१). *वाह ! काठमाण्डु.* झापा : निशा के.सी. ।

अधिकारी, रञ्जिता (२०७०). 'माइतीघर उपन्यासको पदवर्गीय अध्ययन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र. चितवन : बालकुमारी कलेज ।

अधिकारी, हेमाङ्गराज (२०५६). *सामाजिक र प्रायोगिक भाषाविज्ञान.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६२). *समसामयिक नेपाली व्याकरण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६८). *प्रयोगात्मक नेपाली व्याकरण.* चौथो संस्क. ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमङ्गराज र भट्टराई, बद्रिविशाल (२०७१). *प्रयोगात्मक शब्दकोश.* काठमाडौँ : विद्याार्थी पुस्तक भण्डार ।

आचार्य, विश्वनाथ (२०१३).*साहित्यदर्पण.* पुर्नमुद्रित संस्करण. नई दिल्ली : चौखम्भा पब्लिकेसन्स् ।

के.सी., निशा (२०७१). 'प्रकाशकीय मन्तव्य'. *वाह ! काठमाण्डु.* झापा : निशा के.सी. ।

खत्री, अरुणबहादुर (२०७६). 'समसामयिक नेपाली गजल'. *सौर्यदैनिक.* वर्ष ८. अङ्क ३०. पृ. ? ।

गैरे, नारायणप्रसाद. (२०७३). *नेपाली गजलको परम्परा र प्रवृत्ति.* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि. ।

ज्ञवाली, विजयराज (२०७१). 'शुभकामना मोफसलको'. *वाह ! काठमाण्डु.* झापा : निशा के.सी. ।

नेपाल, द्वारिका (२०७१). 'समकालीन समयको फेहरिस्त : वाह ! काठमाण्डु'. *चितवन पोष्ट.* वर्ष ?. अङ्क ?. पृ. ? ।

न्यौपाने, टङ्कप्रसाद, पारसमणि भण्डारी र दीपकप्रसाद न्यौपाने (२०६७). *भाषा विज्ञानका प्रमुख सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पण्डित, प्रभाकर (२०७१). 'शुभकामना मन्तव्य'. *वाह ! काठमाण्डु.* झापा : निशा के.सी. ।

पण्डित, हेमराज (२०४२). चन्द्रिका व्याकरण. दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

पाणिनि (२०४०). *अष्टाध्यायी.* दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

बिर्खे, अञ्जान (उल्लेख नभएको). 'समसामयिक नेपाली गजल : गजल गङ्गा'. *हाम्रो मझेरी.* वर्ष ?. अङ्क ?. पृ. त-ष ।

बिर्खे, अञ्जान (उल्लेख नभएको). 'पुष्पका गजलमा अन्तर्निहित राष्ट्रियता र मानवीय सम्वेदनाका स्वरहरू'. *जनमत.* वर्ष २५, अङ्क १. पृ. ९-१६ ।

भट्टराई, रोहिणीप्रसाद (२०२८). *बृहत् नेपाली व्याकरण.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मतिप्रसाद (२०७२). 'हाइ हाइ मोफसल वाइवाइ काठमाण्डु'. *हाम्रो मझेरी.* चितवन : हाम्रो मझेरी प्रकाशन, वर्ष ?. अङ्क ?. पृ. ? ।

रिजाल, दामोदर (२०५८). 'पदवर्ग र तिनको प्रकार्यपरक भूमिका'.*विवेक.* वर्ष १३, अङ्क ५, पृ. ८७-८९ ।

शर्मा, बालचन्द्र (२०१९) . *नेपाली शब्दककोश.* काठमाडौँ : रोयल एकेडेमी ।

शर्मा, मोहनराज (२०५५). *शब्द रचना र वर्णविन्यास : वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य.* काठमाडौँ : काठमाडौँ बुक सेन्टर ।

शर्मा, मोहनराज (२०५६). *शब्द रचना र वर्ण विन्यास.* काठमाडौँ : नवीन प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, अमरबहादुर (२०६७). 'घनश्याम न्यौपाने 'परिश्रमी'का गजलमा सामाजिक चेतनाको अध्ययन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र. चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

सिग्द्याल, सोमनाथ (२०४८). *मध्यचन्द्रिका.* बाइसौँ संस्क. ललितपुर : साझा प्रकाशन ।